सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

४ माघ २०८०, बिहीबार (18 Jan 2024, Thursday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २६९ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

प्रदेशमा समायोजन हुँदै ५४ हजार प्रहरी

१५ दिनभित्र तयारी सक्न प्रधानमन्त्रीको निर्देशन, संघीय प्रहरी ऐन र समायोजनको काम सँगसँगै अघि बढाउँदै गृह मन्त्रालय

समायोजन मन्त्रालयको प्राथमिकतामा छ



नारायणप्रसाद भट्टराई
प्रवक्ता, गृह मन्त्रालय


समायोजनको कामलाई गृह मन्त्रालयले प्राथमिकतामा राखेर गृहकार्य गरिरहेको छ। प्रहरी समायोजन ऐन पहिले नै आइसकेको छ, संघीय प्रहरी ऐनको मस्यौदा बनिसकेको छ। संघीय प्रहरी ऐन र समायोजनको कामलाई सँगसँगै अघि बढाउन लागेका छौं।

प्रहरी समायोजनमा हतार गर्नुहुन्न



राजेन्द्रसिंह भण्डारी
पूर्वएआइजी

अहिले संघीय संरचनामाथि प्रश्न बढ्दै गएको छ। यस्तो अवस्थामा प्रहरी समायोजनमा हतार गर्नुहुन्न। संरचना र अधिकारका विषय निकै महत्त्वपूर्ण छन्। यी विषयमा विस्तृत छलफल नगरी हतारमा समायोजन गरियो भने सुरक्षामा समस्या बढ्न सक्छ।



■ कुन प्रदेशमा कति समायोजन ?

नेपाल प्रहरीको ७९ हजार ५४१ दरबन्दीमा केन्द्रमा २४ हजार ८२१ र सात प्रदेशमा ५४ हजार ७२० जनशक्ति रहने

प्रदेशमा जानेलाई पाँच ग्रेड थपको प्रस्ताव

प्रदेशमा समायोजनमा जाने प्रहरीलाई पाँच ग्रेड थपको प्रोत्साहन दिन प्रहरी प्रधान कार्यालयले प्रस्ताव गरेको छ। प्रहरी समायोजन ऐनमा दुई ग्रेड थप गर्ने प्रावधान छ। 'दुई ग्रेड थपले सिनियर अफिसर प्रदेशमा जाने सम्भावना न्यून हुन्छ,' एक उच्च प्रहरी अधिकारीले भने, 'त्यसकारण कम्तीमा पाँच ग्रेड थप गर्नुपर्छ भनेर गृहमा कुरा राखेका छौं।' निजामती कर्मचारीलाई प्रदेशमा समायोजन गर्न एक तह मात्रै थप गरिएको थियो। प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले न्यूनतम पाँच ग्रेड थपेर मात्र समायोजन गर्नुपर्ने प्रस्ताव गरेका छन्। समायोजनमा जान तल्लो तहका प्रहरी इच्छुक देखिए पनि अधिकृत तहका भने समायोजनको विपक्षमा छन्। प्रदेशमा गएपछि राजनीतिक हस्तक्षेप भन् बढ्न सक्ने र आफूहरूको करिअरसमेत प्रभावित हुने उनीहरूको चिन्ता छ। हालसम्म प्रदेशमा जाने प्रहरीको वृत्तिविकासको कानुन बनिसकेको छैन।

समायोजनको प्रमुख चुनौती- दोहोरो चेन अफ कमान्ड

प्रहरी समायोजनको प्रमुख चुनौती दोहोरो चेन अफ कमान्ड भएको प्रहरी नेतृत्वको निष्कर्ष छ। प्रदेशका प्रहरी प्रमुख संघीय प्रहरीका अधिकारी हुन्छन् भने उनीहरू प्रदेश सरकारमातहत परिचालन हुनेछन्। त्यस्तै, जिल्लाका प्रहरी प्रमुख सिडिओको आदेशमा चल्नुपर्ने हुन्छ। प्रमुख जिल्ला अधिकारी संघमातहत हुनेछन्। एकै विषयमा प्रदेश सरकार र प्रमुख जिल्ला अधिकारीबाट फरक-फरक आदेश भएको खण्डमा के गर्ने भन्ने जटिलता छ। अर्कोतर्फ गम्भीर प्रकृतिका मुद्दा संघीय प्रहरीले हेर्ने उल्लेख छ। तर, प्रदेश र संघीय प्रहरीबीच समन्वय नभएमा समस्या हुन सक्छ। 'कुनै अपराध संगठित प्रकृतिको देखियो, तर प्रदेश सरकारले संगठित अपराधमा लैजान चाहेन भने के गर्ने, यस्ता विषय टुंग्याउनु जरुरी छ,' एक प्रहरी अधिकारीले भने। संगठित अपराधका कसुर संघीय प्रहरीले हेर्ने उल्लेख छ।

■ डिएसपीसम्मका प्रहरी समायोजन हुने

केन्द्रमा फर्किने प्रावधान नहुँदा सिनियर अधिकृतहरू अनिच्छुक

प्रहरी समायोजन ऐन, २०७६ अनुसार प्रहरी नायब उपरीक्षक (डिएसपी) र त्यसभन्दा तल्लो तहका प्रहरीलाई प्रदेशमा समायोजन गरिनेछ। तर, प्रदेशमा समायोजन भएका प्रहरी केन्द्रमा फर्कने पाउने/नपाउने कानुनी प्रस्टता छैन। वृत्तिविकासको अन्योलताका कारण इन्स्पेक्टर र डिएसपी तहका प्रहरी समायोजनमा जान अनिच्छुक छन्। प्रहरी प्रधान कार्यालयले इन्स्पेक्टरभन्दा तल्लो तहका प्रहरीलाई मात्र प्रदेशमा समायोजनको प्रस्ताव गरेको थियो। तर, प्रदेश सरकारहरूले नमानेपछि डिएसपीसम्म समायोजन गर्न लागिएको हो। प्रदेशमा समायोजन भएका अधिकृतहरू बढीमा एसएसपीसम्म मात्र पुग्ने अहिलेको कानुनी प्रावधान छ। प्रहरी निरीक्षकमा भर्ना भएर प्रदेशमा एसएसपीसम्म मात्र पुग्ने भएपछि समायोजनप्रति सिनियर अधिकृत सकारात्मक छैनन्।

गृह मन्त्रालयले प्रदेशमा समायोजन भएकालाई पनि कुनै माध्यमबाट केन्द्रमा आउन दिने व्यवस्था गर्नेबारे छलफल भने गरिरहेको छ। हाल छलफलकै क्रममा रहेको संघीय प्रहरी ऐनको मस्यौदामा विभिन्न विकल्पमा परामर्श भइरहेको छ। आन्तरिक प्रतिस्पर्धा वा स्टाफ कलेजमा केही सिट दिएर प्रदेशमा समायोजन भएका अधिकृतलाई संघीय प्रहरीमा आउने बाटो खोल्नेबारे छलफल भइरहेको गृह मन्त्रालयका एक अधिकारी बताउँछन्। समायोजनमा जाँदा ३० वर्षे सेवाहद पनि हटाउने सहमति भएको छ। तर, कहिलेदेखि लागू हुने भन्ने अन्योल छ। सेवाहद हट्ने/नहट्ने विषयले पनि धेरै प्रहरीको वृत्तिविकास प्रभावित हुने भएकाले समायोजनअघि नै यी विषय टुंग्याउनुपर्ने प्रहरी अधिकारी बताउँछन्।

नवराज मैनाली/नयाँ पत्रिका

संविधान जारी भएको आठ वर्षपछि बल्ल सरकारले प्रहरी समायोजनको कामलाई अघि बढाएको छ। गृह मन्त्रालयले एक महिनाभित्रै प्रहरी समायोजनको काम सुरु हुने गरी तयारी थालेको हो।

प्रदेश प्रहरी डिआइजीको कमान्डमा

बुधबार प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को नेतृत्वमा प्रहरी समायोजनसम्बन्धी छलफल भएको छ। छलफलमा प्रधानमन्त्रीले समायोजनको तयारी १५ दिनभित्र सक्न निर्देशन दिएका छन्।

संघीय प्रहरी ऐन नआउँदा समायोजनको काम रोकिँदै आएकोमा गृह मन्त्रालयले प्रहरीसँग छलफल गरी

» पृष्ठ २ मा क्रमशः

■ फर्जी लाइसेन्समा मन्त्रालयको छानबिन समितिको निष्कर्ष

प्रणालीदेखि विभाग र कर्मचारीसम्मको भूमिका शंकास्पद



सुवास भट्ट/नयाँ पत्रिका

लिखित परीक्षा र ट्रायलविना नै एक लाख दुई हजार सवारी लाइसेन्स जारी भएको घटनामा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले पनि बदमासी भएको ठहर गरेको छ। मन्त्रालयले पुस दोस्रो साता सिडिई सुरेश श्रेष्ठको संयोजकत्वमा शाखा अधिकृत कमल पन्थी र कम्प्युटर इन्जिनियर दिनेश अधिकारी सम्मिलित समिति गठन गरेको थियो। समितिले प्रणालीदेखि विभाग र कार्यालयका कर्मचारीको भूमिका शंकास्पद रहेको निष्कर्षसहितको प्रतिवेदन तयार गरी मन्त्रालयमा

» पृष्ठ २ मा क्रमशः

शिक्षा विधेयकमा सुझाव बटुल्दै समिति, सबैका माग सम्बोधन गर्न कठिन

सरोकारवालाका चासैचासोले भविष्यको पुस्ता निर्माण गर्ने शिक्षा ऐन दीर्घकालीन लक्ष्य हासिल गर्ने गरी बनाउन बाधा

शिवहरि घिमिरे/नयाँ पत्रिका

पुरानो ऐन संशोधनका लागि आएको विद्यालय शिक्षा विधेयकमाथिको संसदीय छलफल पेचिलो बनेको छ। सरोकारवालाको भिन्नभिन्न विषयले संसदीय समितिमा सांसदहरू नै अलमलमा परेका छन्।

हाल प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा छलफलको चरणमा रहेको विधेयकमा सरोकारवालाको आमअसहमति छ। विज्ञहरूले पनि विधेयक व्यावहारिक नरहेको टिप्पणी गर्दा विधायिकी चरण जटिल बन्दै गएको छ। तर, सरकार विधेयक फिर्ता वा पुनर्लेखनको पक्षमा छैन।

'आज एउटाको कुरा सुन्यो हो जस्तो लाग्ने, भोलि अर्को पक्षको

» पृष्ठ २ मा क्रमशः

सांसदहरू नै अलमलमा



सरोकारवालाको भिन्नभिन्न विषयले संसदीय समितिमा सांसदहरू नै अलमलमा परेका छन्। 'आज एउटाको कुरा सुन्यो हो जस्तो लाग्ने, भोलि अर्को पक्षको सुन्यो त्यही राम्रो लाग्ने भयो,' सांसद सुमना श्रेष्ठ भन्छिन्, 'विद्यालय शिक्षाको सैद्धान्तिक अवधारणा नै क्लियर नगरी, समिति स्पष्ट नभई सरोकारवाला र विज्ञसँग छलफलमा जाँदा अलमलको अवस्था भयो।'

रास्वपाले टुंग्यायो दबाब यात्रा गर्ने अलपत्र २७ आयोजना

काठमाडौं/ रास्वपाले भौतिक विकासका रुग्ण र अलपत्र परेका आयोजनाबारे सरकारको ध्यानाकर्षण गराउन दबाबमूलक कार्यक्रम गर्ने निर्णय गरेको छ। विकास आयोजनामा भइरहेको ढिलाइबारे नागरिकलाई सचेतना र सरकारलाई खबरदारी दिने अभियानलाई रास्वपाले मिसन ८० को अभियानअन्तर्गत राख्ने निर्णय गरेको हो।

नारायणगढ-बुटवल सडकखण्डमा सभापति रवि लामिछानेसहितका सांसद तीन दिन हिँडेर दबाब यात्रा गरेको रास्वपाको बुधबार बसेको केन्द्रीय समितिको बैठकले यसलाई निरन्तरता दिने निर्णय गरेको हो। दबाब यात्राका लागि ५० अलपत्र र ढिलासुस्तीका विकास आयोजना प्रस्तावित गरिएका थिए। जसमध्ये २७ विकास आयोजना छनोट गरिएको रास्वपाका सहमहामन्त्री कवीन्द्र बुर्लाकोटीले जानकारी दिए।

दबाब कार्यक्रम गर्नुपर्ने सम्भावित आयोजनामा गल्छी-त्रिशूली-मैलुङ-स्याफ्रुबेंसी-रसुवागढी सडक (दुई खण्ड), मेलम्ची खानेपानी आयोजना, ११ किलो-छेपेटार-भालुस्वारा-बारपाक सडक, टनकपुर लिंकरोड, हुलाकी राजमार्ग (बेलौरी-पचुई क्षेत्र), भेडेटार-रवि-राँके सडक, कमला पुल, जनकपुर परिक्रमा सडक, दमौली-पोखरा सडकखण्ड, गौतम बुद्ध/पोखरा विमानस्थललगायत आयोजना छन्। 'पटकपटक म्याद थप गरेर पनि ढिलाइ भएका र जनताले सास्ती पाएका विकास योजनामा दबाब

» पृष्ठ २ मा क्रमशः

उपत्यकाका ५७ विद्यालय, स्वास्थ्य संस्था, सरकारी भवन र पुल भूकम्पको उच्च जोखिममा



पुनर्निर्माण गर्न सरकारी अध्ययनको सिफारिस, लागत तीन अर्ब ६० करोड ६९ लाख (विस्तृत पृष्ठ ३)

युवा पलायनको मनोविज्ञान



सम्पन्नता र प्रतिष्ठा नै विदेश जानुमा छ भन्ने युवा मनोविज्ञानले गाउँ मात्र होइन, सहर र देशै रित्तिने खतरा देखिन्छ

(श्रीराम न्यौपानेको अग्रलेख पृष्ठ ४)

■ सरकारको एकीकृत वित्तीय विवरण-आर्थिक वर्ष ०७९/८०



तीनै तहका सरकारको आम्दानीभन्दा डेढ खर्ब बढी खर्च


(विस्तृत पृष्ठ ६)

■ प्रधानमन्त्री कप एकदिवसीय क्रिकेट



दोस्रो दिन पनि सूर्यकै सनसनी

(विस्तृत पृष्ठ ८)





प्रदेशमा...

पृष्ठ १ बाट क्रमशः

ऐनको मस्यौदा तयार पारिसकेको छ । गृह मन्त्रालयका प्रवक्ता नारायणप्रसाद भट्टराई संघीय प्रहरी ऐन निर्माण प्रक्रियासँगै समायोजनको काम पनि सुरु गर्न लागेको बताउँछन् । 'प्रहरी समायोजनको कामलाई गृह मन्त्रालयले प्राथमिकतामा राखेर गृहकार्य गरिरहेको छ । प्रहरी समायोजन ऐन पहिले नै आइसकेको छ, संघीय प्रहरी ऐनको मस्यौदा बनिसकेको छ,' उनले भने, 'हामीले संघीय प्रहरी ऐन र समायोजनको कामलाई सँगसँगै अघि बढाउन लागेका छौँ ।' तर, प्रहरी ऐनका साथै समायोजनसम्बन्धी धेरै कार्यविधिसमेत निर्माण भएका छैनन् । बुधबारको छलफलमा प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले समायोजनका लागि प्रहरी तयार रहेको, तर हालका केही प्रावधान संशोधन गरिनुपर्ने प्रस्ताव गरेका छन् । राष्ट्रिय सुरक्षामा चुनौती जोखिम नबढ्ने गरी समायोजन गरिनुपर्ने उनको भनाइ थियो ।

स्रोतका अनुसार नयाँ प्रहरी ऐनका साथै समायोजन र सुपरिवेक्षणसम्बन्धी ऐन पनि संशोधन गर्नेबारे गृहले छलफल गरिरहेको छ । छिटो समायोजन गर्न अध्यादेशबाट भए पनि नयाँ ऐन ल्याउनेबारे छलफल भइरहेको छ । तर, प्रहरी नेतृत्व भने समायोजनबाट सुरक्षामा चुनौती थपिन सक्ने भएकाले संघलाई अधिकार बढाएर मात्र समायोजनमा जानुपर्ने पक्षमा छ । प्रदेश सरकारको निरन्तर दबाबपछि सरकारले प्रहरी समायोजनको काम अघि बढाउन लागेको हो । यद्यपि, समायोजनपछि प्रहरीमा झन् राजनीतिक हस्तक्षेप बढ्न सक्ने, केन्द्र र प्रदेश प्रहरीबीच टकराव हुन सक्ने भएकाले सुरक्षामा चुनौती थपिन सक्ने जोखिम रहेको पूर्वप्रहरी अधिकारी बताउँछन् ।

पूर्वएआइजी राजेन्द्रसिंह भण्डारी संरचना र अधिकारको विषय टुंगो नलगाई समायोजनमा हतार गर्न नहुने बताउँछन् । 'अहिले संघीयताको संरचनामाथि नै प्रश्न उठिरहेको छ,' उनी भन्छन्, 'संघीय प्रहरी ऐन आएकै छैन, यस्तो वेलामा हतारमा समायोजन गर्दा प्रहरी संगठनमा दुरगामी असर पार्न सक्छ ।'

पूर्वडिआइजी रमेश खरेल त प्रहरीलाई समायोजनमै लैजान नहुने तर्क गर्छन् । समायोजनमा जाँदा एक-अर्को प्रदेशका प्रहरीबीच मनमुटाव बढ्ने र त्यसले झन् सुरक्षा चुनौती बढ्ने उनको भनाइ छ । निजामती कर्मचारीको ६ वर्षअघि नै समायोजन भए पनि अहिलेसम्म उनीहरूको वृत्ति विकाससम्बन्धी कानुन बन्न सकेको छैन । जसले गर्दा निजामती प्रशासन अस्तव्यस्त छ । कर्मचारी समायोजन गर्दाको गल्ती प्रहरी समायोजनमा दोहोऱ्याउन नहुने गृहका अधिकारी बताउँछन् ।

सरकारले केन्द्र र प्रदेशमा रहने प्रहरी दरबन्दीको टुंगो चार वर्षअघि नै लगाइसकेको थियो । ७९ हजार पाँच सय ४१ दरबन्दीमा नेपाल प्रहरीमा २४ हजार आठ सय २१ र सात प्रदेशमा ५४ हजार सात सय २० जनशक्ति रहनेछ । समायोजनका लागि गृह मन्त्रालयले सफ्टवेयरसमेत बनाइसकेको छ । ऐनले कार्यरत पदको जेष्ठता, कम्तीमा एक वर्षदेखि कार्यरत प्रदेश, स्थायी बसोवासको ठेगाना, नागरिकतामा उल्लेख ठेगाना र उमेरको जेष्ठता गरी पाँच आधारमा समायोजन गर्ने उल्लेख गरेको छ । अनलाइनबाट आवेदन लिई यिनै पाँच आधारमा सफ्टवेयरमार्फत नै कुन प्रहरीलाई कुन प्रदेश वा संघमा समायोजन गर्ने टुंगो लाग्नेछ ।

केन्द्रीय राजधानी र राजमार्ग सुरक्षामा नेपाल प्रहरी

प्रहरी समायोजनपछि केन्द्रीय राजधानी र राष्ट्रिय राजमार्गको सुरक्षाको जिम्मेवारी केन्द्रीय प्रहरीले पाउने भएको छ । नेपाल प्रहरी र प्रदेश प्रहरीले सम्पादन गर्ने कार्यको सञ्चालन, सुपरिवेक्षण र समन्वयसम्बन्धी ऐनमा केन्द्रीय राजधानी र राजमार्गको सुरक्षा नेपाल प्रहरीले हेर्ने भनिएको छ । त्यस्तै, विदेशी दूतावासमा खटिने प्रहरीका लागि पनि छुट्टै गण स्थापना हुनेछ । राष्ट्रिय विमानस्थलको सुरक्षा प्रदेश तथा अन्तर्राष्ट्रिय विमानस्थलको सुरक्षा भने केन्द्रीय प्रहरीको जिम्मेवारी हुने भएको छ ।

नेपाल प्रहरी र प्रदेश प्रहरी कार्य सञ्चालन, सुपरिवेक्षण तथा समन्वय ऐन, २०७६ ले गम्भीर किसिमका अपराधको अनुसन्धान नेपाल प्रहरीले गर्ने उल्लेख छ । जसमा राज्यविरुद्धको कसुर, नागरिकता र राहदानीसम्बन्धी कसुर, संगठित अपराधसम्बन्धी कसुर, आतंकवादसम्बन्धी कसुर, मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी तथा साइबर अपराध प्रहरीले अनुसन्धान गर्ने उल्लेख छ । त्यस्तै, एकभन्दा धेरै प्रदेशको क्षेत्राधिकार हुने कसुर, सीमापार अपराध र प्रदेश प्रहरीले अनुरोध गरी पठाएका कसुरमा संघीय प्रहरीले अनुसन्धान गर्ने उल्लेख छ ।

प्रहरीको चासो नेपाल प्रहरी र प्रदेश प्रहरी कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय ऐन, २०७६ को दफा १३ मा छ । जुन संशोधन नभए राष्ट्रिय सुरक्षामै जोखिम हुन सक्ने उच्च प्रहरी अधिकारी बताउँछन् । उक्त दफामा कुनै प्रदेशमा गम्भीर अशान्ति भए प्रदेश सरकारले नेपाल सरकारलाई अनुरोध गर्न सक्ने उल्लेख छ । तर, संघ सरकार र प्रदेश सरकारबीच राम्रो सम्बन्ध नभएको अवस्थामा गम्भीर अशान्ति भएमा पनि संघमातहतको प्रहरीलाई अनुरोध नगर्न सक्ने त्यस्तो अवस्थामा राष्ट्रिय सुरक्षा र अखण्डतामै जोखिम आउन सक्ने भएकाले यसलाई संशोधन गर्न माग गरिएको छ । गम्भीर अशान्तिको अवस्थामा केन्द्र सरकारबाट सीधै हस्तक्षेप गर्न सक्ने प्रावधान राख्न प्रस्ताव गरिएको छ ।

एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलको ऋणीहरूलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतिस) दिने सूचना

(प्रकाशित मितिः २०८०/१०/०४ को नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरूले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरू तिर्न बुझाउनका लागि पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देजहरूको उल्लंघन गर्न भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सुचना प्रकाशित गरिएको छ । यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीले लिएको ऋणकर्जाको सम्पुर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरू समेत चुक्ता भुक्तान गर्नुहोला । उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणीको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू लिलाम बिक्री गरी यस बैंकको लेना रकम असुल उपर गरिनेछ । कथंकदाचित लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असुल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानुन बमोजिम अन्य कानुनी कारवाहीहरूको प्रकृया थालनी गरिने ब्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत जमानतकर्ताहरू तथा धितो जमानी दिनु हुने महानुभावहरूलाई समेत यसै सुचनाद्वारा जानकारी गराउँदछौं ।

तपसिल

क्र.स.	कर्जा शिर्षक	ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरूको नाम र ठेगाना	धितो लेखिदिएको सम्पत्तिको विवरण
१.	१. ओभरड्राफ्ट २. डिमाण्ड कर्जा	**ऋणीको नामः रंजित सप्लायर्स एण्ड ट्रेडर्स** (नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, विभागमा दर्ता रहेको) दर्ता नं.: २७२२ दर्ता मितिः २०६९/०९/०५ स्थायी लेखा नं.: ६००८६६२२० ठेगानाः सिराहा जिल्ला, सुखीपुर गा.वि.स., वडा नं. २ हाल परिवर्तित सिराहा जिल्ला, सुखीपुर न.पा. वडा नं. १ । **प्रोप्राईटरः** **रंजित पंजियार** ना.प्र.प.नं. (जारी मिति/स्थान): ९०८३४०६०(२०५९/०१/०६/सिराहा) बाजेको नामः नारायण पंजियार बाबको नामः प्रभू पंजियार ठेगानाः सिराहा जिल्ला, सुखीपुर गा.वि.स., वडा नं. ३ । **व्यक्तिगत जमानतकर्ताः** **कमलेश कुमारी साह** ना.प्र.प.नं. (जारी मिति/स्थान): ०२३३३९५ (२०५८/०२/१८/सिराहा) बाबुको नामः उमा साहु सुडी ससुराको नामः प्रभु पंजियार पतिको नामः रंजित पंजियार ठेगानाः सिराहा जिल्ला, हरकट्टी गा.वि.स., वडा नं. ३ ।	नारायण पंजियारको नाति, प्रभू पंजियारको छोरा सिराहा जिल्ला, सुखीपुर गा.वि.स., वडा नं. ३ बस्ने रंजित पंजियारको नाममा मालपोत कार्यालय सिराहाको लगतमा दर्ता श्रेष्ता कायम रहेको निम्नानुसारको सम्पत्तिहरू: (क) सिराहा जिल्ला, सुखीपुर गा.वि.स./न.पा., वडा नं.८/क स्थित कि.न. ६५५ को क्षेत्रफल ०-०-१०-० को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । (ख) सिराहा जिल्ला, सुखीपुर गा.वि.स./न.पा., वडा नं. ७ स्थित कि. नं. ६०२ को क्षेत्रफल ०-०-८-० को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
२.	सम्पत्ती धितो कर्जा	**ऋणीको नामः रंजित पंजियार** ना.प्र.प.नं. (जारी मिति/स्थान): ९०८३४०६० (२०५९/०१/०६/सिराहा) बाजेको नामः नारायण पंजियार बाबुको नामः प्रभू पंजियार ठेगानाः सिराहा जिल्ला, सुखीपुर गा.वि.स., वडा नं. ३ **व्यक्तिगत जमानतकर्ताः** **कमलेश कुमारी साह** ना.प्र.प.नं. (जारी मिति/स्थान): ०२३३३९५ (२०५८/०२/१८/सिराहा) बाबुको नामः उमा साहु सुडी ससुराको नामः प्रभु पंजियार पतिको नामः रंजित पंजियार ठेगानाः सिराहा जिल्ला, हरकट्टी गा.वि.स., वडा नं. ३ ।	नारायण पंजियारको नाति, प्रभू पंजियारको छोरा सिराहा जिल्ला, सुखीपुर गा.वि.स., वडा नं. ३ बस्ने **रंजित पंजियार**को नाममा मालपोत कार्यालय सिराहाको लगतमा दर्ता श्रेष्ता कायम रहेको सिराहा जिल्ला, सुखीपुर गा.वि.स./न.पा. वडा नं. ७ स्थित कि.नं. ३३५७, ३३६४, ३३६६,३३६८ र ५५ को क्षेत्रफल क्रमश ०-०-१८, ०-२-५१/४ , ०-१-१२-०, ०-०-१८ र ०-५-१५-० को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
३.	ओभरड्राफ्ट	**ऋणीको नामः अजय गल्ला भण्डार** (नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागमा दर्ता रहेको) दर्ता नं.: २५२२/०६८ दर्ता मिति : २०६८/०८/०८ स्थायी लेखा नं.: ३०५२९७९३४ ठेगानाः कपिलवस्तु जिल्ला, पतरिया गा.वि.स वडा नं. ४ हाल परिवर्तित कपिलवस्तु जिल्ला, शुद्दोधन न.पा. वडा नं. १ । **प्रोप्राईटरः** **राम करन यादव** ना.प्र.प.नं. (जारी मिति/स्थान): ४०७९७ (२०५९/०१/२२/कपिलवस्तु) बाजेको नामः राम वरन यादव बाबुको नामः छोटेलाल यादव ठेगानाः कपिलवस्तु जिल्ला, पतरिया गा.वि.स., वडा नं. ४ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, बाणगंगा न.पा., वडा नं. १० । **व्यक्तिगत जमानतकर्ताहरूः** **१. सुमित्रा यादव** ना.प्र.प.नं. (जारी मिति/स्थान):३८३००५/३६० (२०६३/११/०६/कपिलवस्तु) बाबुको नामः किशोरी यादव ससुराको नामः छोटेलाल यादव पतिको नामः राम करन यादव ठेगानाः कपिलवस्तु जिल्ला,पतरिया गा.वि.स., वडा नं. ४ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, बाणगंगा न.पा., वडा नं. १० । **२. केवल पाती** ना.प्र.प.नं (जारी मिति/स्थान): २४३५ (२०४३/०९/१६/कपिलवस्तु) बाबुको नामः लोकई यादव ससुराको नामः राम वरन यादव पतिको नामः छोटेलाल यादव ठेगानाः कपिलवस्तु जिल्ला,पटना गा.वि.स., वडा नं.६ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, बाणगंगा न.पा., वडा नं. १० ।	लोकई यादवको छोरी,राम वरन यादवको बुहारी, छोटेलाल यादवको पत्नि, कपिलवस्तु जिल्ला,पटना गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, बाणगंगा न.पा., वडा नं. १० बस्ने **केवल पाती**को नाममा मालपोत कार्यालय तौलिहवा, कपिलवस्तुको लगतमा दर्ता श्रेष्ता कायम रहेको निम्नानुसार को सम्पत्तिहरू: (क) कपिलवस्तु जिल्ला,पतरिया गा.वि.स./न.पा., वडा नं. १/ख स्थित कि.न. ७८९ को क्षेत्रफल ०-५-१५१/२ को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । (ख) कपिलवस्तु जिल्ला,पतरिया गा.वि.स./न.पा., वडा नं. १/क स्थित कि.न. २९६ को क्षेत्रफल ०-०-१४-० को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । (ग) कपिलवस्तु जिल्ला,पतरिया गा.वि.स./न.पा., वडा नं. ६/ख स्थित कि.न. ३०५ को क्षेत्रफल ०-१-१-० को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
४.	आवधिक कर्जा	**ऋणीको नामः सुमित्रा यादव** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३८३००५/३६० (२०६३/११/०६/कपिलवस्तु) बाबुको नामः किशोरी यादव ससुराको नामः छोटेलाल यादव पतिको नामः राम करन यादव ठेगानाः कपिलवस्तु जिल्ला, पतरिया गा.वि.स., वडा नं. ४ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, बाणगंगा न.पा., वडा नं. १० । **व्यक्तिगत जमानतकर्ताहरूः** **१. राम करन यादव** ना.प्र.प.नं. (जारी मिति/स्थान): ४०७९७ (२०५९/०१/२२/कपिलवस्तु) बाजेको नामः राम वरन यादव बाबुको नामः छोटेलाल यादव ठेगानाः कपिलवस्तु जिल्ला,पतरिया गा.वि.स., वडा नं. ४ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, बाणगंगा न.पा., वडा नं. १० । **२. केवल पाती** ना.प्र.प.नं (जारी मिति/स्थान): २४३५ (२०४३/०९/१६/कपिलवस्तु) बाबुको नामः लोकई यादव ससुराको नामः राम वरन यादव पतिको नामः छोटेलाल यादव ठेगानाः कपिलवस्तु जिल्ला, पटना गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, बाणगंगा न.पा., वडा नं. १० ।	
५.	क्रेडिट कार्ड	**ऋणीको नामः राम करन यादव** ना.प्र.प.नं. (जारी मिति/स्थान): ४०७९७ (२०५९/०१/२२/कपिलवस्तु) बाजेको नामः राम वरन यादव बाबुको नामः छोटेलाल यादव ठेगानाः कपिलवस्तु जिल्ला, पतरिया गा.वि.स., वडा नं. ४ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, बाणगंगा न.पा., वडा नं. १० ।	
६.	ओभरड्राफ्ट सुविधा	**ऋणीको नामः सुनिता स्टोर** (नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागमा दर्ता रहेको) दर्ता नं.: १८७१४ (क)/०७०/७१ दर्ता मितिः २०७०/०५/२७ स्थायी लेखा नं.: ६१४६८३०१७ ठेगानाः कैलाली जिल्ला, धनगढी उ.म.न.पा., वडा नं. ७ । **प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः** **सुनिता कुमारी वि.क. (राना)** ना.प्र.प.नं. (जारी मिति/स्थान): ६७१०२०/१११६० (२०६६/०६/२१/कैलाली) बाबुको नामः जोगी वि. क. ससुराको नामः रम सिं राना पतिको नामः साधु राम राना ठेगानाः कैलाली जिल्ला, धनगढी उ.म.न.पा., वडा नं. ७ । **व्यक्तिगत जमानतकर्ताहरूः** **१. साधु राम राना** ना.प्र.प.नं (जारी मिति/स्थान): १५४३१ (२०५५/१२/२७/कैलाली) बाजेको नामः छिदा राना बाबुको नामः रम सिं राना ठेगानाः कैलाली जिल्ला, धनगढी उ.म.न.पा., वडा नं. ७ । **२. रमेश राना** ना.प्र.प.नं. (जारी मिति/स्थान): ६७-०१-७६-०३४६३ (२०७६/०३/२९/कैलाली) बाजेको नामः रम सिं राना बाबुको नामः साधु राम राना ठेगानाः कैलाली जिल्ला, धनगढी उ.म.न.पा., वडा नं. ७ । **३. प्रेम राना** ना.प्र.प.नं (जारी मिति/स्थान): ६७-०१-७३-०२५५२ (२०७३/०२/२५/कैलाली) बाजेको नामः रम सिं राना बाबुको नामः साधु राम राना ठेगानाः कैलाली जिल्ला, धनगढी उ.म.न.पा., वडा नं. ७ ।	१. छिदा रानाको नाति, रम सिं रानाको छोरा, कैलाली जिल्ला, धनगढी उ.म.न.पा., वडा नं. ७ बस्ने **साधु राम राना**को नाममा मालपोत कार्यालय धनगढी, कैलालीको लगतमा दर्ता श्रेष्ता कायम रहेको कैलाली जिल्ला, धनगढी न.पा., वडा नं. ७ स्थित कि.न. ५२६ को क्षेत्रफल ६७८.०० ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । २. ऋणीले धनी बैंकको नाममा लेखिदिएको हाईपोथिकेशन अन्तर्गत मालसामान तथा आय प्राप्तिको धितो सुरक्षण सम्बन्धी लिखत ।

NMB BANK
एनएमबि बैंक
समृद्ध नेपालको लागि

A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands

Member of : Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौ
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

शिक्षा विधेयकमा...

पृष्ठ १ बाट क्रमशः

सुन्यो त्यही राम्रो लाग्ने भयो,' सांसद सुमना श्रेष्ठ भन्छिन्, 'विद्यालय शिक्षाको सैद्धान्तिक अवधारणा नै क्लियर नगरी, समिति स्पष्ट नभई सरोकारवाला र विज्ञसँग छलफलमा जाँदा अलमलको अवस्था भयो ।'

२७ भदौमा संसद् सचिवालयमा दर्ता भएर 'विद्यालय शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक' सार्वजनिक भएपछि शिक्षकहरू आन्दोलित नै भए । सरकारले शिक्षकका सरोकार विधेयकमा समेट्ने भन्दै ६ बुँदे सहमति गरेर थामथुम पारेको थियो । त्यसयता विधेयकमाथि अनेक कोणबाट बहस भइरहेको छ । महिना दिनयता विधेयकमा छलफल चलाइरहेको शिक्षा समितिमा उपस्थित सरोकारवाला तथा विज्ञहरूको सुझाव हेर्दा यो ऐन बन्न चुनौती देखिन्छ । कानुन बनाउन आवश्यक राज्यको नीति तथा संविधान र सरोकारवालाको मागको बीचमा तालमेल नहुँदा संसदीय समितिको छलफल निष्कर्षतिर जानेभन्दा पनि अन्योलता बढाउनेतर्फ गएको छ । मुलुकका लागि भविष्यको पुस्ता निर्माण गर्ने विद्यालय शिक्षा सञ्चालन गर्ने ऐन दीर्घकालीन लक्ष्य हासिल गर्ने गरी बनाउनुपर्ने सुझाव विज्ञहरूबाट आएको छ ।

यसैक्रममा बुधबारको छलफलमा शिक्षाविद्हरूले विधेयकलाई टालटुल नपार्न र पुनर्लेखन गर्न सुझाव दिएका छन् । छलफलमा शिक्षाविद् विद्यानाथ कोइराला, ब्रजेश पन्त, विजय कसियतलगायतको उपस्थिति थियो । छलफलका क्रममा शिक्षाविद् कोइरालाले टालटुल नपार्न र पुनर्लेखन गर्न सुझाव दिए । 'यसलाई टालटुल पारेर हुँदैन, पुनर्लेखन नै आवश्यक छ, ऐनमा भोलिको विद्यार्थीलाई पढाउने शिक्षक सुविधा, हौसला र उसको गुणस्तरीयताबारे प्रस्ट तोकिनुपर्छ,' उनले भने, 'पालिकालाई दिने शिक्षाको अधिकार र लगानी स्पष्ट तोकिनुपर्छ, व्यावसायिक शिक्षाको नाममा हुने नौटंकी बन्द गर्नुपर्छ, प्राविधिक र व्यावसायिक शिक्षालाई फरक ढंगले व्याख्या गरिनुपर्छ, शिक्षकले राजनीती गर्न नमिल्ने गरी ऐन निर्माण हुनुपर्छ ।'

■ पुनर्लेखन गर्न शिक्षाविद्को सुझाव

शिक्षाविद्हरूले विधेयकलाई टालटुल नपार्न र पुनर्लेखन गर्न सुझाव दिएका छन् । शिक्षाविद् विद्यानाथ कोइरालाले टालटुल नपार्न र पुनर्लेखन गर्न सुझाव दिए ।'यसलाई टालटुल पारेर हुँदैन, पुनर्लेखन नै आवश्यक छ, ऐनमा भोलिको विद्यार्थीलाई पढाउने शिक्षक सुविधा, हौसला र उसको गुणस्तरीयताबारे प्रस्ट तोकिनुपर्छ,' उनले भने, 'पालिकालाई दिने शिक्षाको अधिकार र लगानी स्पष्ट तोकिनुपर्छ, व्यावसायिक शिक्षाको नाममा हुने नौटंकी बन्द गर्नुपर्छ, प्राविधिक र व्यावसायिक शिक्षालाई फरक ढंगले व्याख्या गरिनुपर्छ, शिक्षकले दलीयता र राजनीतीकरण गर्न नमिल्ने गरी ऐन निर्माण हुनुपर्छ ।'

■ एसइई खारेज नगर्न बोर्डको सुझाव

राष्ट्रिय परीक्षा बोर्डले माध्यमिक शिक्षा परीक्षा (एसइई) खारेज गर्ने प्रावधान नहटाउन सुझाव दिएको छ । बोर्डका अध्यक्ष महाश्रम शर्माले भने, 'एसइई खारेज हुनुहुँदैन, बरु यसलाई व्यवस्थित गर्नुपर्छ, यसलाई केन्द्रीकृत नगरी प्रादेशिक रूपमा सञ्चालन गर्न सकिन्छ । तर, एसइई नै हटाउनु राम्रो होइन ।'

■ निजी र सामुदायिक विद्यालयले दिए अधिकांश दफा सच्याउन सुझाव

निजी तथा सामुदायिक विद्यालयका संघसंस्थाले विधेयकको नामदेखि अधिकांश दफा सच्याउन सुझाव दिएका छन् । निजी विद्यालयका प्रतिनिधिले विधेयकमा शिक्षाको गुणस्तरबारेका बुँदा कम भएको, पाठ्यक्रम, अनुगमन र परीक्षाबाहेकका अधिकारमा निजी विद्यालयलाई स्वायत्तता दिनुपर्ने, विदेशी विद्यार्थीका लागि सहज व्यवस्था गर्नुपर्ने, गुठीमा लैजान नहुनेलगायत सुझाव दिएका छन् ।

■ विद्यार्थी संगठनका सुझाव तथा माग

विद्यार्थी संगठनहरूले सार्वजनिक विद्यालयको शैक्षिक क्षमता सुधार गर्नुपर्ने, सार्वजनिक पदमा बसेको व्यक्तिका छोराछोरी सरकारी विद्यालयमा पढ्नुपर्ने, निजी लगानीमा विद्यालय खोल्न बन्देज लगाउनुपर्ने, उच्च शिक्षासम्म निःशुल्क हुनुपर्ने र आधारभूत तहसम्मको शिक्षा अनिवार्य गर्नुपर्ने सुझाव दिएका छन् ।

प्रणालीदेखि...

पृष्ठ १ बाट क्रमशः

बुझाएको हो । यसअघि यातायात व्यवस्था विभागको छानबिनले एक लाख दुई हजार सात सय ११ फर्जी लाइसेन्स जारी भएको निष्कर्ष निकालेको थियो । विभागको छानबिन समितिले थप छानबिन गर्नुपर्ने रायसहितको प्रतिवेदन बुझाएको थियो ।

गैरकानुनी रूपमा सवारी लाइसेन्स जारी भएको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेपछि अख्तियारले यस विषयमा छानबिन गरी प्रतिवेदन पेस गर्न मन्त्रालयलाई पत्राचार गरेको थियो । अख्तियारकै पत्राचारका आधारमा मन्त्रालयले छानबिन समिति गठन गरेको थियो । समितिले पेस गरेको प्रतिवेदन अख्तियारमा बुझाउने मन्त्रालयको तयारी छ ।

करिब तीन साता लामो अवधिमा समितिले लाइसेन्सका सम्बन्धमा भए-देखिएका विषयहरूमा केन्द्रित भएर अध्ययन गरेको थियो । यसक्रममा समितिले विभागसँग छलफल र समन्वयसमेत गरेको थियो । उजुरी, लाइसेन्सका सम्बन्धमा देखिएको प्रवृत्ति, लाइसेन्स जारी गर्ने विद्यमान प्रक्रिया, हालको अवस्था, प्राप्त कागजात तथा प्रमाण र विभागसँगको छलफलसमेतका आधारमा समितिले प्रतिवेदन तयार गरेको छ । 'छानबिनबाट लाइसेन्समा बदमासी भएको देखिएको छ,' स्रोत भन्छ । यस सम्बन्धमा प्राविधिक र विज्ञसहितको सहभागितामा थप छानबिन गर्नुपर्ने औँल्याएको छ । यसअघि विभागले तयार गरेको प्रतिवेदन अख्तियार, सिआइबी र मन्त्रालयमा बुझाएको छ भने हाल मन्त्रालयले तयार गरेको प्रतिवेदन अख्तियारमा बुझाउने तयारी भएको छ । विभागको प्रतिवेदन प्राप्त भएपछि अख्तियारले यस सम्बन्धमा विभागबाट कागजपत्र लगेर अनुसन्धान गरिरहेको छ ।

छानबिन समितिले सवारी लाइसेन्स जारी गर्ने प्रणालीमै समस्या रहेको औँल्याएको छ । सवारी लाइसेन्सका लागि विभागले अहिले इलेक्ट्रोनिक ड्राइभिङ लाइसेन्स एन्ड भेहिकल रेजिस्ट्रेसन सिस्टम (इडिभिएलआरएस) प्रणाली अपनाएको छ । एसियाली विकास बैंकको अनुदानमा सञ्चालन भएको सूचना तथा सञ्चार प्रविधि विकास आयोजनाअन्तर्गत यातायात व्यवस्था विभाग र मद्रास सेक्युरिटी प्रिन्टर्स प्रालि (इन्डिया)बीच १८ असोज ०७० मा यसको ठेक्का सम्झौता भएको थियो । ठेकेदारले एउटै ठेक्काअन्तर्गत दुई फरक प्रकृतिका प्रणाली निर्माण गरी सञ्चालन गरिरहेको छ ।

मद्रासले सवारीचालक अनुमतिपत्र (लाइसेन्स)का लागि फोटो, हस्ताक्षर र औँठाछापसहितको बायोमेट्रिक विवरण संकलन गरी त्यसैका आधारमा स्मार्ट सवारीचालक अनुमतिपत्र छपाइको प्रणाली निर्माण गरेको छ । सवारी दर्ता विवरण भण्डारण र व्यवस्थापनको अनलाइन प्रणाली पनि यही ठेकेदारले बनाएको हो । मद्रासले निर्माण गरेको इडिभिएलआरएस प्रणाली अहिले विभिन्न प्रदेशअन्तर्गतका ३८ यातायात कार्यालयले सञ्चालन गरिरहेका छन् । प्रणालीमार्फत सवारीचालकहरूको वैयक्तिक तथा जैविक विवरण संकलन गरी स्मार्ट लाइसेन्स छपाइ र वितरणको काम चलिरहेको छ ।

रास्वपाले...

पृष्ठ १ बाट क्रमशः

यात्रा गरेर सरकारलाई चाँडो बनाउन खबरदारी दिने निर्णय भएको हो,' सहमहामन्त्री बुर्लाकोटीले भने । यो यात्रामा रास्वपाका सबै सांसदले जिम्मेवारीअनुसार पदयात्रा गर्ने निर्णयसमेत भएको छ । रास्वपाले आयोजनाबारे थप अध्ययन गरी कार्यक्रमको सम्भावित प्रारूप र मितिसमेत प्रस्ताव गर्न ६ सदस्यीय कार्यदल गठन गरेको छ । कार्यदलमा श्रीराम न्यौपाने, विपिनकुमार आचार्य, प्रतिभा रावल, शिशिर खनाल, कृष्ण भेटवाल र खुस्बु सरकार श्रेष्ठ सदस्य छन् ।

रास्वपाले पार्टीका ३७ वटै विभागलाई तोकेरै विषयगत जिम्मेवारी दिएको छ । महामन्त्री मुकुल ढकालका अनुसार सबै विभागलाई नियमित विभागीय जिम्मेवारीसँगै प्राथमिकतामा राखेर विषयगत कामको जिम्मेवारी दिने निर्णय भएको हो । 'हामीले ३७ वटै विभागका केन्द्रीय सदस्यलाई भूमिका र कामको अभाव नहोस् भनेर तोकेरै जिम्मेवारी दिने निर्णय गरेका हौँ । यसले पार्टीको गतिविधि झन् सक्रिय र प्रभावकारी हुने विश्वास छ,' ढकालले भने ।

रास्वपाले संगठन विभागलाई महाधिवेशनकेन्द्रित काम गर्ने, अन्तर्राष्ट्रिय सम्बन्ध विभागलाई पार्टीको विदेश भ्रमण सम्बन्धित प्रोटोकल तयार पार्ने, प्रवास नेपाली सम्पर्क विभागलाई प्रवासमा रहेका नेपालीको विविध तहमा रहेका समस्या अध्ययन गरी समाधानका उपायसहित तत्काल काम सुरु गर्ने जिम्मेवारी तोकेको छ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, बबरमहल, काठमाडौं

विद्युतीय बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति :- २०८०।१०।०४)

यस विभागबाट मिति २०८०।०८।०४ गतेको प्रकाशित सूचना अनुसार आ.ब ०८०/०८१ को लागि विद्युतिय बोलपत्र मार्फत तपसिलमा उल्लेखित सामानको आपूर्ति सम्बन्धमा यस विभागमा पेश हुन आएका विद्युतिय बोलपत्रहरु माथि कारवाही हुँदा तपसिलको बोलपत्रदाताले कबोल गरेको रकम (मू.अ.कर वाहेक) न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएकोले स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना विभागको वेभसाइट ठेगानाः www.dftqc.gov.np मा समेत हेर्न सकिने छ ।

DFTQC/NCB-02/2080-081-A **(RBPR Spectrophotometer and Branded Computer)**

सि.नं.	बोलपत्रदाताको नाम, ठेगाना	कबोल गरेको रकम (मू.अ.क. वाहेक)	कबोल गरेको रकम (अक्षरमा)	कै
१.	जे.एच.एस.एनालिटिक ट्रेडर्स प्रा.लि., बालुवाटार ।	४७,४०,०००।–	सड्चालिस लाख चालिस हजार मात्र ।	

उपत्यकाका ५७ विद्यालय, स्वास्थ्य संस्था, सरकारी भवन र पुल भूकम्पको उच्च जोखिममा

पुनर्निर्माण गर्न सरकारी अध्ययनको सिफारिस, लागत तीन अर्ब ६० करोड ६९ लाख

यम बम/नयाँ पत्रिका

काठमाडौं उपत्यकामा विद्यालय, स्वास्थ्य संस्था र सरकारी गरी ५३ भवनसँगै चारवटा मोटेरेबल पुल भूकम्पीय जोखिमका हिसाबले संवेदनशील रहेको पाइएको छ। ती भौतिक संरचना तत्काल पुनर्निर्माण गर्न राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सरकारलाई सिफारिस गरेको छ।

जापानी सहयोग नियोगसँगको सहकार्यमा प्राधिकरणले 'काठमाडौं उपत्यकामा विपत् जोखिम सुशासन सबलीकरण परियोजना'अन्तर्गत गरेको अध्ययनअनुसार काठमाडौं, ललितपुर र भक्तपुरका ३१ विद्यालय/क्याम्पसका ३२ भवन, १३ स्वास्थ्य संस्था, आठ सरकारी भवन र चारवटा पुल पुनर्निर्माण गर्नुपर्ने देखिएको हो। ती भौतिक संरचना पुनर्निर्माणका लागि प्रारम्भिक बजेट तीन अर्ब ६० करोड ६९ लाख आवश्यक रहेको र प्रतिवेदन गृह हुँदै अर्थ मन्त्रालयमा पेस गरिएको प्राधिकरणका सहसचिव एवं परियोजनाका निर्देशक रामेश्वर मरहठ्ठाले जानकारी दिए।

३१ विद्यालय, क्याम्पसका भवनका ३२ भवनका लागि एक अर्ब ६३ करोड १५ लाख, स्वास्थ्य संस्थाका भवनका लागि ३८ करोड ७४ लाख, सरकारी भवनका लागि ५१ करोड ८० लाख र पुलका लागि एक अर्ब सात करोड बजेट आवश्यक पर्ने औंल्याइएको छ। 'भूकम्पको जोखिममा रहेका संरचनाको लिस्ट पहिले नै थियो। भत्किए भने जनजीवन प्रभावित हुने अवस्थाका जीर्ण संरचना तत्काल पुनर्निर्माण गर्नुपर्ने संरचनाबारे अध्ययन गर्दा ५७ वटा देखिएको हो,' अध्ययन टोलीको नेतृत्व गरेका सहसचिव मरहठ्ठाले भने, 'प्रतिवेदन गृहमार्फत अर्थ मन्त्रालय गएको छ। पुनर्निर्माणका लागि बजेटमा समावेश गर्न छलफल भइरहेको छ।' प्राधिकरणले तत्काल सरकारी योजनामा नपरेका, तर जीर्ण रहेका संरचना पुनर्निर्माणमा जोड दिएको छ।

१२ वैशाख ०७२ मा गोरखाको बारपाक केन्द्रविन्दु भएर ७.८ म्याग्निच्युडको भूकम्प गएपछि जापानी सहयोग नियोग (जाइका)ले भूकम्पीय जोखिमको आकलन गरेको थियो। सन् २०१५ देखि ०२० सम्मको अध्ययनअनुसार उपत्यकामा ५४ हजार भौतिक संरचना भूकम्पीय जोखिममा रहेको देखिएको थियो। तर, प्राधिकरणले तीमध्ये तत्काल पुनर्निर्माण गर्नुपर्ने संरचनाको विस्तृत अध्ययन गरेको हो।

यसअघिको प्रारम्भिक अध्ययनमा निजी भवनको जोखिमसमेत आकलन गरिएकामा विस्तृत अध्ययनमा सार्वजनिक भवनको मात्र विषय समेटिएको छ। 'अरू भौतिक संरचना जोखिममा छैनन् भन्न खोजिएको होइन। मासका हिसाबले बढी असर गर्न सक्ने र तत्काल पुनर्निर्माण गर्नुपर्ने संरचनाबारे अध्ययन गरेका हौं,' काठमाडौं उपत्यका विपत् जोखिम सुशासन सबलीकरण परियोजनाका परामर्शदाता भूपेन्द्र बस्नेतले भने, 'मध्यनेपालमा भूकम्प जाँदा काठमाडौंमा ठूलो असर गर्न सक्ने देखिन्छ।'





तिलगंगास्थित बागमती पुल र मीनभवनस्थित नेपाल कमर्स क्याम्पस भवन (दायाँ)। तस्बिर : दिपेन्द्र ढुंगाना, संजित परियार/नयाँ पत्रिका



रामेश्वर मरहठ्ठा
सहसचिव
राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

भूकम्पको जोखिममा रहेका संरचनाको लिस्ट पहिले नै थियो। भत्किए भने जनजीवन प्रभावित हुने अवस्थाका जीर्ण संरचना तत्काल पुनर्निर्माण गर्नुपर्ने संरचनाबारे अध्ययन गर्दा ५७ वटा देखिएको हो। प्रतिवेदन गृहमार्फत अर्थ मन्त्रालय गएको छ। पुनर्निर्माणका लागि बजेटमा समावेश गर्न छलफल भइरहेको छ।

■ ३१ विद्यालय/क्याम्पसका ३२ भवन

नेपाल कमर्स क्याम्पस, काठमाडौं- ३१
सरस्वती बहुमुखी क्याम्पस, काठमाडौं- १८
शंकरदेव क्याम्पस, काठमाडौं- २८
भैरवनाथ निमावि, चन्द्रागिरी- १०
चण्डिकादेवी मावि, चन्द्रागिरी- २
चण्डीभैरव मावि, चन्द्रागिरी-२
रामजानकी निमावि, गोकर्णेश्वर- १
रानीदेवी निमावि, काठमाडौं- २६
निर्मल विद्यापीठ मावि, काठमाडौं- २२
बालसेवा मावि, काठमाडौं- २३
प्रभात मावि, काठमाडौं- २५
चाँपाबोट मावि, शंकरापुर- १
जितपुरफेदी मावि, तारकेश्वर- ५
दमाइटार निमावि, गोदावरी- १
देवी मावि, गोदावरी- ७
कुम्भेश्वर निमावि, ललितपुर- ११
आदर्श कन्या निकेतन मावि, ललितपुर- १२
ललित कन्या केन्द्र निमावि, ललितपुर- ९
जाल्पा मावि, ललितपुर- २४
पद्मप्रकाश मावि, ललितपुर- २३
महालक्ष्मी मावि (दुईवटा भवन), महालक्ष्मी- ८
भनोदय आधारभूत विद्यालय, महालक्ष्मी- ६
लुभु मावि, महालक्ष्मी- ८
कालिका निमावि, चाँगुनारायण- ८
फैढोका प्रावि, चाँगुनारायण- ९
कालिका मावि, चाँगुनारायण- ६
अन्तलिंगेश्वरी प्रावि, सूर्यविनायक- १
बालचेतन प्रावि, सूर्यविनायक- ७
भगवती प्रावि, सूर्यविनायक- १०
जोरपाटी मावि, सूर्यविनायक- १०

■ सरकारी भवन-८

मध्यपुर थिमि नगरपालिका भवन
वडा कार्यालय भवन, चन्द्रागिरी- १५
वडा कार्यालय भवन, गोदावरी- १
वडा कार्यालय भवन, गोदावरी- २
वडा कार्यालय भवन, गोदावरी- ३
वडा कार्यालय भवन, गोदावरी- १२
वडा कार्यालय भवन, कीर्तिपुर- ३
वडा कार्यालय, कागेश्वरी-मनोहरा- १

■ स्वास्थ्य संस्था १३

मातातीर्थ स्वास्थ्य चौकी, चन्द्रागिरि- ८
सतुंगल स्वास्थ्य चौकी, चन्द्रागिरि- ८
छैमले उपस्वास्थ्य चौकी, दक्षिणकाली- ८
सीतापाइला उपस्वास्थ्य चौकी, नागार्जुन- ४
पालिफल उपस्वास्थ्य चौकी, कीर्तिपुर- ३
बाडेगाउँ प्राथमिक स्वास्थ्य केन्द्र, गोदावरी- १४
गोदामचौर स्वास्थ्य चौकी, गोदावरी- १
गोदावरी स्वास्थ्य चौकी, गोदावरी- ३
देवीचौर स्वास्थ्य चौकी, गोदावरी- ३
सुनाकोठी स्वास्थ्य चौकी, ललितपुर- २७
धापाखेल स्वास्थ्य चौकी, ललितपुर- २४
गुन्डु स्वास्थ्य चौकी, सूर्यविनायक- ७
कटुन्जे स्वास्थ्य चौकी, सूर्यविनायक- ५

■ पुल चार

बागमती पुल, पशुपति
धोबीखोला पुल, चाबहिल
विष्णुमती पुल, नयाँ बजार
बागमती पुल, युएन पार्कनजिक

पुलको अध्ययन गर्दा सन् १९८० भन्दा अघि बनाइएकामध्ये तीनवटा पुल तत्काल पुनर्निर्माण गर्नुपर्ने देखिएको छ। बागमती पुल (पशुपति), विष्णुमती पुल (नयाँ बजार) र धोबीखोला पुल (चाबहिल) पुनर्निर्माणका लागि सिफारिस गरिएको छ भने बागमती पुल (युएन पार्क नजिक)लाई अति व्यस्त रहेकाले थप नयाँ पुल बनाउन भनिएको छ। 'युएन पार्कनजिककै बागमती पुल नयाँ त हो, तर निकै व्यस्त हुन्छ। भूकम्प वा अन्य विपतका बेला त्यस क्षेत्रबाट आउजाउ गर्न अस्तव्यस्त हुन सक्ने भएकाले नजिकै अर्को पुल पनि थप्न भनिएको हो,' बस्नेतले भने।

संक्षेप

ढकाललाई तीन लाख धरौटीमा रिहा गर्ने आदेश

काठमाडौं/ पशुपति विकास कोषका तत्कालीन सदस्यसचिव डा. प्रदीप ढकाललाई विशेष अदालतले धरौटीमा रिहा गरेको छ। पशुपतिमा जलहरी चढाउँदा भ्रष्टाचार भएको भनी दायर मुद्दामा बुधबार विशेषले यस्तो आदेश गरेको हो। विशेषका उपरजिस्ट्रार धनबहादुर कार्कीले ढकाललाई तीन लाख रुपैयाँ धरौटीमा छाड्ने आदेश भएको बताए। उनी बुधबार विशेषमा उपस्थित भएका थिए। एक साताअघि यसै मुद्दाका अर्का प्रतिवादी डा. मिलन थापा विशेष अदालतमा उपस्थित भएका थिए। कोषका पूर्वकोषाध्यक्ष थापालाई पनि तीन लाख धरौटीमा रिहा गरिएको थियो। ढकालसमेतले सुनको जलहरी चढाउने क्रममा सुनको परिमाण तथा गुणस्तरमा अनियमितता गरेको भन्दै दायर मुद्दा विशेषमा विचाराधीन छ। ढकालका साथै पूर्वकोषाध्यक्ष थापा र स्टोरकिपर अरुणकुमार श्रेष्ठलाई यस मुद्दामा प्रतिवादी बनाइएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गत १४ असोजमा पशुपतिको जलहरी निर्माण र प्रतिस्थापनमा अनियमितता भएको भन्दै विशेषमा मुद्दा दायर गरेको थियो। एक हजार चार सय ९१ ग्राम ७१८ मिलिग्राम सुन भ्रष्टाचार भएको दाबी अख्तियारले गरेको छ।

बलात्कार आरोपी दुईजनालाई पनि थुनामा राख्न अदालतको अनुमति

मुगु/ १४ वर्षीया बालिकामाथि चार महिनाअघि सामूहिक बलात्कार भएको आरोपमा पक्राउ परेका पाँचमध्ये थप दुईजनालाई पनि अनुसन्धानका लागि १३ दिन थुनामा राख्न जिल्ला अदालत मुगुले अनुमति दिएको छ। तीनजनालाई मंगलबार नै १३ दिन थुनामा राख्न अनुमति दिइसकेको थियो। बुधबार दुईजनालाई म्याद थप भएपछि अब पक्राउ परेका पाँचैजनालाई १३ दिन थुनामा राखेर घटनाबारे अनुसन्धान गरिने जिल्ला प्रहरी कार्यालय मुगुका प्रहरी निरीक्षक भूपेन्द्र बुढाथोकीले जानकारी गराए। घटनामा संलग्न भनी जाहेरी परेका अन्य चारजना अझै फरार रहेका र उनीहरूको खोजीकार्य जारी रहेको उनले बताए। छायाँनाथ रारा नगरपालिका- १४ घर भई हाल गमगढी बजारमा बस्दै आएकी १४ वर्षीया बालिकामाथि नगर प्रहरीका एक जवानसहित नौजनाले सामूहिक बलात्कार गरेको प्रहरीले जनाएको छ। बलात्कार गरेको आरोपमा प्रहरीले छायाँनाथ रारा नगरपालिकामा कार्यरत नगर प्रहरी वसन्तबहादुर कार्की र कृषि विकास कार्यालय मुगुका कार्यालय सहयोगी २२ वर्षीय वसन्त रोकाया छन्। अन्य तीनजना बालक रहेको प्रहरीले जनाएको छ।

चिसोले नेपालगन्जका विद्यालय बन्द

बाँके/ नेपालगन्ज उपमहानगरभित्र सञ्चालित सामुदायिक, निजी तथा आवासीय विद्यालय बन्द भएका छन्। अत्यधिक चिसोले बालबालिकालाई विद्यालय आउजाउ र पठनपाठनमा समस्या आएपछि नेपालगन्ज उपमहानगरभित्र सञ्चालित सबै विद्यालय तीन दिनका लागि बन्द भएका हुन्। उपमहानगरका शिक्षा महाशाखा प्रमुख गोर्खबहादुर थापाले दुई दिनका लागि जाडो बिदा दिएको बताए। शीतलहरसँगै बढेको चिसोले जनजीवन प्रभावित भएपछि नेपालगन्ज उपमहानगरभित्रका विद्यालय ४-६ माघसम्मका लागि बन्द गर्ने निर्णय भएको उनले बताए। 'अत्यधिक चाडो तथा शीतलहर बढेसँगै विद्यालय सञ्चालनमा कठिनाइ भएकाले तीन दिन बिदा दिइएको छ,' उनले भने।

साढे तीन वर्षदेखि शून्यमा रहेको दल विभाजनसम्बन्धी कानुन जगाउँदै सरकार

साबिककै 'केन्द्रीय समिति र संसदीय दलमा ४० प्रतिशत पुऱ्याउनुपर्ने' व्यवस्था राखेर संशोधन विधेयक आउँदै

कमलराज भट्ट/नयाँ पत्रिका

साढे तीन वर्षदेखि कानुनी शून्यतामा रहेको दल विभाजनसम्बन्धी व्यवस्था जगाउन सरकारले संशोधन विधेयक संसद्मा ल्याउने निर्णय गरेको छ। मन्त्रिपरिषद्को बुधबार बसेको बैठकले दल विभाजनसम्बन्धी व्यवस्थालाई ब्युँताउन राजनीतिक दलसम्बन्धी ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक संसद्मा पेस गर्न स्वीकृति दिने निर्णय गरेको हो।

सञ्चारमन्त्री रेखा शर्माका अनुसार गृह मन्त्रालयले तयार पारेको विधेयक संसद्मा दर्ता गर्न मन्त्रिपरिषद्ले अनुमति दिएको हो। गृह प्रवक्ता नारायणप्रसाद भट्टराईले ऐनको साबिकको व्यवस्था जगाउने गरी संशोधन विधेयक तयार गरिएको जानकारी दिए। 'अध्यादेशबाट निष्क्रिय भएको दल विभाजनसम्बन्धी व्यवस्थालाई ऐनको साबिककै अवस्थामा सक्रिय गराउन संशोधन विधेयक तयार भएको छ। क्याबिनेटले स्वीकृत दिइसकेकाले आजभोलि नै संसद्मा दर्ता गर्छौं,' उनले भने।

राजनीतिक दलसम्बन्धी ऐनको दफा ३३ (२) तथा नियमावलीको दफा ५ मा कुनै दलको केन्द्रीय समिति र संसदीय दलका कम्तीमा ४० प्रतिशत सदस्यले समर्थन गरेमा छुट्टै दल बनाउन वा नयाँ दल गठन हुने व्यवस्था छ। यस्तोमा दल त्याग गरेको नमानिने र सांसद पद पनि कायम रहने ऐनको व्यवस्था थियो। यो व्यवस्थालाई खुकुलो बनाउन सुरुमा तत्कालीन प्रधानमन्त्री केपी ओलीले ८ वैशाख ०७७ मा अध्यादेश ल्याएका थिए। अध्यादेशमा ओलीले केन्द्रीय समिति र संसदीय दल दुवैमा ४० प्रतिशत सदस्य चाहिनेमा कुनै एकमा ४० प्रतिशत भए पार्टी फुट्ने व्यवस्था गरे। अर्थात् 'र' ठाउँमा 'वा' बनाइयो।

नेकपाभित्र विवाद चर्किरहेका बेला ओलीले आफू बलियो बन्ने हिसाबले तत्कालीन राजपा र संघीय समाजवादी पार्टी फुटाउने उद्देश्यसहित अध्यादेश जारी गरे पनि दलभित्र र बाहिर चर्को आलोचना भएपछि १२ गते राष्ट्रपति विद्यादेवी भण्डारीबाट खारेज गराए। अध्यादेश जारी भएपछि संघीय समाजवादी पार्टीका केन्द्रीय सदस्य एवं सांसद डा. सुरेन्द्र यादव १० वैशाखमा अपहरणमा परेको प्रसंग पनि सतहमा आयो। यो प्रकरण मुद्दा मामिलासम्मै पुगेको थियो। पाँच दिनमै अध्यादेश फिर्ता लिएका ओलीले यो व्यवस्था जगाउन फेरि अर्को अध्यादेश जारी गरे, संसद्ले स्वीकृति दिएपछि प्रतिस्थापन विधेयक नआउँदा निष्क्रिय भयो।

ओलीपछि प्रधानमन्त्री भएका शेरबहादुर देउवाले १ भदौ ०७८ मा ओलीको भन्दा पनि खुकुलो अध्यादेश ल्याउँदै दल विभाजनसम्बन्धी व्यवस्था ब्युँताए। ४० प्रतिशतलाई २० मा झारेर ल्याएको अध्यादेश राष्ट्रपति भण्डारीले २ भदौमा जारी गरिन्। अध्यादेशमा केन्द्रीय सदस्य वा संसदीय दलमा २० प्रतिशत संख्याको समर्थन पुऱ्याए दल विभाजन गर्न सकिने व्यवस्था राखिएको थियो। अर्थात् कुनै दलको केन्द्रीय समिति वा संसदीय दलमध्ये कुनै एकमा २० प्रतिशत सदस्य तयार भए पार्टी फुटाउने बाटो खोल्यो। अध्यादेशअनुसार एमालेबाट फुटेर माधव नेपाल नेतृत्वमा एकीकृत समाजवादी खुल्यो भने जसपाबाट फुटेर महन्थ ठाकुरको नेतृत्वमा लोसपा गठन भयो।

देउवाले ल्याएको अध्यादेश संसद्लाई छलेर आएको र संविधानको मर्मविपरीत रहेको जिकिर गर्दै सर्वोच्च अदालतमा आधा दर्जन मुद्दासमेत परेको थियो, तर अन्तरिम आदेश नदिँदा निर्वाचन आयोगले ९ भदौमा अध्यादेशअनुसार एमाले विभाजन गरेर गठन भएको एकीकृत समाजवादी र जसपा विभाजन भएर बनेको लोसपालाई वैधानिकता दियो। नयाँ दल गठनसँगै सरकारले अध्यादेश ११ असोजमा मन्त्रिपरिषद्बाट सिफारिस गरेर राष्ट्रपति भण्डारीबाट अध्यादेश खारेज गऱ्यो।

अध्यादेश खारेज भएसँगै महिना दिनसम्म कायम रहेको दल विभाजनसम्बन्धी व्यवस्था पुनः निष्क्रिय भयो। प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाका अनुसार निर्वाचन आयोगले दल विभाजनसम्बन्धी व्यवस्था जगाउन पटक-पटक सरकारलाई ताकेता गरेको थियो। 'दल विभाजनसम्बन्धी कानुनी रिक्तता अन्त्य गर्न पटक-पटक सरकारलाई भनेका थियौं।

● **नारायणप्रसाद भट्टराई,** प्रवक्ता, गृह मन्त्रालय



अध्यादेशबाट निष्क्रिय भएको दल विभाजनसम्बन्धी व्यवस्थालाई ऐनको साबिककै अवस्थामा सक्रिय गराउन संशोधन विधेयक तयार भएको छ। क्याबिनेटले स्वीकृत दिइसकेकाले आजभोलि नै संसद्मा दर्ता गर्छौं।

विभिन्न चार निकायमा प्रमुख नियुक्ति

काठमाडौं/ सरकारले विभिन्न चार निकायमा रिक्त रहेका प्रमुख नियुक्ति गरेको छ। बुधबार बसेको मन्त्रिपरिषद् बैठकले नागरिक लगानी कोषको कार्यकारी निर्देशकमा पर्वतकुमार कार्की, सांस्कृतिक संस्थानको महाप्रबन्धकमा किरणबाबु पुन, नरदेवी आयुर्वेद चिकित्सालय विकास समितिको अध्यक्षमा रमेशचन्द्र न्यौपाने र सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रको कार्यकारी निर्देशक पदमा डा. रवि मल्ललाई नियुक्ति गरिएको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लाई संशोधन गर्न बनेको अध्यादेश, २०८० जारी गर्न नेपालको संविधानको धारा १२४ को उपधारा ९१० बमोजिम राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय पनि मन्त्रिपरिषद् बैठकले गरेको छ। यसका साथै राजनीतिक दलसम्बन्धी ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसद्समक्ष पेस गर्न स्वीकृति दिने निर्णय भएको छ।



LIMITED
SPACE AVAILABLE

STAR MALL
aspire for better

: Level 8, Putalisadak, Kathmandu
: 9851198344 , 9860304848, 01-4012506
: starmallktm@gmail.com

एकतिहाइ युवा प्रतिनिधित्व गराउन एमालेको निर्देशन

काठमाडौं/ एमालेले अधिवेशनबाट बन्ने कमिटीमा एकतिहाइ युवाको प्रतिनिधित्व गराउने केन्द्रको निर्णयलाई सिर्जनात्मक रूपले कार्यान्वयन गर्न जिल्ला कमिटीलाई निर्देशन दिएको छ। प्रदेश अधिवेशन सकिएपछि जिल्लाले कार्यतालिका सार्वजनिक गरेर अधिवेशन सुरु गरेलगत्तै महासचिव शंकर पोखरेलले अलग्गै परिपत्र जारी गर्दै त्यस्तो निर्देशन दिएका हुन्।

एमालेका सबैजसो जिल्ला कमिटीले माघदेखि आगामी जेठभित्र अधिवेशन गर्ने गरी तयारी सुरु गरेका छन्। १८ पुसमा दार्चुलाले अधिवेशन सम्पन्न गरेलगत्तै सबैजसो जिल्लाले अधिवेशन कार्यतालिका सार्वजनिक गरेर तयारी अगाडि बढाएका छन्। जिल्ला अधिवेशनबारे प्रदेश पदाधिकारीको राष्ट्रिय भेलामार्फत सुझाव लिएर महासचिव पोखरेलले परिपत्र जारी गरेका हुन्।

'एकतिहाइ युवा प्रतिनिधित्व सुनिश्चित गर्ने भन्ने निर्णयलाई सिर्जनात्मक रूपले कार्यान्वयन गर्ने। उदाहरणका लागि ४० वर्षमुनिका युवाको सहभागिता प्रदेश कमिटीमा न्यूनतम १० प्रतिशत, जिल्लामा न्यूनतम १५ प्रतिशत, पालिकामा न्यूनतम २० प्रतिशत र वडा तथा टोलमा कम्तीमा एकतिहाइ पुऱ्याउने,' महासचिव पोखरेलले जारी गरेको परिपत्रमा उल्लेख छ। त्यस्तै, जिल्ला अधिवेशनमा नेतृत्वका लागि अलग-अलग प्यानल बनाउन पनि केन्द्रीय कार्यालयले रोक लगाएको छ। पदाधिकारी र सदस्यहरूले व्यक्तिगत रूपमा उम्मेदवारी दिएर व्यक्तिगत रूपमै प्रचारप्रसार गर्न परिपत्रमा निर्देशन गरिएको छ। स्थानीय तहको प्रमुख र उपप्रमुख, प्रतिनिधिसभा र राष्ट्रिय सभामा निर्वाचित सांसदहरूले जिल्ला नेतृत्वको कार्यकारी पदमा उम्मेदवारी दिन पाउनेछैनन्।

युवा पलायनको मनोविज्ञान

सम्पन्नता र प्रतिष्ठा नै विदेश जानुमा छ भन्ने युवा मनोविज्ञानले गाउँ मात्र होइन, सहर र देशै रित्तिने खतरा देखिन्छ



● डा. श्रीराम न्यौपाने

अग्रलेख

ऊर्जाशील मानवले दीर्घकालका लागि आफ्नो राज्य त्याग्नु पलायन हो। आखिर राज्य भन्नु माटो, वासस्थान वा शिक्षा, स्वास्थ्य मात्र होइन। परम्परित परिभाषा हो यो। राज्य त अभावग्रस्त, रुग्ण अनि पीडितको मलमपट्टी हो। तिनको न्यानो गुँड हो। अझ भन्नुपर्दा बेसहारा, बेकार र उत्पीडितहरूको भरोसा हो। यीमध्ये सर्वोच्च कुरा भरोसा हो, आत्मविश्वास हो। नागरिकको मनोविज्ञान बुझेर मात्र त्यो जगाउन सकिन्छ।

राज्यको विशिष्ट भूमिका नागरिकमा आशा, मनोबल र आत्मविश्वास जगाइराख्नु हो। जब राज्यले युगानुकूल आफूलाई रुपान्तरण गर्दैन, तब नागरिक विद्रोह क्षणभरमै उग्र बन्छ। भर्खरैको बालकुमारीको इपिएस काण्ड यसैको पछिल्लो घटना हो। नेपालमा हिजोआज बढ्दो युवा पलायन र उर्लिएको आक्रोशलाई गहिरिएर विश्लेषण गर्दा राज्य यथास्थितिमै रुमल्लिएको र कर्तव्यबाट चुकेको अनुभूति हुन्छ। जनचाहनाप्रति बेलैमा सचेत र संवेदनशील बन्न नसक्दा राज्यप्रतिको घृणा यसरी चुलिँदै जाँदो रहेछ। आज नेपाली युवा बाध्य भएर कठिन काम र मृत्युको भयलाई पनि बिर्सिएर विदेश जान जोखिम मोलिरहेछन्। यो पलायनको गति हेर्दा विश्वमा भौगोलिक संरचना ठूलो भएर पनि जनसांख्यिक अल्पतामा पुगेका देशको नियति हामीले पनि भोग्नुपर्ने अवस्था आउने देखिन्छ।

राज्यप्रतिको श्रद्धा नागरिकमा त्यतिवेलासम्म जीवित रहन्छ, जबसम्म उसका आधारभूत आवश्यकता पूरा हुन्छन्। महँगो शिक्षा लिएर न्यूनतम पारिश्रमिकसहितको रोजगारीको सुनिश्चितता हुन्न, रुग्ण परिवारजनको सुलभ उपचार हुन्न, न्यून उपार्जनले प्रतिदिन ऋण थपिन्छ अनि दैनिकी कष्टकर बन्दै जान्छ भने आजको कुनै पनि युवा विनाहलचल स्थिर रहन सक्दैन। फेरि आजका युवाले पूर्वजन्म वा भाग्यमा भरोसा गर्दैनन्, न संयम र प्रतीक्षामा अल्झन्छन्। सबैजसो सामाजिक सञ्जालमा अबद्ध छन्। कृषि उत्पादनले बजार र मूल्य नपाएका, बेरोजगारी बढेका, भ्रष्टाचार र तस्करी चुलिएका अनि हजारौँको संख्यामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा लामबद्ध रहेका प्रशस्त तस्बिरसँग प्रतिदिन साक्षात्कार भइरहेका छन्। त्यसमा पनि बाहिरी दुनियाँ, दैनिकी, कमाइ अनि उन्नत जीवन प्रत्यक्ष र परोक्ष रूपमै अवलोकन गर्न पाएका छन्। वरिपरिको पारिवारिक सामाजिक वातावरणमा विदेशी हावा बहन थालेको छ। चर्चा नै बाहिरको, गुणगान नै विदेशको सुनिन थालेको छ। सम्पन्नता र प्रतिष्ठा नै यसैमा छ जस्तो भान युवा मानसिकतामा भरिन थालेको छ। यही मनोविज्ञानले आज नेपाली गाउँ मात्र होइन, सहर र देशै रित्तिने क्रम सुरु भएको हो।

युवालाई स्वदेशमै रोक्ने वा भुलाउने मुख्य आधारमध्ये सांस्कृतिक मूल्य पनि एक हो। जस्तोसुकै अभाव, समस्या र कष्ट सहेर पनि आफन्तको काख र अँगालोमा निदाउँदा, स्वादिलो पौष्टिक खानेकुरा खाँदा अनि स्वच्छ वातावरणमा निरोगिताको अनुभूति गर्दा जोकोहीले पनि आत्मिक आनन्दको अनुभूति गर्न सक्छ। शान्त, सरल, तनावरहित र सादा जीवन प्रिय लाग्छन्, तर आजको जीवनयापनसँग धन बढी नै जोडिन थालेको छ। मौलिक उत्पादन र छिमेकी गुमाउँदै गएका बचेखुचेका सन्तोषी युवा पनि दिनानुदिन निराश बन्दै छन्। दण्डहीनता, भ्रष्टता, अविश्वास, अन्याय, असहिष्णुता र फुटले प्रश्रय पाइरहँदा सदाचारी नेपाली संस्कृति पनि घाइते भएको छ। यहाँ केही हुँदैन र भविष्य छैन भन्ने हल्ला पनि चलाइँदै आएको छ। अदृश्य यी तत्त्वले पनि युवा मानसिकतालाई भड्काइरहेछन्। स्वदेश, मातापिता र भावनात्मक नाता कमजोर बन्दै जानु पनि सांस्कृतिक विचलन हो। प्रविधि र चेतनाकै कारण चलायमान वर्तमान विश्व सांस्कृतिक रूपान्तरणको दिशातर्फ उन्मुख छ। यो विश्वव्यापी प्रक्रिया भए पनि विकासोन्मुख मुलुकको मुख्य शक्तिको द्रुततर पलायन निकै चिन्ताजनक कुरा हो। युवामा राष्ट्रप्रतिको यस्तो गिर्दो मानसिकता हाम्रा लागि सबैभन्दा डरलाग्दो विषय मान्नैपर्छ।

आजको नेपाली युवा मानसिकता बिग्रनुमा शैक्षिक गतिविधि पनि जिम्मेवार छ। उच्च शिक्षा नेपालमा किन लिने ? यसले कति रोजगारी र उत्पादनसँग जोडेको छ त ? यो कति व्यावहारिक र व्यावसायिक छ ? पाठ्यक्रम, पाठ्यविषय, शिक्षण विधि, प्रयोगात्मकता र मूल्यांकनका शैक्षिक प्रणालीले जटिलता र अरुचि पो बढाइरहेका छन् कि ? शिक्षालाई निःशुल्क तर दायित्वपूर्ण किन नबनाइएको हो ? यस्ता थुप्रै प्रश्नले नेपाली युवा मथिंगल तात्ने गरेको छ। विकसित देशका शैक्षणिक गतिविधि विद्यार्थीकेन्द्री छन्, सीपमूलक छन् अनि स्वरोजगारमुखी पनि छन्, तर हामी भने आजको युगमा पनि अझै पुरातन शिक्षककेन्द्री शैक्षणिक विधिमै अल्झिरहेका छौँ। साँच्चै भन्नुपर्दा नेपाली युवा विश्वविद्यालयमा पुग्दा नेपाली शिक्षण सिकाइबाट अघाइसक्छन्। फलस्वरूप उन्मुक्तिको बाटो रोज्न पुछन्। यसैको परिणतिस्वरूप प्राविधिक शिक्षालयमा समेत तोकिएको संख्यामा विद्यार्थी भर्ना अपुग हुन थालेको हो।



हाम्रो शिक्षा रोजगारी सिर्जना गर्ने नभई काम माग्ने खालको छ। कृषि, वाणिज्य, वन, इन्जिनियरिङ आदि विषयका कार्यक्रमसमेत कम प्रयोगात्मक बढी सैद्धान्तिक छन्। अन्तिम वर्षको इन्टर्न प्रभावकारी छैन। उत्पादित जनशक्ति जागिरे बन्ने वा विदेश जाने योजनामा छ। आफ्नै उद्यम गर्ने सोचमा कोही देखिन्न। लगानीको उचित वातावरण छैन भन्ने हल्लाले उसको मनस्थिति भत्किएको छ। उनीहरूलाई संगठित बनाउने, दक्ष विशेषज्ञ सेवा दिने, अनुसन्धान केन्द्रहरू खोल्ने, लगानीमैत्री नीति बनाउने र आवश्यक सुविधा जुटाइदिने कार्यमा राज्य सक्रिय नदेखिएको तथ्य अहिलेका उद्यमशील युवाले पाइलैपिच्छे देख्दै आएका छन्। अहिले लगानीयोग्य मौज्दात वित्तीय संस्थामै थन्किएको छ, उत्पादनमूलक क्षेत्र युवा पलायनका कारण शिथिल छ।

> महँगो शिक्षा लिएर न्यूनतम पारिश्रमिकसहितको रोजगारी सुनिश्चित हुन्न, रुग्ण परिवारजनको सुलभ उपचार हुन्न, न्यून उपार्जनले प्रतिदिन ऋण थपिन्छ अनि दैनिकी कष्टकर बन्दै जान्छ भने आजको कुनै पनि युवा विनाहलचल स्थिर रहन सक्दैन

मलाई आफ्नै गाउँको विकराल दृश्य यहाँ देखाउन मन लाग्यो। लमजुङको दुराडाँडा क्षेत्रमा दर्जनौँ युवा विदेशबाट फर्किई एउटा कृषि फर्म सञ्चालन गर्दै थिए। रोजगारी सिर्जना गरी व्यापार घाटा घटाउने तिनको प्रयासलाई साथ दिँदै थुप्रैले पैत्रिक भूमि सुम्पिए। तर, आज त्यो बन्दप्रायः अवस्थामा पुगेको छ। स्थानीयको रोजगारी खोसिएको र पारिश्रमिक नपाएको यस घटनाले आजका युवामा कस्तो मानसिक असर पुऱ्यायो होला भन्ने सजिलै अनुमान लगाउन सकिन्छ। अहिले गाउँ रित्तो हुने क्रमसँगै उत्पादनमा ह्रास र अव्यवस्थित सहरीकरणमा वृद्धि चुलिएको छ। त्यहाँ विद्यार्थीभन्दा शिक्षक बढी हुने स्थिति आएको छ। प्राविधिक विषय सहरमा मात्र केन्द्रित छन्। खेतीयोग्य जमिन र हिँड्ने बाटो झाडीमा परिणत हुँदा जंगली जनावरको त्रास फैलिएको छ। यी दृश्यले युवालाई निराश बनाउँदै लगेको छ। यो मनोविज्ञान राज्यले बुझ्न सकेकै छैन।

मानवजीवन सुख-सुविधाको खोजीमा पाषाण युगदेखि चलायमान हुँदै आएको इतिहास हाम्रा सामु छ। त्यसैले बढी कमाइ र धेरै सुविधाप्रति हाम्रा युवा आकर्षित हुनु स्वाभाविक देखिन्छ। आज यसको असर अल्पविकसित मुलुकमा पर्न थालेको छ। एकातिर देशबीचको मानव विकास सूचकांकमा ठूलो अन्तर देखिनु र अर्कोतिर मानवमा शैक्षिक तथा चेतनास्तरमा वृद्धि हुनु आप्रवासनको अर्को मनोवैज्ञानिक पक्ष हो। नेपाल प्राकृतिक सम्पदामा धनी छ, तर त्यसको उपयोग एक जटिल प्रक्रिया हो। प्राविधिज्ञ र वित्तीय अल्पताले केही वर्षमै समृद्धिको शिखर चुम्ला भन्नेमा विश्वास गर्ने स्थिति पनि देखिन्न। यसमा पनि पार्टीहरूको गुटगत, विखण्डनकारी र अस्तव्यस्त राजनीतिक क्रियाकलापले त हाम्रा युवाको राष्ट्रवादी मानसिकता प्रतिदिन क्षयोन्मुख हुँदै गएको छ। यसमा पनि हाम्रा सरकारमा युवा रोजगार नीति तथा कार्यक्रममा एकरूपता र निरन्तरता छैन। यसले पनि युवा निराश बन्दै गएका छन्।

अहिलेका युवाले लोकतान्त्रिक मुलुकले नागरिक अधिकार खोस्दैन भन्ने तथ्य पनि बुझेका छन्। एनओसी नरोकिने, श्रमस्वीकृति चलिरहने र शिक्षा लिने मौलिक हक नखोसिनेमा उनीहरू ढुक्क छन्। बसाइँसराइ र आप्रवासनले भिन्न सांस्कृतिक अन्तर्घुलन बढाउँदै लगेको छ। त्यहाँ वर्ग, समुदाय तथा जनसमूहको समन्वय पाइने गरेको छ। सरकार वैदेशिक रोजगारीलाई प्रश्रय दिँदै विप्रेषण बढाउन र समृद्धिको नारा दिन लागिपरेको सन्दर्भ पनि उसले बुझेको छ। यी सकारात्मक पक्ष पनि युवा पलायनका अदृश्य प्रेरक तत्त्व बनेका छन्।

देशमा अगुवा राजनेता, राष्ट्रसेवक, बुद्धिजीवी तथा सञ्जालका प्रयोगकर्ता बुझेर वा नबुझेर विदेशको बखान गरिरहेका हुन्छन्। बाह्य भौतिक सुखको चर्चामा बहकिने र त्यसैको दृष्टान्त दिँदा संसार बुझेको मानिने प्रवृत्ति बढ्दो छ। पूर्वीय चिन्तनले मानव जीवनमा पारेको प्रभावलाई उच्चारण गर्दा पुरातनवादी भइने र पाश्चात्य दर्शनका उपलब्धिको चर्चा गर्दा आधुनिक भइने गलत भाष्य निर्माण गर्न खोजिएको छ। यसले मुख्यगरी कलिलो युवा मानसिकतालाई भड्काइरहेछ। नजिकको तीर्थ हेला हुन थालेको छ। अग्रजको निन्दाले युवाको राष्ट्रप्रति टुसाएको मन मारिदिएको छ। विदेशी भाषा, धर्म, संस्कृति, रहनसहन, पोसाक, खाद्यवस्तु, जीवनशैली आदिप्रतिको मोहपाशमा हाम्रो समाज तानिँदै गएको छ। युवा पलायनमा अप्रत्यक्ष रूपमा यिनले पनि गम्भीर असर पारिरहेका छन्।

नेपाली युवाले अशान्त, द्वन्द्वग्रस्त, स्वार्थी, यान्त्रिक र चरम व्यक्तिवादी विश्व-परिवेशलाई नजिकैबाट नियालिरहेका छन्। आफ्नो देशले विकास र समृद्धिको बाटो रोज्न सक्यो भने पुनः स्वदेश फर्कने सोचलाई पनि तिनले मर्न दिएका छैनन्। तिनीहरू आफ्नो परिवार, आफन्त, मित्र र देशवासीको न्यानो काख र साथ पुनः प्राप्त गर्न चाहन्छन्। केही युवा यहाँ कृषि, पर्यटन र जलस्रोतमा व्यापक रोजगारी सिर्जना हुनेमा विश्वस्त पनि देखिन्छन्। पैसा नै सबै सुख होइन भन्नेहरू पनि छन् यहाँ। कुनै प्राकृतिक विपत्ति, अन्तर्द्वन्द्व, युद्ध वा कुनै संकट आइपरे पहिले लखेटिने आप्रवासी जनसंख्या नै हुने गरेको विभिन्न देशका गतिविधि पनि देखेका छन्। जति नै लोकतान्त्रिक भनिएका मुलुकले पनि राज्यका शिक्षा, स्वास्थ्यजस्ता सुविधा र अवसरमा मूल जाति र आप्रवासीबीच नीतिगत विभेदलाई बढावा दिइरहेका छन्। त्यहाँको दुःख, संघर्ष, बेसहारापन, मानसिक तनाव र जोखिमपूर्ण जीवनको विश्लेषण गर्नेहरू पनि छन्। तर, यी सबै मनोभावना दबिएका छन्। यही सुषुप्त राष्ट्रप्रेमलाई जगाउँदै लैजान सके स्वदेशी शक्ति मिलेर गिर्दो युवा मनोविज्ञान उकासिन्छ। बाहिरका चुनौती र भित्रका सम्भावनालाई उजागर गरी युवामा भरोसा उमार्न सकिन्छ र पलायनलाई कम गर्न सकिन्छ।

(डा. न्यौपाने त्रिविका उपप्राध्यापक हुन्)

---

३ प्रश्न

संसद् सचिवालयका पूर्वमहासचिव **सूर्यकिरण गुरुङ**लाई



कानुनको मस्यौदा लेखनमा सांसदले भूमिका खोज्नुलाई कसरी हेर्नुभएको छ ?

कानुनको मस्यौदा लेखन एउटा सामान्य 'ड्राफ्ट' मात्र होइन। यसको निश्चित विधि हुन्छ। नीति तथा कार्यक्रम आइसकेपछि सम्बन्धित मन्त्रालयले त्यसको कार्यान्वयनमा आवश्यक पर्ने कानुन निर्माणका लागि मन्त्रिपरिषद्बाट स्वीकृति लिन्छ। मन्त्रालयले विज्ञ र सरोकारवालाहरूलाई समेटेर एक समिति बनाउँछ र त्यसले कानुनको मस्यौदा तयार गर्छ। यस क्रममा मन्त्रालयले गठन गरेको समितिले संसद्का विषयगत समितिसँग समन्वय भने गर्न सक्छ र गर्नु पनि पर्छ। मस्यौदा लेखनको पूरै जिम्मेवारी सांसदलाई दिन भने मिल्दैन। यसमा विषयगत विज्ञताको अभाव पनि हुन सक्छ र प्राविधिक समस्याहरू आउन पनि सक्छन्।

मस्यौदा लेखनमा सांसदको भूमिका बढाउँदा के फरक पर्ला त ?

कानुनको मस्यौदा निर्माणमा छुट्टै विज्ञता चाहिन्छ। यसमा राखिएका शब्द, शब्दको विशेष अर्थ हुन्छ। अल्पविराम, पूर्णविराम आदिको पनि अलगै महत्त्व हुन्छ। फेरि हाम्रा सांसदले स्वविवेकले काम गर्दैनन्। उनीहरू नेताको निर्देशनअनुसार चल्छन्। संसद्मा छलफल गरेर त्यसमा थपघट गर्नु त उनीहरूको विशेषाधिकार हो। तर, उनीहरू अलि गम्भीर विषय आउनासाथ शीर्ष नेताहरूलाई गुहार्न पुग्छन्। आफ्नो जिम्मेवारी उता हस्तान्तरण गर्छन्। अनि, उनीहरूलाई मस्यौदा लेख्ने अधिकार किन दिनुपऱ्यो ?

संसद्मा सांसदहरूको भूमिका थप प्रभावकारी बनाउन के गर्नुपर्ला ?

यसका लागि ठुलो केही गर्नुपर्दैन। हरेक दलका संसदीय दलका नेता, प्रमुख सचेतक, सचेतक आदिले आआफ्नो भूमिका इमानदारीपूर्वक निर्वाह गरिदिने हो भने सांसदको भूमिका स्वतः प्रभावकारी भइहाल्छ।

प्रेरक प्रसंग

बिच्छी र महात्मा

उहिल्यै नेपालको पवित्र देवघाट क्षेत्रमा विभिन्न साधु, सन्त, महात्मा र तिनका शिष्य बसोवास गर्थे। उनीहरू हरेक बिहान नजिकै रहेको नदीमा स्नान गर्न एकसाथ जाने गर्थे र नदीमा डुबुल्की लगाएर बिहानी स्नान पूरा गर्थे।

एक दिन एकजना महात्मा बिहानै नदीमा स्नान गरिरहेका थिए। स्नान गर्दैगर्दा अकस्मात् उनले नदीको पानीमा डुब्दै गरेको एउटा बिच्छी देखे। महात्माले सो बिच्छीलाई डुब्नबाट बचाउन आफ्नो अँजुलीमा राखेर त्यसलाई पानीबाट बाहिर ल्याउने प्रयास गरे। तर, बिच्छीले उनलाई डस्यो। बिच्छीको डसाइको पीडा सहेरै पनि उनले त्यसलाई बाहिर निकाल्न पटक-पटक प्रयास गरे, बिच्छीले उनलाई पटक-पटक नै डस्यो। तैपनि, महात्माले हार मानेनन्। उनले त्यसलाई पानीबाट बाहिर निकालेर सुरक्षित बगरमा पुऱ्याइछाडे। महात्माले बिच्छीलाई बचाउने प्रयास गरेको र बिच्छीले उनलाई पटक-पटक डसेको उनका शिष्य र अन्य साधु, सन्त तथा महात्माले देखिरहेका थिए। उनी नदीबाट बाहिर आउनासाथ सबैले एक स्वरमा सोधे- हे महात्मा, त्यो बिच्छीले तपाईंलाई पटक-पटक डस्दा पनि त्यसलाई बचाउनैपर्ने आवश्यकता के थियो ?



बिच्छीको डसाइको पीडा भुलेर महात्माले भने- बिच्छी एउटा निकै सानो जीव हो। अन्य प्राणीलाई डस्नु उसको धर्म हो। पानीमा डुबेर मर्ने, बाँच्ने टुंगो नभएको समयमा पनि उसले आफ्नो धर्म भुलेन भने म मानिस भएर अन्य प्राणीमाथि दया गर्नु आफ्नो धर्म कसरी भुल्न सक्छु ?

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

बलात्कारीलाई सजाय पुगेन

पछिल्ला दिनमा नेपालका विभिन्न भागमा सामूहिक बलात्कार भएका समाचार आइरहेका छन्। यसले बालिका, किशोरी तथा आममहिलाका लागि हाम्रो देश असुरक्षित बन्दै गएको देखाउँछ। मुगुमा प्रहरी, सरकारी कर्मचारी केही 'बालक'ले १४ वर्षकी बालिकामाथि सामूहिक बलात्कार गरेको समाचार सेलाउन नपाउँदै काभ्रेको पाँचखालमा १९ वर्षीया किशोरीमाथि सामूहिक बलात्कार भएको अर्को समाचार आएको छ। यसरी बलात्कारका घटना बढ्नुमा हामीकहाँ बलात्कारीलाई दिइने सजाय कडा नहुनु मुख्य कारण हो। अर्कातिर बलात्कारमा संलग्नलाई 'बालक' भनिदिँदा पनि तिनै बालकले उत्साहित भएर बलात्कार गरिरहेको पनि देखिन्छ। कसैले कसैलाई बलात्कार गर्छ भने ऊ कसरी बालक हुन सक्छ ? उमेरले बालक हुँदैमा बलात्कारीलाई बालक भनेर सजायबाट उन्मुक्ति दिने या कम सजाय हुने अवस्था आउनु हुँदैन। बलात्कारीलाई सजाय पुगेको छैन, थप सजायको व्यवस्था होस्।

● **पूर्णिमा तामाङ**, सुकेधारा, काठमाडौं

मधेशी नेताहरू सुध्रिने कहिले ?

मधेश प्रदेशले यही माघ ३ गते स्वाभिमान दिवस मनायो भने पाँच गते बलिदान दिवस मनाउँदै छ। मधेशको अधिकार प्राप्तिका लागि विगतमा भएका विभिन्न समयका विद्रोहपछि देश संघीयतामा गयो। मधेशले पहिचानमा आधारित नाम पायो। तर, मधेशी नेताहरू सत्ताका लागि एक-आपसमा फुटेपछि मधेशको मुद्दा कमजोर भएको छ। उनीहरू सुध्रिएनन् र एक हुन सकेनन् भने मधेश अझै कमजोर हुन सक्छ है !

● **सिर्जना यादव**
जलेश्वर, महोत्तरी

जनताले साथ देलान् र ?

एमाले अध्यक्ष केपी ओलीले आन्दोलनमा जानुपर्ने परिस्थिति बन्दै गरेको बताएको समाचार पढियो। उनले मुलुकलाई बर्बाद हुनबाट जोगाउन सशक्त आन्दोलनमा उत्रिनुपर्ने अवस्था सिर्जना भइरहेको दाबी गरेका रहेछन्। यो मुलुक बर्बाद गराएको केपी ओलीलगायत विभिन्न दलका शीर्ष नेताहरूले नै हो। उनीहरू नै छन् विगत ३० वर्षदेखि सत्तामा। अनि, उनीहरूले नै बर्बाद बनाएको मुलुक जोगाउन हामी फेरि उनीहरूकै पछुवा भएर आन्दोलनमा उत्रिनुपर्ने ?

● **गौरव पाखिन**
सिनामंगल, काठमाडौं

सुशासनका लागि पाँच बुँदा

हामीकहाँ सुशासनको अवस्था निकै कमजोर छ। आमनागरिकले कहींकतै सुशासनको अनुभूति गर्न पाएको देखिन्न। कुनै पनि कार्यालयमा जबसम्म यी पाँच बुँदा अनिवार्य रूपमा लागू हुँदैन, तबसम्म सुशासनभन्दा पनि कुशासन हाबी भई सेवाग्राहीले सास्ती खप्नुपर्ने अवस्था आउन सक्छ।

१. कार्यालयको इमेल सम्भव भए सम्पूर्ण कर्मचारीलाई आवश्यक पर्दा वेला पहुँचयोग्य बनाउने। कम्तीमा सबै शाखा/महाशाखा प्रमुखसम्म अनिवार्य गर्नुपर्छ। कार्यशैलीमा 'क्विक रेस्पोन्स' गर्न सकिने बनाउनुपर्छ। २. कार्यालयको दैनिक खर्च विवरण कम्तीमा शाखा/महाशाखा प्रमुखलाई अवगत गराउनुपर्छ। आवश्यक पर्दा सबैका लागि सहजै पहुँचयोग्य बनाउनुपर्छ। ३. कार्यालयको खरिद व्यवस्थापन 'पाम्स' प्रयोगमा सम्बन्धित शाखा/महाशाखाको समान र सहज पहुँच हुनुपर्छ। ४. कार्यालयको स्पष्ट नतोकिएको शीर्षकमा खर्च लेख्दा जिम्मेवार व्यक्तिले कम्तीमा शाखाहरूसँग समन्वय गर्नुपर्छ। समन्वय नभएमा एउटाले पहिल्यै गरिसकेको कामका लागि अर्काले पनि खर्च पेस गर्ने अवस्था आउन सक्छ। ५. कार्यालयका एक-दुईजनासँग निकट भए भइहाल्छ, बाँकीसँग किन समन्वय गर्नुपऱ्यो भन्ने सोचको अन्त्य गर्नुपर्छ। कम्तीमा शाखा/माहाशाखाबीच एक-अर्कासँग समन्वय र सहकार्य अनिवार्य गराउनुपर्छ।

यति गर्न सकियो भने कार्यालयभित्र सुशासन कायम भई जनताले असल सेवा प्रवाहको अनुभूति गरी सुशासनको सुगन्ध सुँघ्न पाउलान्, नत्र सुशासनका आयामको धज्जी उड्ने निश्चित छ।

● **सदन भण्डारी**, नेपालगन्ज, बाँके
sadanbhd2052@gmail.com

दक्षिण अफ्रिकालाई धन्यवाद

यदि अन्तर्राष्ट्रिय न्यायालयले साँच्चै न्याय दियो भने यसले दक्षिण अफ्रिकाको मुद्दालाई उचित मान्यता दिनेछ



देश/विदेश

● जेरेमी कोर्बिन

अन्तर्राष्ट्रिय न्यायालयमा वकिल ब्लिन नि ग्रलाईले 'गाजामा कुनै पनि ठाउँ सुरक्षित छैन र विश्व यसबाट लज्जित हुनुपर्छ' भन्दै टुंग्याएको बयानलाई म सदैव सम्झिनेछु। हाम्रा टेलिभिजनका स्क्रिनमा लाखौँ मानिसले व्यहोरिरहेको त्रासदीलाई पूर्ण प्रमाणसहित नि ग्रलाईले अभिव्यक्त गरेकी छिन्।

'यो विश्वकै पहिलो नरसंहार हो, जहाँ हतास मानसिकता एवं झिनो आशा बोकेर पीडितले विश्व मद्दतका लागि अघि सर्ला कि भनेर आफूमाथि बर्सिइरहेको कहरको आफैँले प्रसारण गरिरहेका छन्' भन्दै दक्षिण अफ्रिकाको प्रतिनिधित्व गरिरहेकी आइरिस वकिल ग्रलाईले प्यालेस्टाइनका जनतालाई समर्थन गरेकी थिइन्। आइरिस एवं दक्षिण अफ्रिकाका जनताका लागि अतिक्रमित भूमिका मानिसप्रतिको सहानुभूति हुनु स्वाभाविक हो। यस अर्थमा दक्षिण अफ्रिकाले 'इजरायलको २५ वर्षको अपर्थाइड (राज्य संरक्षित नश्लभेद), ५६ वर्षको अतिक्रमण र गाजा क्षेत्रमा १६ वर्षदेखिको नियन्त्रण'का विस्तृत सन्दर्भमा इजरायलले गरिरहेको गतिविधिविरुद्ध मुद्दा चलाउनु अस्वाभाविक होइन। दक्षिण अफ्रिकाले सामान्य तर यो मुलुक (बेलायत) का नेताले उच्चारण गर्न नचाहेको कुरा व्यक्त गरेको सुन्न पाउनु उल्लेखनीय ढंगले स्वस्फुर्तिदायक लागेको छ। अपर्थाइड व्यहोरेका र त्यसलाई विघटन गर्न सफल जनताको नेतृत्वमा भइरहेको सुनुवाइले अभूतपूर्व अन्तर्राष्ट्रिय ऐक्यबद्धता झल्काइरहनेछ। हो, त्यसैवेला हाम्रो राजनीतिक व्यवस्थाको खोक्रोपन पनि उजागर हुँदै जानेछ। ऐक्यबद्धता दिनानुदिन बढिरहेको छ। दक्षिण अफ्रिकाले दायर गरेको मुद्दाप्रति बोलिभिया, ब्राजिल, कोलम्बियाजस्ता मुलुक एवं अन्तरदेशीय संस्था अरब लिगले पनि समर्थन जनाएका छन्। बेलायतका राजनीतिज्ञले चाहे जतिसुकै अस्वीकार्यता व्यक्त गरून्, तर विश्वभरका लाखौँ मानिस नरसंहारको अन्त्य भएको देख्न चाहन्छन् र न्याय एवं शान्तिका लागि हुने प्रयासलाई समर्थन गरिरहनेछन्।

बिहानको ६ बजेको चिसोमा अन्तर्राष्ट्रिय न्यायालय प्रवेश पाउन हामी पंक्तिबद्ध थियौँ। लिंग अफ नेसन्सले पहिलो विश्वयुद्धपछि शान्ति एवं न्यायका लागि हेगमा अन्तर्राष्ट्रिय न्यायालय स्थापना गरेको थियो। न्यायालयको भवन निकै सुन्दर छ। र, न्यायालय भवनबाहिर गाजा र वेस्ट बैंकमा आफन्त गुमाएका प्यालेस्टिनी जनता न्यायको प्रतीक्षा गरिरहेका थिए।

दक्षिण अफ्रिकाले नरसंहार अभिसन्धिअन्तर्गत इजरायलविरुद्ध मुद्दा दायर गरेको छ। सुनुवाइमा सबैले देख्ने गरी नृशंसता बयान गरिएको थियो। दक्षिण अफ्रिकाले पेस गरेका दलिल उत्कृष्ट थिए र यसका लागि दक्षिण अफ्रिकालाई धन्यवाद दिनैपर्छ। दुःखको कुरो हाम्रा अधिकांश मिडियाले दक्षिण अफ्रिकाका दलिललाई प्रसारण गर्न आवश्यक नै ठानेनन्। बिबिसीले दक्षिण अफ्रिकाको दलिल प्रसारण गरेन, तर भोलिपल्ट इजरायली दलिलको प्रत्यक्ष प्रसारण गरेको थियो। यस मामिलामा अल जजिरालाई धन्यवाद दिनुपर्छ, किनभने अल जजिराले सुनुवाइको प्रत्यक्ष प्रसारण गरेको थियो। यति मात्रै नभई अल जजिराले आफ्ना पत्रकार सदस्य गुमाएर भए पनि युद्धको निरन्तर एवं सटिक समाचार उपलब्ध गराइरहेको पनि छ।

दक्षिण अफ्रिकाले नरसंहार अभिसन्धि सबै मानिसको रक्षा गर्न बनेको हो भन्ने जनाउँदै इजरायलले गाजाका आमजनताको जीवनका मामिलामा नियतवश एवं प्रणालीगत रूपमा अभिसन्धि उल्लंघन गरेको बताएको छ। दक्षिण अफ्रिकाले सुनुवाइमा नेतन्याहु र अन्य इजरायली नेताको अभिव्यक्ति उल्लेख गरेको छ, यी नेताहरूले गाजाको जनसंख्या कम्तीमा ९० प्रतिशतले घटाउने दाबी गरेका थिए। दक्षिण अफ्रिकाले



तस्बिर : रमल्लाह म्युनिसिपेलिटी

प्यालेस्टिनी जनताको अभिव्यक्ति बोलेको छ। यो युद्ध समान पक्षबीच भइरहेको छैन, बरु युद्ध प्यालेस्टिनी जनताको सफायाका लागि भइरहेको छ।

दक्षिण अफ्रिका इतिहासको सत्य पक्षमा मात्रै नभई इतिहास पनि बदल्ने कोसिस गरिरहेको छ। यदि अन्तर्राष्ट्रिय न्यायालयले साँच्चै न्याय दिन्छ भने यसले दक्षिण अफ्रिकाको मुद्दालाई उचित मान्यता दिनेछ। न्यायालयले बमबारीलाई गलत, गैरकानुनी र प्यालेस्टिनी जनतामाथिको सामूहिक दण्ड हो भनेर स्विकार्नेछ। र, अन्ततः न्यायालयले इजरायलको गतिविधि नरसंहार हो भनेर घोषणा गर्नेछ।

तर, यसबीच दक्षिण अफ्रिकाले अन्तरिम राहतको माग गरेको छ, अर्थात् यथाशक्य चाँडो कार्यन्वयन हुने गरी युद्धविरामको माग गरेको छ। वास्तवमा यो माग आमजनताको जीवनरक्षा चाहने सबै मुलुकको हुनुपर्ने हो। लज्जाको कुरो यस्तो माग राख्ने नेता अमेरिका र बेलायतको राजनीतिक प्रणालीले निकै कम संख्यामा चुनेको छ। न्याय एवं शान्तिपूर्ण भविष्यको बाटो कोर्न सबै पक्षले युद्धविरामको माग राख्नुको विकल्प छैन। युद्धविरामको माग प्यालेस्टिनी जनताको हो, न कि प्यालेस्टिनी जनतालाई समर्थन गर्नेको हो। ऐक्यबद्धतामा यसो वा उसो गर भन्ने अख्तियारी हुँदैन। सुनुवाइ सकिएपछि कटकटाउँदो चिसोमा वकिलको उत्कृष्ट टोलीले न्यायालयको खुइकिलोमा पत्रकारको ठूलो समूहबाट प्रश्न लिइरहेका थिए। म त्यहाँ प्रोग्रेसिभ इन्टरनेसनलका तर्फबाट पुगेको थिएँ। हामीले अगाडि सडकमा मिडिया कार्यक्रम राखेका थियौँ। हामीले विश्वभरका आमजनताको लोकप्रिय आवाज शान्ति भएको दोहोऱ्यायौँ र प्यालेस्टिनी जनताले न्याय नपाउन्जेल अभियान चलाउने बतायौँ।

'हामीले सक्नेजति गऱ्यौँ। हामीलाई सम्झिनुहोस्' भनेकी नि ग्रलाईले आफ्नो बयान सक्ने क्रममा गाजाको अस्पतालको ह्वाइटबोर्डका दुई फोटो सार्वजनिक गरेकी थिइन्। पहिलो फोटोमा ह्वाइटबोर्डमा चिकित्सकको सन्देश थियो भने दोस्रो फोटो सोही ह्वाइटबोर्डको थियो, इजरायली क्षेप्यास्त्रले क्षतिग्रस्त थियो, ह्वाइटबोर्डमा सो सन्देश लेख्ने चिकित्सक मारिएका थिए। दसौँ लाख मानिस गाजामा प्रत्यक्ष रूपमा भइरहेको मानवीय जीवनको क्षतिलाई लिएर स्तब्ध छन्। प्यालेस्टिनी र इजरायलीलाई बराबर हैसियतमा हेर्न नमान्नेलाई इतिहासले बिर्सनेछैन। तर, यति भन्दै गर्दा शान्तिपूर्ण विश्वका लागि अभियान चलाउने मानिसलाई पनि इतिहासले सम्झिनेछ।

(कोर्बिन बेलायतको लेबर पार्टीका नेता हुन्)
ट्रिब्युनबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

भाखा नाघेको कर्जा बुझाउनेबारे कृषि विकास बैंक लि.को २१ दिने सूचना

यस बैंकको तपसिलका कार्यालयहरूबाट तपसिलबमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिएबमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन, नियमबमोजिम कर्जा लिँदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरा समेत जानकारी गराउँछौं। साथै तपसिलबमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूलाई बैंकबाट कर्जा लिन मञ्जुरीनामा दिने व्यक्तिहरूलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराइएको छ।

सम्बन्धित कार्यालयको नाम : शाखा कार्यालय, धुलाबारी झापा।

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	पिता/पतिको नाम	बाजे/ससुराको नाम	उद्देश्य	साँवा रकम	२०८०।१०।०१ सम्मको ब्याज तथा अन्य रकम	जम्मा तिर्नु पर्ने रकम	धितो मञ्जुरीनामा/जमानत दिने
१.	ट्रेन्ज कृषि फर्म प्रो. चक्र बहादुर लिम्बु	मेचीनगर ९, झापा	खडग बहादुर लिम्बु	टेक बहादुर लिम्बु	व्यावसायिक कृषि तथा पशुपंक्षी पालन कर्जा	३३१,८५२	४०,७५०	३७२,६०२	१. गणेश बहादुर तामाङ, मेचीनगर ९ (साविक मेचीनगर ५, झापा) २. मालति राई, मेचीनगर ९, (साविक मेचीनगर ४, झापा) ३. नरेन्द्र श्रेष्ठ, मेचीनगर ९ (साविक मेचीनगर १, झापा) ४. चक्र बहादुर लिम्बु , विर्तामोड ५, झापा
२.	मार्गरिट ईन होटल एण्ड लज प्रो. चन्द्रकला गौतम न्यौपाने	अर्जुनधारा न.पा वार्ड नं. ११, झापा	ओमनाथ गौतम/मुक्तिनाथ न्यौपाने	जग्गनाथ गौतम	महिला उद्यमशीलता कर्जा	५९९,९५४	५४,५६२	६५४,५१६	१. मुक्तिनाथ न्यौपाने, बुद्धशान्ति २, झापा। २. हिमाल न्यौपाने, बुद्धशान्ति २, झापा। ३. चन्द्रकला गौतम न्यौपाने, बुद्धशान्ति २, झापा।
३.	हिमाल फर्निचर उद्योग प्रो. मुक्तिनाथ न्यौपाने	बुद्धशान्ति २, झापा	तारा प्रसाद न्यौपाने	धनपति न्यौपाने	उद्योग कर्जा	१३,३००,०००	२,२२०,२१२	१५,५२०,२१२	१. हिमाल न्यौपाने, बुद्धशान्ति २, झापा। २. चन्द्रकला गौतम न्यौपाने, बुद्धशान्ति २, झापा।
४.	निर्मला आचार्य	मेचीनगर १४, झापा	दुर्गा प्रसाद आचार्य/डिल्ली खतिवडा	अविकेशर आचार्य हेमलाल खतिवडा	व्यक्तिगत ओडि	२,५००,०००	३७६,७४४	२,८७६,७४४	१. डिल्ली खतिवडा, मेचीनगर १४, झापा। २. डिनिप खतिवडा, मेचीनगर १४, झापा ।
					सरल कृषि	२,०००,०००	२८०,१५६	२,२८०,१५६	
५.	निर्मला स्टोर्स प्रो. निर्मला आचार्य	मेचीनगर १४, झापा	दुर्गा प्रसाद आचार्य/डिल्ली खतिवडा	अविकेशर आचार्य हेमलाल खतिवडा	व्यापार	२,०००,०००	२४७,०४७	२,२४७,०४७	१. डिल्ली खतिवडा, मेचीनगर १४, झापा। २. डिनिप खतिवडा, मेचीनगर १४, झापा ।
६.	साई रोशनी प्याथोलोजि प्रो. सरिन गिरी	मेचीनगर १०, झापा	राम बहादुर गिरी	सेतु गिरी	सेवा कर्जा	१,९८०,०००	४००,६१०	२,३८०,६१०	१. धन कुमारी गिरी, मेचीनगर १०, झापा। २. अम्बिका खड्का, मेचीनगर १०, झापा।
					ओडि	१,०००,०००	१८४,१७९	१,१८४,१७९	
७.	चन्द्र बहादुर मगर	मेचीनगर ३, झापा	धन बहादुर मगर	विष्णु बहादुर मगर	घरायसी	२,०००,०००	३०२,३६४	२,३०२,३६४	१. रेनुक मगर, मेचीनगर ३, झापा। २. तिलकुमारी मगर, मेचीनगर ३, झापा ३. तेज बहादुर मगर, मेचीनगर ३, झापा
८.	मन कुमार श्रेष्ठ	मेचीनगर ३, झापा	तेजमान श्रेष्ठ	शिव नारायण श्रेष्ठ	घरायसी	१,५००,०००	२५८,६३६	१,७५८,६३६	१. गंगामाया श्रेष्ठ, मेचीनगर ३, झापा। २. विनिसा श्रेष्ठ, मेचीनगर ३ झापा ।
९.	विमल बराल	मेचीनगर १५, झापा	लक्ष्मी प्रसाद बराल	मनोरथ बराल	सरल कृषि	५००,०००	६१,८६४	५६१,८६४	
१०.	चुडामणि न्यौपाने	बुद्धशान्ति ५, झापा	दाताराम न्यौपाने	पदमलाल न्यौपाने	सरल कृषि	४००,०००	३७,३८९	४३७,३८९	१ खगिगमाया न्यौपाने, बुद्धशान्ति ५, झापा।

कृषि विकास बैंक लिमिटेड
प्रदेश कार्यालय, विराटनगर

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

केन्द्रीय कार्यालय:
ज्ञानेश्वर-३०, काठमाडौं
फोन नं.: +९७७-०१-४५४०११५/१६६
टोल फ्रि नं. १६६००-११-३०००
E-mail:customercare@kamanasewabank.com
www.kamanasewabank.com

थप जानकारीको लागि QR Scan गर्नुहोला

यस बैंकको विभिन्न शाखा कार्यालयमा धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्ति (घर/जग्गा) लिलाम बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मिति : २०८०/१०/०४

यस विकास बैंकको विभिन्न शाखा कार्यालयबाट तपसिलमा उल्लिखित ऋणीले विभिन्न कर्जा शीर्षकमा उपभोग गर्नुभएको ऋणकर्जा बैंकसँग भए गरेको सम्झौता बमोजिम नबुझाउनु भएको हुँदा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरी बैंकसँग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएकोले बैंकले ऋणकर्जा चुक्ता भुक्तान गर्न आउनु भनी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी/धितोजमानीकर्ता र व्यक्तिगत धनजमानीकर्ता लाई सूचित गर्दा समेत उक्त ऋणकर्जाको साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै-दस्तुर चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेकोले उक्त ऋणकर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लिखित सम्पति जे-जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा बैंकको नियम तथा प्रचलित ऐन, कानूनको अधीनमा रही गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुलउपर गर्ने उद्देश्यल १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उपरोक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ-संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) यस बैंकको कार्यालय समय भित्र यसै सूचना तथा बोलपत्र फारममा उल्लिखित शर्तहरुको अधीनमा रही रीतपूर्वक भरी यस बैंकको केन्द्रीय कार्यालय, ज्ञानेश्वर, काठमाडौंमा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ। साथै प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्तिहरु (घर/जग्गा) लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री भई बैंकले असुलउपर गर्नुपर्ने सम्पूर्ण लेना रकम उसुलउपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकको कर्जा असुली नीति तथा अन्य प्रचलित ऐन, कानून बमोजिम ऋणी तथा जमानीकर्ताहरुको अन्य चल-अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा जानकारी गराउदै ऋणी, धितो तथा व्यक्तिगत धनजमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सवैलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्नको लागि सिफारिश गरि पठाइने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

सि. नं.	ऋणीको विवरण	धनजमानीकर्ताको विवरण	धितोमा रहेको सम्पत्तिको विवरण
१.	**प्युस्का कोल्ड ड्रिंक्स सेन्टर** **प्रा.फ.रं.नं. : ६२८/८५६२** ठेगाना : बाहुनडाँगी-०४, झापा दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, झापा स्थायी लेखा नं.: ६०१२७४९७८ **प्रोपाईटर/धनजमानीकर्ता: पुष्पा देवी मगर** **ना.प्र.नं.: ०३०१९३/९६९** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, इलाम पति : उत्तम सिठुङ ससुरा : दल बहादुर सिठुङ मगर ठेगाना : दानाबारी-०९, इलाम, हाल मेचीनगर-०२, झापा। **शाखा : विर्तामोड** **कर्जा शीर्षक : साना व्यापार कर्जा आवधिक र साना व्यापार कर्जा अधिविकर्ष**	**दल बहादुर सिठुङ मगर** **ना.प्र.नं. : ०४१००१/५७५** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, झापा बाबु : कुल बहादुर सिठुङ मगर बाजे : मान बहादुर सिठुङ मगर ठेगाना : बाहुनडाँगी-०४, झापा हाल मेचीनगर-०२, झापा। **गंगामाया सिठुङ मगर** **ना.प्र.नं. : ०४१००१/५७४** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, झापा पति : दल बहादुर सिठुङ मगर ससुरा : कुल बहादुर सिठुङ मगर ठेगाना : बाहुनडाँगी-०४, झापा हाल मेचीनगर-०२, झापा। **उत्तम सिठुङ** **ना.प्र.नं. : ०५३११६१३** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, झापा बाबु : दल बहादुर सिठुङ मगर बाजे : कुल बहादुर सिठुङ मगर ठेगाना : बाहुनडाँगी-०४, झापा हाल मेचीनगर-०२, झापा।	१) दल बहादुर सिठुङ मगरको नाममा मालपोत कार्यालय भद्रपुर,झापामा दर्ता कायम रहेको निम्न अनुसारको घरजग्गा ठेगाना: बाहुनडाँगी-०४, झापा; नक्सा सिट: ४; कित्ता नं.: १०६६; क्षेत्रफल (बि/व.मी): १-०-०-० (६७७२.६३) ठेगाना: बाहुनडाँगी-०४, झापा; नक्सा सिट: ४; कित्ता नं.: ५१२; क्षेत्रफल (बि/व.मी): ०-६-०-० (२०३१.७८) साथै, सम्पूर्ण लिगलगापात समेत।
२.	**रिभरसाइड कटेज रेष्टुरेन्ट एण्ड लज** **प्रा.फ.द.नं. : २५५/५६११/०७२/०७३** ठेगाना : खजुरा-०२, बाँके दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, बाँके, नेपालगंज स्थायी लेखा नं.: ६०३७९६११९ **प्रोपाईटर/धनजमानीकर्ता : टोप बहादुर बुढा क्षेत्री** **ना.प्र.नं. : ६६१०३८/५१७** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, बाँके बाबु : तिलक बहादुर बुढा क्षेत्री बाजे : टेक बहादुर बुढा क्षेत्री ठेगाना : सीतापुर-०७, बाँके हाल, खजुरा-०२, बाँके। **शाखा : नेपालगंज** **कर्जा शीर्षक : सरल व्यापार कर्जा आवधिक (व्यवसायको नाममा) र सरल अधिविकर्ष कर्जा (प्रोप्राईटरको नाममा)**	**छायाँ बुढा क्षेत्री** **ना.प्र.नं. : ६६३०३८/४४** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, बाँके पति : टोप बहादुर बुढा क्षेत्री ससुरा : तिलक बहादुर बुढा क्षेत्री ठेगाना : सीतापुर-०७, बाँके हाल, खजुरा-०२, बाँके।	१) टोप बहादुर बुढा क्षेत्रीको नाममा मालपोत कार्यालय बाँकेमा दर्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा) ठेगाना: सितापुर-७, बाँके; नक्सा सिट: ०३५१२८४; कित्ता नं.: ८७५; क्षेत्रफल (बि/व.मी): ०-०-०-० (३३८.६३) ठेगाना: सितापुर-७, बाँके; नक्सा सिट: ०३५१२८४; कित्ता नं.: ८४१; क्षेत्रफल (बि/व.मी): ०-०-०-० (१६९.३१) साथै, सम्पूर्ण लिगलगापात समेत।
३.	**गुणनिधी पोल्ट्री फर्म** **प्रा.फ.नं. : ३७१/३२८५/०७२/०७३** ठेगाना : भीमदत्त -०९, कञ्चनपुर दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, कञ्चनपुर स्थायी लेखा नं.: ६०३९३९९१० **प्रोपाईटर/धनजमानीकर्ता : हरिश दत्त जोशी** **ना.प्र.नं. : १६८३१३** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर बाबु : मोहन दत्त जोशी बाजे : हरि भक्त जोशी ठेगाना : कञ्चनपुर जिल्ला, महेन्द्रनगर -०९, हाल भीमदत्त -०९, कञ्चनपुर **शाखा कार्यालय : महेन्द्रनगर** **कर्जा शीर्षक : सरल व्यापार अधिविकर्ष कर्जा तथा सरल व्यापार कर्जा आवधिक**	**मोहन दत्त जोशी** **ना.प्र.नं. : ७०६०** जारी गर्ने कार्यालय : जिल्ला कार्यालय, दार्चुला बाबु : हरि भक्त जोशी बाजे : बलभद्र जोशी ठेगाना : दार्चुला जिल्ला, लाली -०४, हाल कञ्चनपुर जिल्ला, भीमदत्त -०९ **महेश जोशी** **ना.प्र.नं. : ७५१००१/९४६५** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर बाबु : मोहन दत्त जोशी बाजे : हरि भक्त जोशी ठेगाना : कञ्चनपुर जिल्ला, भीमदत्त -०९ **श्रीमती सरस्वती देवी जोशी** **ना.प्र.नं. : २४४८/७४८** जारी गर्ने कार्यालय : जिल्ला कार्यालय, कञ्चनपुर पति : मोहन दत्त जोशी ससुरा : हरि भक्त जोशी ठेगाना : कञ्चनपुर जिल्ला, महेन्द्रनगर -०९, हाल भीमदत्त -०९, कञ्चनपुर **सुरेश दत्त जोशी** **ना.प्र.नं. : ७५१००१/९५६६** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर बाबु : मोहन दत्त जोशी बाजे : हरि भक्त जोशी ठेगाना : भीमदत्त -०९, कञ्चनपुर	१) मोहन दत्त जोशीको नाममा मालपोत कार्यालय महेन्द्रनगर, कन्चनपुरमा दर्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा) ठेगाना: महेन्द्रनगर न.पा.-९; नक्सा सिट: ०२०१२१४१; कित्ता नं.: ५६७३; क्षेत्रफल (बि/व.मी): ०-०-०-० (२८५८.००) साथै, सम्पूर्ण लिगलगापात समेत।
४.	**सर्दी आयल स्टोर्स** **सा.फ.नं. : १७२५/९३२४** ठेगाना : वेनिमणिपुर न.पा-०९, नवलपरासी दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी। स्थायी लेखा नं. : ६०५५५०४०५ **अख्तियार प्राप्त साझेदार/ धनजमानीकर्ता : बसन्त कुमार श्रेष्ठ** **ना.प्र.नं. : ४२१६२०** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, स्याङ्जा बाबु : खड्क नारायण श्रेष्ठ बाजे : कृष्ण नारायण श्रेष्ठ ठेगाना : वालिङ-०१, हाल वालिङ न.पा-०९, स्याङ्जा। **शाखा कार्यालय : वालिङ** **कर्जा : व्यापार आवधिक कर्जा किस्तावन्दी**	**श्रीमती नन्द कुमारी श्रेष्ठ** **ना.प्र.नं. : १४४७** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, स्याङ्जा पति : खड्क नारायण श्रेष्ठ ससुरा : कृष्ण नारायण श्रेष्ठ ठेगाना : वालिङ-०१, हाल वालिङ न.पा-०९, स्याङ्जा। **बविता श्रेष्ठ** **ना.प्र.नं. : १६३५** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, स्याङ्जा पति : बसन्त कुमार श्रेष्ठ ससुरा : खड्क नारायण श्रेष्ठ ठेगाना : वालिङ-०१, हाल वालिङ न.पा-०९, स्याङ्जा। **गोविन्द पौडेल** **ना.प्र.नं. : ३६२०३५/५२३** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नवलपरासी बाबु : खेमराज पौडेल बाजे : हरिदत्त पौडेल ठेगाना : वेनीमणीपुर-०९, हाल विनयी त्रिवेणी गा.पा.-०४, नवलपरासी। **खेम राज पौड्याल** **ना.प्र.नं. : १२/६४** जारी गर्ने कार्यालय : जिल्ला कार्यालय, नवलपरासी बाबु : हरि दत्त पौडेल बाजे : रामभद्र ठेगाना : वेनीमणीपुर-०९, हाल विनयी त्रिवेणी गा.पा.-०४, नवलपरासी। **मुलीराम पंजियार** **ना.प्र.नं. : ९४४८** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नवलपरासी बाबु : दल बहादुर पंजियार बाजे : बन्धु पंजियार ठेगाना : वेनीमणीपुर-०९, हाल विनयी त्रिवेणी गा.पा.-०४, नवलपरासी। **शान्ति पौडयाल पंजियार** **ना.प्र.नं. : ४२२७८** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नवलपरासी पति : मुलीराम पंजियार ससुरा : दल बहादुर पंजियार ठेगाना : वेनीमणीपुर-०९, हाल विनयी त्रिवेणी गा.पा.-०४, नवलपरासी।	१) बसन्त कुमार श्रेष्ठको नाममा मालपोत कार्यालय वालिङ, स्याङ्जामा दर्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा) ठेगाना: वालिङ-१; नक्सा सिट: १; कित्ता नं.: ७९; क्षेत्रफल (बि/व.मी): १-१४-०-३ (९५९.८५) ठेगाना: वालिङ-१; नक्सा सिट: १; कित्ता नं.: ६२७०; क्षेत्रफल (बि/व.मी): १-१३-३-१ (९४७.९३) साथै, सम्पूर्ण लिगलगापात समेत। २) मुलीराम पंजियारको नाममा मालपोत कार्यालय नवलपरासी, कावासोतीमा दर्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा) ठेगाना: बेनीमणीपुर-९; नक्सा सिट: ९; कित्ता नं.: ४२; क्षेत्रफल (बि/व.मी): ०-०-०-० (५१०.००) साथै, सम्पूर्ण लिगलगापात समेत। ३) खेमराज पौडेल (खेम राज पौडयाल)को नाममा मालपोत कार्यालय नवलपरासी, कावासोतीमा दर्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा) ठेगाना: बेनीमणीपुर-९; नक्सा सिट: ९; कित्ता नं.: ४०; क्षेत्रफल (बि/व.मी): ०-०-०-० (४०५.००) साथै, सम्पूर्ण लिगलगापात समेत।

धितो लिलाम बिक्री सम्बन्धी शर्तहरु :

१. बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर र बैंकका शाखा कार्यालयहरुबाट रु. १,००० (एक हजार रुपैया मात्र फिर्ता नहुने गरी) बुझाई प्राप्त गर्न सकिनेछ। बोलपत्रमा बोलपत्र दाताहरुको हस्ताक्षर सहित खामबन्दी गरी खाममा बाहिरपट्टि लिलाम बढाबढ मार्फत सम्पत्ति (घर/जग्गा) खरिद गर्न चाहेको लिलाम बिक्रीको बोलपत्र भनी स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ। संस्था भएमा संस्थाको छाप र अख्तियार प्राप्त व्यक्तिको हस्ताक्षर र छाप समेत अनिवार्य लगाएको हुनुपर्नेछ।

२. गोप्य सिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र र अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा-३०, ज्ञानेश्वरमा आइपुग्ने गरी कार्यालय समय भित्र दाखिला गरी दर्ता गरि सक्नु पर्नेछ। म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त उल्लेख गरि दिएका बोलपत्र उपर कुनै कारबाही गरिने छैन।

३. बोलपत्र पेश गर्दा सबै सम्पत्ति (घर/जग्गा) वा कुनै एक सम्पत्ति अलग-अलग कित्ता समेत खरिद गर्ने गरी बोलपत्र पेश गर्न सकिनेछ।

४. आफूले खरिद गरी लिन चाहेको धितोमा रहेको सम्पत्ति (घर/जग्गा) के कति रकममा लिन चाहेको हो सो रकमको विवरण अङ्क र अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ। अङ्क र अक्षरमा फरक फरक ब्यहोरा लेखिएको भए अक्षरमा लेखिएको ब्यहोरालाई मान्यता दिईनेछ।

५. बोलपत्रदाताले बोलपत्र आवेदनसाथ आफूले खरिद गर्न कबोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत यस बैंकको धरौटी खातामा नगदै दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक वा वित्तीय संस्थाको Good for Payment गरिएको A/C Payee Cheque संलग्न गर्नु पर्नेछ र सो रकममा कुनै ब्याज दिईने छैन। साथै लिलाम सदर वा बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता हुने छैन।

६. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म, कम्पनी हुनुपर्नेछ। साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा नागरिकताको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, संचालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बरको प्रतिलिपि, करचुक्ता आदि आवेदन साथ पेश गर्नुपर्नेछ।

७. रीतपुर्वक पर्न आएका बोलपत्र यो सूचनाको म्याद समाप्त भएको लगतैको कार्यदिनमा दिनको २:०० बजे बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वरमा बोलपत्रदाता वा निजको प्रतिनिधि र उपस्थित सरकारी कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। सो दिन लिलाम विक्री सम्वन्धी काम समाप्त नभएमा वा सो दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदा पछि लगत्तै कार्यालय खुलेको दिन लिलाम विक्री सम्वन्धी काम सम्पन्न गरिनेछ। साथै प्रतिनिधि उपस्थित नभए पनि गोप्य सिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

८. बोलपत्र प्रस्ताव स्वीकृत भएमा धरौटी बाहेकको बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिए पश्चात बैंकले तोकेको मितिभित्र यस बैंकमा नगदै जम्मा गरि धितोमा रहेको (लिलाम सकार गरेको) सम्पत्ति आफ्नो नाममा दाखिल खारेज गराई लिनु पर्नेछ। यसरी बाँकी रकम जम्मा गर्ने समयसीमा प्रदान गर्ने अधिकार यस बैंकमा निहित रहनेछ। सम्पत्ति (घर/जग्गा) नामसारी गर्न लाग्ने सरकारी राजस्व, शुल्क तथा अन्य सम्पूर्ण खर्चहरु सकार गरि लिने स्वयमले व्यहोर्नु पर्नेछ।

९. बोलपत्रमा पेश गरेको रकमले बैंकको कर्जा चुक्ता नभएमा वा अत्यन्त न्यून रकम कबोल गरेमा वा बोलपत्र स्वीकृत नभएमा वा स्वीकृत मोलमा सो सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियम बमोजिम सो सम्पत्ति बैंक आफैले सकार गर्न वा पून : सूचना जारी गरि लिलामी प्रक्रियामा जान सक्नेछ।

१०. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ। बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र धरौटी वापत जम्मा गरेको रकम भुक्तानी गरिनेछ।

११. धितोमा रहेको सम्पत्ति विक्री गर्ने वा नगर्ने वा बोलपत्रमा कबोल गरेको रकम स्वीकार गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहीत रहने छ।

१२. यस सम्बन्धी अन्य केही कुरा बुझ्नु पर्ने भएमा बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वरमा कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिनेछ।

१३. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

पूनश्च : उल्लिखित ऋणी/ प्रोपाईटर (अख्तियार प्राप्त साझेदार)/धितोजमानीकर्ता एवं धनजमानी दिनुहुने व्यक्ति समेतले उक्त तोकिएको मिति भित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा ब्याज तथा नियमानुसार लाग्ने अन्य दै-दस्तुर समेत सम्पूर्ण रकम कलम बुझाई एवं बुझाउन लगाई आफ्नो सम्पत्तिको संरक्षण गर्नु हुन यसै सूचनाद्वारा पुन जानकारी गराईन्छ। अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मूल्य घटी वा बढी हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सूचित गरिन्छ। उल्लिखित धितो सम्पत्ति लिलाम विक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरी लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त भएन वा कम मूल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनि कहीं कतै कुनै पनि किसिमको उजुर वाजुर गर्न पाइने छैन।

गोप्य सिलबन्दी बोलपत्र खोलिने मिति, समय र स्थान:
बोलपत्र पेश गर्ने अन्तिम मिति: २०८०/१०/१८ गते र बोलपत्र खोलिने मिति: २०८०/१०/१९
समय: दिनको : ३:०० बजे
सिलबन्दी बोलपत्र खोलिने स्थान : कामना सेवा विकास बैंक लिमिटेडको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर

अर्थ पत्रिका
नयाँ पत्रिका
बिहीबार ४ माघ ०८०

■ सरकारको एकीकृत वित्तीय विवरण-आर्थिक वर्ष ०७९/८०

तीनै तहका सरकारको आम्दानीभन्दा डेढ खर्ब बढी खर्च

कृष्ण रिजाल/नयाँ पत्रिका

तीनै तहका सरकारले आम्दानीभन्दा बढी खर्च गरेको देखिएको छ। गएको आर्थिक वर्षमा तीनै तहका सरकारले प्राप्तिभन्दा डेढ खर्ब रुपैयाँ बढी खर्च गरेको देखिएको हो।

अर्थ मन्त्रालयले बुधबार सार्वजनिक गरेको संघ, प्रदेश र स्थानीय तहको एकीकृत वित्तीय विवरणअनुसार आर्थिक वर्ष ०७९/८० मा तीनै तहका सरकारको कुल खर्च प्राप्तिभन्दा बढी देखिएको हो। उक्त आवमा तीनै तहका सरकारको कुल खर्च १७ खर्ब २४ अर्ब ४८ करोड देखिएको छ। जब कि उक्त आवमा तीनै तहले गरेको जम्मा प्राप्ति (राजस्व र अन्य आयसहित) १५ खर्ब ६४ अर्ब ५१ करोड रुपैयाँ रहेको छ। यसअनुसार सरकारको खर्च र प्राप्तिमा एक खर्ब ५९ अर्ब अपुग देखिन्छ।

यद्यपि, अन्य मौज्दात सामायोजन गर्दा आर्थिक वर्षको अन्तिममा एक खर्ब ५१ अर्ब रुपैयाँ नगद तथा बैंक मौज्दात रहेको देखिएको छ। खासगरी, स्थानीय तहका सञ्चित कोष र अन्य सरकारी कोषका रकम मौज्दात रहेका कारण तीनै तहको एकीकृत बाँकी नगद तथा मौज्दात धनात्मक देखिएको हो।

यस आवमा तीनै तहका कुल सरकारले चालूतर्फ नौ खर्ब ८३ अर्ब १९ करोड रुपैयाँ र वित्तीय व्यवस्थातर्फ एक खर्ब ९७ अर्ब ४५ करोड रुपैयाँ खर्च गरेका छन्। पुँजीगततर्फ भने पाँच खर्ब ४३ अर्ब ८४ करोड खर्च गरेको प्रतिवेदनमा उल्लेख छ।

■ २४ खर्बको बजेट, १८ खर्ब खर्च

समीक्षा वर्षमा तीनै तहका सरकारको कुल बजेटको औसत खर्च ७७.७८ प्रतिशत देखिएको छ। उक्त आवमा तीनै सरकारको कुल बजेट २४ खर्ब २१ अर्ब ८३ करोड रुपैयाँबराबरको थियो। कुल खर्च भने १८ खर्ब ८३ अर्ब ५९ करोड रुपैयाँ भएको प्रतिवेदनमा उल्लेख छ।

संघ, प्रदेश र स्थानीय तहले ल्याएको बजेटअनुसार चालूतर्फ कुल १६ खर्ब २८ अर्ब १० करोड विनियोजन भएकोमा १३ खर्ब ५६ अर्ब १५ करोड खर्च भएको छ। त्यस्तै, पुँजीगततर्फ सात खर्ब १३ अर्ब ७२ करोड विनियोजन भएकोमा पाँच अर्ब २७ करोड ४४ लाख खर्च भएको हो। वित्तीय व्यवस्थातर्फ भने चार खर्ब नौ अर्ब १४ करोड विनियोजन भएकोमा तीन खर्ब ५३ अर्ब ५३ करोड खर्च भएको प्रतिवेदनमा उल्लेख छ। बजेट विनियोजनअनुसार (तीनै तहको छुट्टाछुटै हिसाब राख्दा) चालूतर्फ संघको नौ खर्ब ९१ अर्ब ५० करोड, प्रदेशको ७९ अर्ब ८९ करोड र स्थानीय तहको दुई खर्ब ८४ अर्ब ७४ करोड खर्च भएको हो। पुँजीगततर्फ संघको दुई खर्ब ३४ अर्ब ६२ करोड, प्रदेशको एक खर्ब २४ अर्ब १८ करोड र स्थानीय तहको एक खर्ब ६८ अर्ब ६४ करोड खर्च भएको हो।



अर्थमन्त्री डा. प्रकाशशरण महतलाई संघ, प्रदेश र स्थानीय तहको एकीकृत वित्तीय विवरण प्रतिवेदन बुझाउँदै महालेखा नियन्त्रक हरिप्रसाद मैनाली। उक्त प्रतिवेदन अर्थ मन्त्रालयले बुधबार सार्वजनिक गरेको हो। फाइल तस्बिर

सरकारको सम्पत्ति दुई खर्ब एक अर्ब २७ करोड पुग्यो

नेपालका तीनै सरकारको समेत गरेर कुल सम्पत्ति दुई खर्ब एक अर्ब २७ करोड पुगेको छ। संघको एक खर्ब ३४ करोड ७६ लाख, प्रदेशको २९ अर्ब ७८ करोड र स्थानीय तहको ३६ अर्ब ७२ करोड ९४ लाख रुपैयाँबराबरको सम्पत्ति रहेको हो। गएको आव ०७८/७९ सम्ममा सरकारको सम्पत्ति एक खर्ब ५० अर्ब ९५ करोड ९१ लाख रुपैयाँ प्रविष्ट भएको थियो। आव ०७७/७८ मा सरकारको यस्तो सम्पत्ति एक खर्ब ८० करोडबराबर रहेको थियो। सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पिएएमएस)मा आर्थिक वर्ष ०७८/७९ सम्ममा सरकारको सम्पत्ति एक खर्ब ५० अर्ब ९५ करोड ९१ लाख रुपैयाँ प्रविष्ट भएको छ। जुन आव ०७७/७८ मा प्रविष्ट भएको सम्पत्तिको तुलनामा ५० अर्ब १५ करोड रुपैयाँले बढी हो। महालेखा नियन्त्रक कार्यालयले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पिएएमएस)मार्फत सम्पत्तिको मौज्दात अद्यावधिक गर्छ। जसअनुसार गएको आवमा नेपाल सरकारका घरजग्गा, सवारीसाधन, फर्निचर, विद्युतीय सामग्रीलगायत भौतिक सम्पत्ति यति देखिएको हो। यसमा सरकारी लगानीका परियोजना तथा पूर्वाधार जोडिएका छैनन्।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालयः
बालुवाटार, काठमाडौं
फोन नं.: ०१-४४२१८६१/६२/६३

कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मिति २०८०/१०/०४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक।

यस डेभलपमेन्ट बैंकबाट तपसिलका ऋणीहरुले यस डेभलपमेन्ट बैंकको तपसिलका शाखा कार्यालयबाट निम्न कर्जा शीर्षक अर्न्तगत लिनु भएको कर्जाको साँवा, ब्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरिकाले गर्दा समेत बक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै दस्तूर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्तालाई यसै सुचना मार्फत सुचीत गरिन्छ। अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन २०६४, यस बैंकको ऋण असुली नीति २०८० एवं प्रचलित कानून बमोजिम यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र उक्त समय भित्र तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणीको चल अचल जायजेथा सम्पत्ति रोका राखी कानुनी प्रक्रिया अपनाई असुल उपर गरिने र ऋणीलाई कालोसुचीमा समेत सुचीकृत गरी आवश्यक कानूनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचीत गरिन्छ।

तपसिल

ऋणीको विवरण	जमानीकर्ताको विवरण
१) **ऋणीको नाम : सनोज कुवंर** बाबुको नाम : भोज बहादुर कुवंर बाजेको नाम : दान बहादुर क्षेत्री ठेगाना : कावासोती-१३, नवलपरासी (ब.सु.पू) नागरिकता नं. : ३६२०१५-११४२ जारी गर्ने कार्यालय : जि.प्र.का., नवलपरासी (ब.सु.पू) जारी मिति : २०६८/१०/२५ **कर्जा शिर्षक : लघुउधम व्यवसाय कर्जा (आवधिक)** **कर्जा लिएको शाखा : कावासोती, नवलपरासी**	**ख) नाम : सुरेन्द्र कुँवंर क्षेत्री** बाबुको नाम : जुग बहादुर क्षेत्री बाजेको नाम : दान बहादुर क्षेत्री ठेगाना : पिठौली -०४, नवलपरासी हालको ठेगाना : कावासोती-१३, नवलपरासी नागरिकता नं. : ३१८६०, जारी गर्ने कार्यालय : जि.प्र.का., नवलपरासी जारी मिति : २०६०/०१/२२ **ग) नाम : बिनोद राज सिग्देल** बाबुको नाम : भोज राज सिग्देल बाजेको नाम : हरि प्रसाद सिग्देल ठेगाना : पिठौली-०४, नवलपरासी हालको ठेगाना : कावासोती-१३, नवलपरासी व.सु.पू.) नागरिकता नं. : ९४७३, जारी गर्ने कार्यालय : जि.प्र.का., नवलपरासी जारी मिति : २०५५/०५/२३
जमानीकर्ताको विवरण **क) नाम : रीमा देवी कुवंर क्षेत्री** बाबुको नाम : खिमलाल गिरी पतिको नाम : भोज बहादुर कुवंर ससुराको नाम : दान बहादुर क्षेत्री ठेगानाः कावासोती-१३, नवलपरासी (ब.सु.पू.) नागरिकता नं. : ६९०५ जारी गर्ने कार्यालय : जि.प्र.का., नवलपरासी (ब.सु.पू.) जारी मिति : २०४३/०४/०७	
ऋणीको विवरण	**जमानीकर्ताको विवरण**
२) **ऋणीको नाम : रमेश कुमार मल्ल** बाबुको नाम : सुर्य नारायण बाजेको नाम : धर्म नारायण मल्ल ठेगाना : मुकुन्दपुर-०७, नवलपरासी हालको ठेगाना : गैडाकोट-११, नवलपरासी (व.सु.पू.) नागरिकता नं. : ७७८/ना ७३ जारी गर्ने कार्यालय : जिल्ला कार्यालय, नवलपरासी जारी मिति : २०४५/०१/१३ **कर्जा शिर्षक : लघुउधम व्यवसाय कर्जा (आवधिक)** **कर्जा लिएको शाखा : कावासोती, नवलपरासी**	**ख) नाम : ज्यान माया सारु** बाबुको नाम : तिल बहादुर सारु बाजेको नाम : नर बहादुर सारु ठेगानाः देवचुली-०१ नवलपरासी हालको ठेगाना : देवचुली-०९, नवलपरासी (व.सु.पू.) नागरिकता नं. : ३६२०११-२९६ जारी गर्ने कार्यालय : जि.प्र.का., नवलपरासी जारी मिति : २०६६/१०/२५ **ग) नाम : तिल बहादुर सारु** बाबुको नाम : नर बहादुर सारु बाजेको नामः हर्ख बहादुर सारु ठेगाना : देवचुली-०१, नवलपरासी हालको ठेगाना : देवचुली-०९, नवलपरासी (व.सु.पू.) नागरिकता नं. : ४९६१९ जारी गर्ने कार्यालय : जि.प्र.का., नवलपरासी जारी मिति : २०६२/०९/१३
जमानीकर्ताको विवरण **क) नाम : सुवर्ण मल्ल** बाबुको नाम : रमेश कुमार मल्ल बाजेको नाम : सुर्य नारायण मल्ल ठेगानाः मुकुन्दपुर-०७, नवलपरासी हालको ठेगाना :गैडाकोट-११, नवलपरासी (व.सु.पू.) नागरिकता नं. : ३६२००६/५८१ जारी गर्ने कार्यालय : जि.प्र.का, नवलपरासी जारी मिति : २०६६/११/१८	
ऋणीको विवरण	**जमानीकर्ताको विवरण**
३) **ऋणीको नाम : हरि प्रसाद पौडेल** बुवाको नाम : नारायण प्रसाद पौडेल बाजेको नाम : दामोदर पौडेल ठेगानाः कावासोती-०४, नवलपरासी (व.सु.पू.) हालको ठेगाना : कावासोती-०४, नवलपरासी (व.सु.पू.) नागरिकता नं.:३६२०१८-२०६० जारी जिल्ला :जि.प्र.का., नवलपरासी (ब.सु.पू) जारी मिति : २०६७/०४/२० **कर्जा शिर्षक : लघुउद्यम व्यवसाय कर्जा (आवधिक)** **कर्जा लिएको शाखा कार्यालय : कावासोती, नवलपरासी**	**ख) नाम : भवि प्रसाद भट्टराई** बाबुको नाम : लक्ष्मीपति भट्टराई बाजेको नाम : चिन्तामणी भट्टराई ठेगाना : कावासोती -०५, नवलपरासी हालको ठेगाना : कावासोती-०८, नवलपरासी नागरिकता नं.:१६३८३ जारी गर्ने कार्यालय : जि.प्र.का., नवलपरासी जारी मिति : २०५०/१२/०७ **ग) नाम : मनुमाया गौडेल** बाबुको नाम :यदुनाथ पाण्डे पतिको नाम : कृष्ण प्रसाद गौडेल ठेगाना : शिवमन्दिर-०९ नवलपरासी हालको ठेगाना : कावासोती-०४, नवलपरासी (व.सु.पू.) नागरिकता नं.: ३६-२-०१८/३९५ जारी गर्ने कार्यालय : जि.प्र.का., नवलपरासी जारी मिति : २०६४/०६/२७
जमानीकर्ताको विवरण **क) नाम : लक्ष्मी शर्मा** बाबुको नाम : शिव लाल भुसाल पतिको नाम : हरि प्रसाद पौडेल ससुराको नाम : नारायण प्रसाद पौडेल ठेगाना : हुँगा-०९, गुल्मी हालको ठेगाना : कावासोती-०४, नवलपरासी (व.सु.पू.) नागरिकता नं.:४११०१८/९१९७४ जारी गर्ने कार्यालय : जि.प्र.का., गुल्मी जारी मिति : २०६७/०८/०६	
ऋणीको विवरण	**जमानीकर्ताको विवरण**
४) **ऋणीको नाम : डिल्लीसेर कामी** **बाबुको नाम : पहलमान कामी** बाजेको नाम : चन्द्र बहादुर कामी ठेगाना : धरान -१९, सुनसरी नागरिकता नं. : ०६ -०२ -७१-०३९११ जारी गर्ने कार्यालय : जि.प्र.का., सुनसरी जारी मिति : २०७१/११/२६ **कर्जा शिर्षक : लघुउद्यम व्यवसाय कर्जा (आवधिक)** **कर्जा लिएको शाखा कार्यालय : धरान, सुनसरी**	**ख) नाम : मोहमद सागीर** बाबुको नाम : मोहमद कामरुल मिया बाजेको नाम : अक्लु मिया ठेगाना : धरान -०७, सुनसरी हालको ठेगाना : धरान -०२, सुनसरी नागरिकता नं. : २९१८०/०६२/६३ जारी गर्ने कार्यालय : जि.प्र.का., सुनसरी जारी मिति : २०६२/०९/२४ **ग) नाम : रियाज आलम** बाबुको नाम : इसराइल मियाँ बाजेको नाम : हरि मियाँ ठेगाना : धरान -०२, सुनसरी नागरिकता नं. : ०६३०३९/१३५ जारी गर्ने कार्यालय : जि.प्र.का., सुनसरी जारी मिति : २०७०/०१/३१
जमानीकर्ताको विवरण **क) नाम : सागर गजमेर** बाबुको नाम : डिल्लीसेर कामी बाजेको नाम : पहलमान कामी ठेगाना : धरान -१९, सुनसरी नागरिकता नं. :०६ -०२ -७५-०१७२६ जारी गर्ने कार्यालय : जि.प्र.का., सुनसरी जारी मिति : २०७५/०५/१२	

ऋणीको विवरण	जमानीकर्ताको विवरण
५) **ऋणीको नाम : कृष्ण माया लिम्बु** बाबुको नाम : याम बहादुर लिम्बु पतिको नाम : समिर लिम्बु ससुराको नाम : पुन्य प्रसाद लिम्बु ठेगाना : सिम्ले -०४, तेह्रथुम हालको ठेगाना : धरान -१६, सुनसरी नागरिकता नं. : ०८१०२३/१३७१४ जारी गर्ने कार्यालय : जि.प्र.का, तेह्रथुम जारी मिति : २०६९/०९/०३ **कर्जा शिर्षक : लघुउद्यम व्यवसाय कर्जा (आवधिक)** **कर्जा लिएको शाखा कार्यालय : धरान, सुनसरी**	**ख) नाम : कौशिला परियार** बाबुको नाम : पच बहादुर परियार बाजेको नाम : नर मान परियार ठेगाना : धनकुटा -०८, धनकुटा हालको ठेगाना : धरान -१६, सुनसरी नागरिकता नं. : ०७३०१०/१६८ जारी गर्ने कार्यालय : जि.प्र.का., धनकुटा जारी मिति : २०६३/१०/२१ **ग) नाम : रामप्यारी सांवा (लिम्बु)** बाबुको नाम : नर बहादुर लिम्बु बाजेको नाम : हंशविर लिम्बु ठेगाना : धरान -१६, सुनसरी नागरिकता नं. : ०११००३-१० -ताप्लेजुङ जारी गर्ने कार्यालय : जि.प्र.का., सुनसरी जारी मिति : २०६४/०२/०६
जमानीकर्ताको विवरण **क) नाम : समिर लिम्बु** बाबुको नाम : पुन्य प्रसाद लिम्बु ससुराको नाम : किर्पाश्वर लिम्बु ठेगाना : सिम्ले -०२, तेह्रथुम हालको ठेगाना : धरान -१६, सुनसरी नागरिकता नं. :४२५८८४ जारी गर्ने कार्यालय : जि.प्र.का., तेह्रथुम जारी मिति : २०६३/०२/२९	
ऋणीको विवरण	**जमानीकर्ताको विवरण**
६) **ऋणीको नाम : सरिता लिम्बु** बाबुको नाम : टंक राज लिम्बु पतिको नाम : पोष्ट बहादुर मगर ससुराको नाम : कृष्ण बहादुर मगर ठेगाना : धरान -१५, सुनसरी हालको ठेगाना : धरान -१५, सुनसरी नागरिकता नं. : ०६ /५२३३० जारी गर्ने कार्यालय : जि.प्र.का., सुनसरी जारी मिति : २०६८/१०/११ **कर्जा शिर्षक : लघुउद्यम व्यवसायिक कर्जा (आवधिक)** **कर्जा लिएको शाखा कार्यालय : धरान, सुनसरी**	**ख) नाम : मन कुमारी राई** बाबुको नाम : रहन प्रसाद राई बाजेको नाम : हर्क बहादुर राई ठेगाना : हिनामखु -०३, भोजपुर हालको ठेगाना : धरान - १०, सुनसरी नागरिकता नं. : ०९१०२८/२१३ जारी गर्ने कार्यालय : जि.प्र.का, भोजपुर जारी मिति : २०६८/१२/०८ **ग) नाम : सुर्य कला राई** बाबुको नाम : किताव सेर राई पतिको नाम : सन कुमार राई ससुराको नाम : मान विर राई ठेगाना : नागी -०४, भोजपुर हालको ठेगाना : धरान -१८, सुनसरी नागरिकता नं. : ०९-०१-७३ -०११०६ जारी गर्ने कार्यालय : जि.प्र.का., भोजपुर जारी मिति : २०७३/०३/२१
जमानीकर्ताको विवरण **क) नाम : पोष्ट वहादुर मगर** बाबुको नाम : कृष्ण बहादुर मगर बाजेको नाम : हर्क बहादुर मगर ठेगाना : बयरबन-०९, मोरङ्ग हालको ठेगाना : धरान -१५, सुनसरी नागरिकता नं. :२७६४८ जारी गर्ने कार्यालय :जि.प्र.का., मोरङ्ग जारी मिति : २०६३/०१/३१	
ऋणीको विवरण	**जमानीकर्ताको विवरण**
७) **ऋणीको नाम : झली माया दरै** पतिको नाम : विमल दरै ससुराको नाम : विष्णु बहादुर दरै ठेगाना : व्यास-०१ तनहु, हालको ठेगाना : व्यास-०२, तनहुँ नागरिकता नं. : ४३-०१-७५-०७१६२ जारी गर्ने कार्यालय : जि.प्र.का.,तनहुँ जारी मिति :२०७५/०८/१६ **कर्जा शिर्षक : महिला उघमशिलता कर्जा (आवधिक)** **कर्जा लिएको शाखा कार्यालय : दमौली, तनहु**	**ख) नाम : कमला दरै** पतिको नाम : विष्णु बहादुर दरै ससुराको नाम : हर्क बहादुर दरै ठेगाना : व्यास-०१, तनहु हालको ठेगाना : व्यास-०२, तनहुँ नागरिकता नं. : ३८५२४ जारी गर्ने कार्यालय : जि.प्र.का.,तनहुँ जारी मिति : २०५६/०६/१६ **ग) नाम : शिला गुरुङ** बाबुको नाम : प्रेम बहादुर गुरुङ बाजेको नाम : विर्ख बहादुर गुरुङ ठेगाना : मध्य नेपाल-०४, लमजुङ हालको ठेगाना : व्यास-०४, तनहुँ नागरिकता नं. : ४५३०२३-३०५ जारी गर्ने कार्यालय : जि.प्र.का. लमजुङ जारी मिति : २०६३/१०/१० **घ) नाम : विष्णु बहादुर दरै** बाबुको नाम : हर्क बहादुर दरै बाजेको नाम : दुर्गे दरै ठेगाना : - दमौली -०१, तनहुँ हालको ठेगाना : व्यास-०२, तनहुँ नागरिकता नं. : ४२९६ जारी गर्ने कार्यालय : जि.प्र.का., तनहुँ जारी मिति : २०४४/०२/२६
जमानीकर्ताको विवरण **क) नाम : विमल दरै** बाबुको नाम : विष्णु बहादुर दरै बाजेको नाम : हर्क बहादुर दरै ठेगाना : व्यास-०२, तनहुँ हालको ठेगाना : व्यास-०२, तनहुँ नागरिकता नं. : ४३-०१-७१-०२९०३, जारी गर्ने कार्यालय : जि.प्र.का., तनहुँ जारी मिति : २०७१/०६/२२	
ऋणीको विवरण	**जमानीकर्ताको विवरण**
८) **ऋणीको नाम : सुर्य बहादुर थापा** बाबुको नाम : दिल बहादुर थापा बाजेको नाम : चुडा मणी थापा ठेगाना : व्यास -०४, तनहुँ हालको ठेगाना : व्यास -११ , तनहुँ नागरिकता नं. : ४८९४६ जारी गर्ने कार्यालय : जि.प्र.का., तनहुँ जारी मिति : २०५८/०५/२५ **कर्जा शिर्षक : लघुउद्यम व्यवसाय कर्जा (आवधिक)** **कर्जा लिएको शाखा कार्यालय : दमौली, तनहुँ**	**ख) नाम : सुनीता थापा** बाबुको नाम : चन्द्र बहादुर थापा पतिको नाम : एक बहादुर थापा ससुराको नाम : धन बहादुर थापा ठेगाना : छाङ-०४, तनहुँ हालको ठेगाना : म्याग्दे-०३, तनहुँ नागरिकता नं. : ८८८४८ जारी गर्ने कार्यालय : जि.प्र.का., तनहुँ जारी मिति : २०६२/१२/२३ **ग) नाम : दिल बहादुर थापा** बाबुको नाम : चुडामणी थापा बाजेको नाम : त्रिलोचन थापा ठेगाना : व्यास-०४, तनहुँ हालको ठेगाना : व्यास- ११, तनहुँ नागरिकता नं. : १३०४३ जारी गर्ने कार्यालय : जि.प्र.का., तनहुँ जारी मिति : २०५२/०२/२४
जमानीकर्ताको विवरण **क) नाम : पवित्रा मिया** पतिको नाम : मकवुल मिया ससुराको नाम : महमदिन मिया ठेगाना : व्यास-०२, तनहुँ हालको ठेगाना : व्यास-४, तनहुँ नागरिकता नं. : २९३३ जारी गर्ने कार्यालय : जि.प्र.का., तनहुँ जारी मिति : २०५०/०२/२५	

रोकिएको भुक्तानी दिए अर्थतन्त्र चलायमान : निर्माण व्यवसायी

लहान/ निर्माण व्यवसायीको पेसागत संगठन नेपाल निर्माण व्यवसायी महासंघका पदाधिकारीले सरकारले रोकेको निर्माण व्यवसायीको भुक्तानी निकासा दिए अर्थतन्त्र चलायमान हुने दाबी गरेका छन्।

सिराहाको लहानस्थित नेपाल निर्माण व्यवसायी संघ जिल्ला कार्यसमितिको बुधबार आयोजित ११औँ पदस्थापना समारोहलाई सम्बोधन गर्दै महासंघका पदाधिकारीहरूले आफूहरूले गरेको कामबापत सरकारले दिने कबोल गरेको नयाँ र पुरानो गरी आठ अर्ब रुपैयाँ निकासा दिइए समग्र अर्थतन्त्र चलायमान हुने बताए।

'निर्माण व्यवसायीले गरेको कामको भुक्तानी नदिँदा निर्माण सामग्रीका आपूर्तिकर्ता, निर्माण सामग्री उत्पादक उद्योगसहितको भुक्तानी शृंखला अवरुद्ध बनेको छ,' पदस्थापना समारोहलाई सम्बोधन गर्दै महासंघका अध्यक्ष रवि सिंहले भने, 'सरकारले कबोल गरेअनुसार भुक्तानी दिइए अर्थतन्त्र चलायमान भई अर्को महिना राज्यको ढुकुटीमा ३६ प्रतिशत राजस्व जम्मा हुनेछ।'

कोरोना महामारीपछि थला परेको निजी क्षेत्रको निर्माण उद्योग रुस युक्रेन युद्धले आकासिएको इन्धन मूल्य, सार्वजनिक खरिद नियमावलीको १२औँ संशोधनले निर्माण व्यवसायीहरू अत्यन्त अप्ठ्यारो अवस्थामा रहेको उनले बताए। 'नयाँ सरकार गठन भएलगत्तै क्रसर उद्योहरू बन्द गर्ने निर्णयले तोकिएको समयमा निर्माण सम्पन्न हुन सकेनन्,' उनले भने 'संशोधित नियमावलीअनुसार निर्माण व्यवसायीले काम गर्न नसकेर छोडेर बाँकी रहेको कामको समेत सम्बन्धित व्यवसायीको घरघरानाबाट असुलउपर गरिने व्यवस्थाले अप्ठ्यारोमा छौं।' निर्माण व्यवसायीको समस्या समाधानका लागि प्रधानमन्त्री अर्थमन्त्रीलगायतले गर्नुभएको प्रतिबद्धता तत्काल कार्यान्वयन गरिनुपर्ने उनको माग थियो।

■ निर्माण ढिलाइमा निर्दोष रहेको दाबी

महासंघका वरिष्ठ उपाध्यक्ष एडी लामाले साइट क्लियरेन्स, समयमा भुक्तानी नहुँदा ठेक्काको काम समयमा सम्पन्न हुन नसकेको जिकिर गर्दै त्यसमा आफूहरूको दोष नरहेको दाबी गरे।

ठेक्काको म्याद थप हुँदा उल्टै व्यवसायीलाई १२ प्रतिशतसम्म आर्थिक क्षति हुने गरेको दाबी गर्दै उनले भने। 'वेलामा सरकारले भुक्तानी नदिने, फलस्वरूप व्यवसायीले बैंकको साँबाब्याज तिर्न नसक्दा कालोसूचीमा पार्ने कामले अप्ठ्यारोमा छौं।' निर्माणको गुणस्तर डिजाइनसँग पनि सम्बन्धित हुनाले आफूले पाएको ठेक्का इमानदारपूर्वक तोकिएको मापदण्डबमोजिम गर्न उनको सुझाव थियो।

महासंघका महासचिव रोशन दाहालले निर्माण व्यवसाय पेसा धरापमा परेको बताउँदै विभिन्न कारणले काम ढिलो हुँदा ठेक्का तोडिने, कालोसूचीमा राखिने तर गरेको कामको समेत भुक्तानी रोक्दा सकारलाई केही नहुने कारणले निर्माण व्यवसायीहरू घरबारविहीन हुने अवस्थामा पुगेको उल्लेख गरे। 'प्रतिस्पर्धाको नाममा काम गर्न नसक्ने रेटमा ठेक्का नलिनुस्,' उनले भने 'सार्वजनिक खरिद ऐन, नियमावली, टेण्डर प्रक्रियाको गहन अध्ययन, विश्लेषण गरेपछि मात्र ठेक्कामा हात वा हाल्ने नहाल्ने निर्णय लिनुस्।'

कार्यक्रममा मधेश प्रदेश सभा सदस्य राजेन्द्रप्रसाद चौधरी, नेकपा एमालेका जिल्ला अध्यक्ष तथा सिराहा नगरपालिका प्रमुख नवीन यादव, नगर अध्यक्ष राजकुमार साह, नेकपा माओवादी केन्द्र नगर अध्यक्ष हेमन्त यादव, संघका पूर्वअध्यक्ष इन्जिनियर वैद्यनाथप्रसाद साहलगायतले निर्माण व्यवसायीप्रति हेर्ने दृष्टिकोण बदल्न स्वयं निर्माण व्यवसायीहरू पनि बदलिनुपर्ने खाँचो औंल्याए।

प्रांगारिक कृषि मेलाको तयारी

बुटवल/ बुटवल उद्योग वाणिज्य संघले फागुनमा बुटवलमा हुने प्रांगारिक कृषि मेलाको तयारीका क्रममा परामर्श बैठक गरेको छ। बुधबार संघको सचिवालयमा गरिएको बैठकमा कृषिसंग सम्बन्धित सरकारी संस्थाका प्रमुख तथा प्रतिनिधि, संघका परामर्शदातालगायतको सहभागिता रहेको थियो। संघको आयोजनामा फागुन १० देखि १४ गतेसम्म बुटवलमा प्रांगारिक कृषि मेला हुँदै छ।

बैठकमा मेलाका बारेमा जानकारी गराउँदै संघका अध्यक्ष हरिप्रसाद अर्यालले कृषिमा यान्त्रिकीकरण तथा वैज्ञानिक कृषि प्रणालीको प्रवर्द्धन गरी व्यावसायिक कृषिको विकासका लागि प्रांगारिक कृषि प्रणालीलाई जोड दिएर कृषि मेला आयोजना गरिएको बताए।

मेलालाई नाफा-घाटाभन्दा पनि सफल बनाउन सबैको उत्तिकै भूमिका रहने भन्दै उनले कृषिमा व्यावसायिक विकासका माध्यमबाट मुलुकको अर्थतन्त्रमा पनि ठूलो योगदान हुन सक्ने बताए। कृषिमा आधारित औद्योगिक विकासलाई पनि सँगसँगै अगाडि बढाउन सकिने धारणा राख्दै अर्यालले मेला सफल बनाउनका लागि आफ्नो ठाउँबाट सहयोग गर्न सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधिहरूलाई आग्रहसमेत गरे।

त्यस अवसरमा संघका निवर्तमान अध्यक्ष एवं नेपाल उद्योग वाणिज्य महासंघका कार्यकारिणी सदस्य उज्ज्वलप्रसाद कसजूले नेपालमा बहुसंख्यक जनता कृषि कर्ममा रहे पनि मुलुकको अर्थतन्त्रमा कृषिको योगदान न्यून हुनु राम्रो नभएको बताउँदै कृषि व्यवसायलाई प्रवर्द्धन विकास गर्नका लागि संघले विगतदेखि नियमित रूपमा कृषिमेला सञ्चालन गर्दै आएको बताए। संघका पूर्वअध्यक्ष खिमबहादुर हमालले व्यावसायिक कृषिको विकासका लागि संघले ०६२ सालदेखि विशिष्टीकृत कृषिमेला सञ्चालन गर्दै आएको र छैटौं र एघारौं राष्ट्रिय प्रांगारिक कृषिमेला पनि सफलतापूर्वक सम्पन्न गर्न सफल भएको जानकारी गराए।

बैठकमा लुम्बिनी प्रदेश कृषि विकास निर्देशनालय निर्देशक रामप्रसाद पाण्डे, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयका पशु विकास अधिकृत लोकराज भुसाललगायतले कृषिको व्यावसायिक विकासलाई जोड दिएर बुटवल उद्योग वाणिज्य संघले निरन्तर कृषिमेला गर्दै आएको भन्दै पछिल्लोपटक आयोजना गरिएको कृषिमेलालाई सफल बनाउन आफ्नो कार्यालयको तर्फबाट पूर्ण सहयोग रहने बताए।

१२ माघदेखि कृषिसम्बन्धी छैटौं अन्तर्राष्ट्रिय प्रदर्शनी

काठमाडौं/ १२ माघदेखि छैटौं नेपाल एग्रिटेक इन्टरनेसनल एक्स्पो हुने भएको छ। काठमाडौंको भृकुटीमण्डपमा आयोजना हुने कृषीसम्बन्धी बृहत् अन्तर्राष्ट्रिय प्रदर्शनीमा कृषि क्षेत्रको विकास गर्ने उद्देश्य रहेको आयोजकले जनाएको छ।

मिडिया स्पेस सोलुसन्स, फ्युचरेक्स ट्रेड फेयर एन्ड इभेन्ट्स तथा ईटिएसआइपिएलले संयुक्त रूपमा आयोजना गर्न लागेका हुन्। १४ माघसम्म चल्ने प्रदर्शनीमा स्वदेशी तथा विदेशी कृषिसम्बन्धी कम्पनीहरूका १०० भन्दा बढी स्टल रहने आयोजकले बताएको छ। प्रदर्शनीको उद्घाटन कृषि तथा पशुपन्छी विकासमन्त्री बेदुराम भुसालले गर्ने भएका हुन्।

प्रदर्शनीको प्रवर्द्धकीय भूमिकामा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, कृषि साझेदारको भूमिकामा मुक्तिनाथ कृषि कम्पनी तथा सहयोगी संस्थाको भूमिकामा नेपाल नगरपालिका संघ, गाउँपालिका राष्ट्रिय महासंघ नेपाल, राष्ट्रिय कृषक समूह महासंघ, नेपाल कृषि सहकारी केन्द्रीय संघ रहेको बताइएको छ।

दर्शकले उक्त प्रदर्शनीमा कुखुरापालन, माछापालन, बाख्रापालन, गाईभैंसी पालन, डेरीलगायत कृषिका नवीनतम औजार, उपकरण, केराखेती, थोपा सिँचाइ, विषादीरहित कृषि इत्यादिका बारेमा जानकारी लिन सक्ने बताइएको छ।

प्रदर्शनीमा देशभरिबाट बढीभन्दा बढी उद्यमी अनुसन्धानकर्ता, विद्यार्थी, संघसंस्थाका प्रतिनिधिलगायत आमकृषकले प्रदर्शनीमा आधुनिक प्रविधिको अनुसरण गर्ने र जिज्ञासा मेटाउने अवसर मिल्ने विश्वास आयोजकले लिएको छ।

ग्लोबल आइएमईका ग्राहकले बिगमार्टमा छुट पाउने

काठमाडौं/ ग्लोबल आइएमई बैंकका ग्राहकले बिगमार्टमा खरिद गरी बैंकको क्रेडिट कार्डमार्फत भुक्तानी गर्दा १० प्रतिशत छुट पाउने भएका छन्।

बैंकले क्रेडिट कार्डवाहकलाई लक्षित गरी बिगमार्टसँगको सहकार्यमा यो योजना ल्याएको बताइएको छ। यस योजनामा ग्राहकले १० प्रतिशत या अधिकतम तीन सय रुपैयाँसम्म छुट पाउनेछन्। उक्त छुट योजना यही माघ महिनाभरि मात्र लागू हुने बैंकले जनाएको छ।

त्यसैगरी, भुक्तानी गर्दा बिगमार्टले घोषणा गरेका आकर्षक पुरस्कारसमेत जित्न सकिने बताइएको छ।

घोराहीको १५ प्रतिशत लाभांश



काठमाडौं/ घोराही सिमेन्ट्स इन्डस्ट्रीले आफ्ना सेयरधनीलाई १५ प्रतिशत लाभांश वितरण गर्ने भएको छ। घोराहीमा सम्पन्न कम्पनीको तेम्रो साधारणसभाले आर्थिक वर्ष ०७९/८० सम्मको सञ्चित मुनाफाबाट सेयरधनीलाई १५ प्रतिशत लाभांश दिने प्रस्ताव पारित गरेको हो।

कम्पनीको चुँक्ता पुँजी तीन अर्ब ९७ करोड १९ लाखबराबरको १४.२५ प्रतिशतका दरले हुन आउने ५६ करोड ५९ लाख रुपैयाँ बोनस सेयर र ०.७५ प्रतिशतका दर कर प्रयोजनार्थ दुई करोड ९७ लाख रुपैयाँ नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको कम्पनीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

विभिन्न चुनौती र अप्ठ्याराबीच पनि कम्पनीले गत आवमा ६ करोड ३१ लाख मुनाफा आर्जन गरेको र चालू आवको मंसिरसम्म एक अर्ब ४२ करोडभन्दा बढीको सिमेन्ट बिक्री गर्न सफल भएको अध्यक्ष पुरुषोत्तमलाल संघईले जानकारी दिए।

त्यस्तै, कम्पनी सञ्चालक समितिका सदस्य गोविन्दलाल संघई र हर्षवर्धन संघईले कार्य अवधि बाँकी छँदै राजीनामा दिएकाले ती पदमा क्रमशः अन्जु संघई र विवेक अग्रवाललाई नियुक्त गरिएको पनि अध्यक्ष संघईले जानकारी दिए। यससँगै कम्पनी संस्थापक सञ्चालनमा पाँचजना व्यक्ति भएका छन्।

लक्ष्मी सनराइजको सञ्चालकमा चारजना निर्वाचित

काठमाडौं/ लक्ष्मी सनराइज बैंकको सञ्चालकमा मनोजकुमार भट्टराईसहित चारजना निर्वाचित भएका छन्। बैंकको २३औं वार्षिक साधारणसभाबाट भट्टराईसहितका सञ्चालक निर्वाचित भएका हुन्।

बैंकिङ र बिमामा साढे तीन दशक लामो अनुभव भएका भट्टराईले नेपाल लाइफ इन्स्योरेन्समा प्रमुख कार्यकारी अधिकृतका रूपमा र तत्कालीन प्राइमलाइफ इन्स्योरेन्सको सफल व्यवस्थापकीय नेतृत्व गरेका थिए।

साथै, सभाले संस्थापक सेयरधनीकै तर्फबाट रमण नेपाललाई सञ्चालक चयन गरेको छ। सर्वसाधारण सेयरधनीका तर्फबाट स्वाती रुंगटा र दिनेश पौड्याल सञ्चालक निर्वाचित भएका छन्। नवनिर्वाचित सञ्चालक समितिको सोही दिन सम्पन्न बैठकले रमण नेपाललाई कम्पनी सञ्चालक समितिको अध्यक्ष नियुक्त गरेको छ।

उक्त साधारणसभाले सञ्चालक समितिको प्रतिवेदन तथा आर्थिक वर्ष ०७९/८० को वित्तीय विवरण पारित गरेको छ। आर्थिक वर्ष ०७९/८० सम्मको सञ्चित मुनाफाबाट सेयरधनीलाई ७ प्रतिशत बोनस सेयर दिने प्रस्ताव पनि साधारणसभाबाट पारित भएको छ।

छिमेक लघुवित्तले १५% लाभांश दिने




काठमाडौं/ छिमेक लघुवित्त वित्तीय संस्थाले १५ प्रतिशत लाभांश दिने भएको छ। २२औं वार्षिक साधारणले गत आर्थिक वर्षको मुनाफाबाट १० प्रतिशत नगद र ५ प्रतिशत बोनस सेयर गरी कुल १५ प्रतिशत लाभांश प्रदान गर्ने निर्णय गरेको हो।

संस्थाका अध्यक्ष रामचन्द्र जोशीले संस्थाको वार्षिक प्रतिवेदन प्रस्तुत पनि गरे। त्यस्तै, हालको चुक्ता पुँजी दुई अर्ब ८३ करोड ५४ लाख दुई हजारबाट वृद्धि गरी दुई अर्ब ९७ करोड ७१ लाख ७२ हजार एक सय पुऱ्याउने निर्णयसमेत साधारणसभाले गरेको छ।

संस्थाले हाल ६९ जिल्लामा एक सय ९७ वटा शाखामार्फत सेवा दिइरहेको छ। ०५८ सालमा स्थापना भएको यसले आर्थिक वर्ष ०७९/८० मा एक अर्ब दुई करोड ५० लाख तीन हजार एक सय ९५ रुपैयाँ ९३ पैसा खुद मुनाफा आर्जन गर्न सफल भएको छ।

गरिमा विकास बैंकले ल्यायो 'गरिमा फाइभ इन वान' खाता



काठमाडौं/ गरिमा विकास बैंकले 'गरिमा फाइभ इन वान' बचत खाता ल्याएको छ। यो खातामा ग्राहकले बचत, डिम्याट, सेयर ट्रेडिङ, मेरो सेयर को र सिआस्बाजस्ता सेवाका लागि एकैपटक वा छुट्टाछुट्टै आवेदन दिन सक्ने बैंकले जनाएको छ।

न्यूनतम एक हजारमा खाता खोली मोबाइल बैंकिङ, एटिएम, सिआस्बा तथा गरिमा क्यापिटल र सेयर ब्रोकर कम्पनीबाट डिम्याट, सेयर ट्रेडिङ र मेरो सेयर खाता निःशुल्क पाउन सक्ने बताइएको छ। साथै, लकर सुविधामा ५० प्रतिशतसम्मको छुटको सुविधा रहेको बैंकले जनाएको छ।

यती ब्रुअरीको सेयर निष्कासनमा एनआइएमबि एस क्यापिटल



काठमाडौं/ यती ब्रुअरी लिमिटेडले बुक बिल्डिङमार्फत साधारण सेयर निष्कासन गर्न धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकमा एनआइएमबि एस क्यापिटललाई नियुक्त गरेको छ। सेयर निष्कासनसम्बन्धी सम्झौतापत्रमा ब्रुअरीका प्रबन्ध सञ्चालक सञ्जीव सर्राफ र एनआइएमबि एसका महाप्रबन्धक सचिन्द्र ढुंगानाले हस्ताक्षर गरेका छन्। यती ब्रुअरीले हाल अर्ना, यती, वाइबी, शिखर, किंगफिसरलगायत ब्रान्डका बियर बोतल तथा क्यानमा उत्पादन गरी बिक्री-वितरण गर्दै आएको छ।

हार्दिक समवेदना



जन्म
वि.सं. २००६ चैत

स्वर्गारोहण
वि.सं. २०८०/५/१६

स्व. विमलामाया थापा

हाम्रा सहकर्मी इन्द्रबहादुर थापाकी ममतामयी माता विमलामाया थापाको स्वर्गारोहण भएकोमा हामी मर्माहत भएका छौं। साथै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं।

नयाँ पत्रिका
परिवार

लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/१०/४ गते

यस महालक्ष्मी विकास बैंक लि. का तपसिलमा उल्लेखित शाखाबाट तपाई ऋणीहरुले आफ्नो व्यवसायिक/व्यक्तिगत कार्यको लागि प्राप्त गरेको ऋण कर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साबाँ, ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तर-ताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋण कर्जा चुक्ता भुक्तान गर्न मिति २०७८/११/०८ गतेको अन्नपूर्ण पोस्ट् राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरि ऋणी, व्यक्तिगत जमानीकर्ता समेतलाई जानकारी गराउँदा समेत कर्जाको साँवा, ब्याज तथा अन्य दस्तुर चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण वापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित चल, अचल सम्पत्ति, जग्गाहरु तथा सो जग्गामा बनेको घर टहरा पर्खाल आदि र सो समेतले चर्चेको सम्पूर्ण लिगलगापात समेत जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनमा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि १५ दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरि गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान समेत गरिएको छ। सो अवधिमा ईच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफुले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फर्म बुझाउन समेत अनुरोध गरिन्छ। सूचना बमोजिम कसैको पनि बोलपत्र पर्न नआएमा धितो सुरक्षण रहेका सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ एवं बैंकको कर्जा असुली तथा धितो गैह्र बैंकिङ्ग सम्पत्ति बिक्री कार्यविधि २०६६ समेत बमोजिम पुनः लिलाम बिक्री गर्न वा बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

तपसिल

पुतलीसडक शाखा :

ऋणी : श्री सुर्य कन्स्ट्रक्सन फर्म प्रा.लि.
दर्ता नं. १३७०४३/०७२/०७३ (कम्पनी रजिष्ट्रारको कार्यालय)
दर्ता मिति २०७२/०४/०६
पान नं. ६०३२९४९७०
फर्मको ठेगाना : जिल्ला, सुर्खेत, विरेन्द्रनगर नगरपालिका वडा नं. ६
संचालक : (अ.प्रा. संचालक श्री संदिप खड्का)
बाजे : श्री शंख बहादुर खड्का, बाबु : श्री सुर्य बहादुर खड्का
ठेगाना : जिल्ला, सुर्खेत, विरेन्द्रनगर नगरपालिका वडा नं. ६

व्यक्तिगत जमानीकर्ताहरु :

क) श्री संदिप खड्का
बाजे : श्री शंख बहादुर खड्का, बाबु : श्री सुर्य बहादुर खड्का
ठेगाना : जिल्ला, सुर्खेत, विरेन्द्रनगर नगरपालिका ६

ख) श्री सुर्य बहादुर खड्का
बाजे : श्री गोपी चन्द्र खड्का, बाबु : श्री शंख बहादुर खड्का
ठेगाना : जिल्ला, दैलेख, छिउडीपुसाकोट गा.वि.स. वडा नं. १

ग) श्री सुरेन्द्र राज पौडयाल
बाजे : मुक्ति नाथ पौडयाल, बाबु : नोमी नाथ पौडयाल
ठेगाना : जिल्ला, काठमाण्डौ, का.म.न.पा. वडा नं. ७ चावहिल

घ) श्री यसोदा खड्का
पति : श्री सुर्य बहादुर खड्का, बाबु : श्री मान बहादुर खड्का
ठेगाना : जिल्ला, सुर्खेत, विरेन्द्रनगर नगरपालिका वडा नं. ६

ङ) श्री दिनुजा खड्का
बाजे : श्री शंख बहादुर खड्का, बाबु : श्री सुर्य बहादुर खड्का
ठेगाना : जि. सुर्खेत, विरेन्द्रनगर नगरपालिका वडा नं. ६
कर्जा : हायर पर्चेज

१) धितो सुरक्षणको विवरण : श्री गोपि चन्द्र खड्काको नाति, श्री शंख बहादुर खड्काको छोरा, जिल्ला दैलेख, छिउडीपुसाकोट गा.वि.स. वडा नं. १ बस्ने श्री सुर्य बहादुर खड्काको नाममा दर्ता रहेको जिल्ला काठमाण्डौं, डाडापौवा (रामकोट) गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. ७७४ को क्षेत्रफल १-१४-०-० जग्गा र सुर्य एग्रो रिसोर्ट प्रा.लि. को नाममा दर्ता रहेको जिल्ला काठमाण्डौं, डाडापौवा गा.वि.स. (रामकोट) वडा नं. ८ स्थित कित्ता नं. ७४९ को क्षेत्रफल १४-९-०-० जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिग लगापात समेत।

२) धितो सुरक्षणमा रहेको सवारी साधनको विवरण :
श्री सुर्य कन्स्ट्रक्सन फर्म प्रा.लि.लाई ऋणी कायम गरी यातयात व्यवस्था कार्यालय लुम्बिनी अञ्चलमा दर्ता कायम रहेको यस बैंकको नाममा रहेको तपसिलको सवारी साधन :
मोडेलः RM90 GO TRACK Mobile IMPACT CRUSHER, गाडी नम्बरः लु १ क २०६३, च्यासिस नं. : 0207,
इन्जिन नं.: R504850LJD6068VL, बनेको साल : २०१७

नोट :

१. बोलपत्र सम्बन्धि शर्त बन्देज सहितको बोलपत्र सम्बन्धित शाखा कार्यालयबाट रु. ५००/- शुल्क तिरी प्राप्त गर्न सकिनेछ।
२. बोलपत्र साथ आफुले बोलकबोल गरेको अंकको १० प्रतिशत नगद/ बैंक ग्यारेण्टी/ गुड फर पेमेण्ट चेक धरौटी स्वरुप जम्मा गर्नु पर्नेछ ।
३. बोलपत्र स्विकृतवालाले बैंकले तोकिदिएको समय भित्र बोलकबोल गरेको बाँकी सम्पूर्ण रकम बुझाउनु पर्नेछ। अन्यथा धरौटी जफत हुनेछ।
४. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु बोलकबोलदाताले व्यहोर्नु पर्नेछ।
५. उक्त दिन कारणवस सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्टको मिति कायम हुनेछ।
६. यस विषयसँग अन्य जानकारी लिनु पर्ने भएमा यस बैंकको सम्बन्धित शाखा कार्यालयमा सम्पर्क गर्नु हुन।
७. बोलपत्र स्विकृत अस्विकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ।
८. शर्त सहितको बोलपत्र स्वीकार गरिने छैन।

शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८०/१०/१८ गते बिहीबार कार्यालय समय भित्र
खोलिने मिति : २०८०/१०/१९ गते शुक्रबार दिनको २:०० बजे
स्थान : महालक्ष्मी विकास बैंक लि. पुतलिसडक शाखा कार्यालय

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय, कर्जा असुली विभाग दरबारमार्ग, काठमाण्डौं
फोन नं. ०१-५३६८१५३, ५३६८७१९
सबल बैंक, सफल सहकार्य
www.mahalaxmibank.com

रिभरसिटि सेभिङ्ग एण्ड क्रेडीट को-अपरेटिभ लि.को ऋण नतिर्ने ऋणीलाई ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

तपसिलमा उल्लेखित ऋणीले यस लि.बाट कर्जा लिई कारोबार गरी कर्जा बापत तिर्नु बुझाउनु पर्ने साबाँ, ब्याज दैदस्तुर समेतको रकम भाखा भित्र नबुझाई कर्जा सम्बन्धि शर्तबन्देजहरु उलंघन गरेको र ऋण तिर्न बारम्बार पत्रचार, फोन गर्दा समेत सम्पर्कमा नआई ऋणीले तिर्नु बुझाउन बेवास्ता गरेको हुदाँ यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साबाँ, ब्याज, दैदस्तुर रकम बुझाई कर्जा चुक्ता गर्नुहोला। अन्यथा तपाई ऋणीले कर्जा सुरक्षण वापत संस्थालाई दृ.ब लेखिलेखाई दिनुभएको चल/अचल सम्पत्ती सहकारी ऐन २०७४ बमोजिम लिलाम बिक्री गरि कर्जा असुल उपर गरीनेछ। साथै लिलाम बिक्रीबाट सम्पूर्ण कर्जाको साबाँ, ब्याज, हर्जना असुल उपर नभएमा ऋणीको अन्य चल/अचल सम्पत्तीबाट समेत कानुन बमोजिम असुल उपर गरिने व्यहोरा समेत जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

तपशिल

क्र.स.	ऋणीको नाम, ठेगाना	धितोको विवरण
१	**नाम : पाल्साङ्ग लामा** ना. प्र. नं: ३०३०१०/५६ जारी मिति २०६३/११/१४ जिल्ला प्रशासन कार्यालय काभ्रेपलान्चोक बाबु : धन वहादुर लामा बाजे: पहलमान लामा ठेगाना : काभ्रेपलान्चोक जिल्ला कानपुर कालापानी गा बि स वडा नं ६ (हाल परिवर्तित नमोबुद्ध न. पा वडा नं ५ काभ्रेपलान्चोक जिल्ला) **जमानीको विवरण** **नाम : भिम वहादुर लामा** ठेगाना : काभ्रे कानपुर, कालापानी ६ (हाल परिवर्तित नमोबुद्ध न. पा वडा नं ५ काभ्रेपलान्चोक जिल्ला)	पाल्साङ्ग लामाको नाममा नाममा दर्ता श्रेस्ता रहेको रहेको साबिक ललितपुर जिल्ला, बाडेगाऊ गा वि स वडा न ८ कित्ता नं २३९ र २४१ कमश क्षेत्रफल ०-०-३-०, र ०-२-१-० (२३.८५ व.मी र ७१.५४ ब.मी जम्मा ९५.३९) (हाल परिवर्तित ललितपुर जिल्ला, गोदावरी नगरपालिका वडा नं १४)

RIVERCITY SAVING AND CREDIT CO-OPERATIVE LTD.
रिभरसिटि सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.
बसन्तपुर, काठमाण्डौं, फोन नं.४२२६१२९

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैतिस) दिने सूचना

प्रकाशित मितिः २०८०/१०/०४

तपसिलमा उल्लेखित ऋणीले यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय लहान, सिरहाबाट सिटिजन्स सवारी कर्जा शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा बापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले यथाशिघ्र बैंकमा सम्पर्क गरी आफूले उपभोग गरेको ऋणकर्जा सुविधा बापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा बापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको तपसिलमा उल्लेख भएको **"धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको सूचना"** प्रकाशित गरी लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराइन्छ।

साथै तपसिलमा उल्लेखित जमानीकर्ताले स्वयम् बैंकमा उपस्थित भई जमानत दिने कागज गरिदिनु भएको हुँदा यहाँ जमानीकर्ताले पनि उपरोक्त व्यहोरा अवगत गरी सूचनाको म्याद भित्र बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिन्छ। अन्यथा बैंकको लेना रकम असुल उपर गर्नुका साथै तहाँलाई समेत कर्जा सूचना केन्द्र लिमिटेडमा नियमानुसार कालोसूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

तपसिल

कर्जा शिर्षक : सिटिजन्स सवारी कर्जा
ऋणीको नाम र ठेगाना
नाम : पार्वती कुमारी साह
बाबु : राज लालसाह तेली
बाजे : ठकाइ साह
पति : कपिल देव साह
ससुरा : पंच लाल साह
ठेगाना : सिकोन-२, सिराहा
हालको ठेगाना : मिचैंया-२, सिरहा
ना.प्र.नं : २३२
मिति : २०६२/०९/०५
जि.प्र.का : सिरहा

जमानीकर्ताको नाम र ठेगाना
नाम : कपिल देव साह
बाबु : पंच लाल साह
बाजे : विलट साह
ठेगाना : सिकोन-२, सिरहा
हालको ठेगाना : मिचैंया-२, सिरहा
ना.प्र.नं : १५३२९०५९७३
मिति : २०५२/०८/१०
जि.प्र.का : सिरहा

धितो राखिएको सम्पत्तिको विवरण (सवारी कर्जा) : कर्जा प्रयोजनको लागि सवारी धनी सिटिजन्स बैंक इन्टरनेसनल लि. भई ऋणी पार्वती कुमारी साह भएको सवारी साधन।

सि.न.	सवारी मोडेल	दर्ता न.	इन्जिन नं.	च्यासिस नं.
१	V-CROSS HI LANDER	बागमती प्रदेश -०१- ०२५ च २४३४	UP4077	M3GTGS86JLB000195

Citizens Bank
मुख्य कार्यालय:
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

कुमारी बैंक लिमिटेड शाखा कार्यालय निजगढ, बाराको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/१०/०४ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय निजगढ, बाराबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतीस)** दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं। **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सुचित गरीन्छ।**

तपसिल

ऋणीको विवरण:
नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग घरेलु तथा साना उद्योग कार्यालय बारा, कलैयामा मिति २०७८/०४/०४ मा प्रा.फ.नं. घ.उ.वि. ९९४०/१७/०७८/०७९ मा दर्ता भई करदाता सेवा कार्यालय सिमराबाट मिति २०७८/०४/०८ मा स्थायी लेखा नम्बर १२९२१८९६० को प्रमाणपत्र प्राप्त बारा जिल्ला, निजगढ न.पा. वडा नं. १० स्थित रजिष्टर्ड कार्यालय रहेको **शुभ बिहानी कृषि तथा पशु फार्म** (प्रोप्राईटर नारायण प्रसाद नेपालको बुहारी, टिकाराम घिमिरेको छोरी, विष्णु प्रसाद नेपालको पत्नी, बारा जिल्ला, निजगढ न.पा., वडा नं.५ स्थायी ठेगाना भई हाल निजगढ न.पा., वडा नं. १० बस्ने **गायत्री घिमिरे** (ना.प्र.नं. ३३३०११/४३, जारी मिति २०७०/०२/२९, जिल्ला प्रशासन कार्यालय बारा)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:
१. केदनरनाथ नेपालको नाती, पदमनाथ नेपालको छोरा, बारा, जिल्ला, रतनपुरी गा.वि.स./न.पा., वडा नं.०८ स्थायी ठेगाना भई हाल बारा जिल्ला, निजगढ न.पा., वडा नं.१० बस्ने **नारायण प्रसाद नेपाल** (ना.प्र.नं.४४१३/२९६०/१३०५, जारी मिति २०४५/१२/२५, जिल्ला प्रशासन कार्यालय बारा)।
२. पदमनाथ नेपालका नाति, नारायण प्रसाद नेपालको छोरा बारा जिल्ला, रतनपुरी गा.वि.स./न.पा., वडा नं.०८ स्थायी ठेगाना भई हाल बारा जिल्ला, निजगढ न.पा., वडा नं.१० बस्ने **बिष्णु प्रसाद नेपाल** (ना.प्र.नं.१६५०९ जारी मिति २०६२/०३/०५, जिल्ला प्रशासन कार्यालय बारा)।

धितो सुरक्षणको विवरण:
१. **नारायण प्रसाद नेपाल**को नाममा मालपोत कार्यालय, बारा सिमरामा दर्ता कायम रहेको बारा जिल्ला, निजगढ न.पा./गा.वि.स वडा नं.०९/ख स्थित कित्ता नं. ३७७ को क्षेत्रफल ०-८-५-० (बि.क.धु.क) को जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
२. ऋणी **शुभ बिहानी कृषि तथा पशु फार्म**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि
शाखा कार्यालय निजगढ, बारा फोन नं. ०५३५४०४२४/२५

■ प्रधानमन्त्री कप एकदिवसीय

दोस्रो दिन पनि सूर्यकै सनसनी

नयाँ पत्रिका

प्रधानमन्त्री कप एकदिवसीय (पिएम कप) क्रिकेट प्रतियोगितामा बायाँहाते स्पिनर सूर्य तामाङ लगातार दोस्रो दिन चम्किएका छन् । मूलपानी क्रिकेट मैदानमा सूर्यले मंगलबार र बुधबारको दिनलाई विशेष बनाएका छन् । अघिल्लो दिन उनले प्रतियोगिताकै पहिलो ह्याट्रिकसहित ६ विकेट लिए । दोस्रो दिन बिहीबार उनले पाँच विकेटको प्रदर्शन गरी २४ घन्टाको अन्तरमा ११ विकेट हात पारेका छन् । उनकै उत्कृष्ट प्रदर्शनको मद्दतमा बागमतीले उपाधि दाबेदार त्रिभुवन आर्मी क्वलालाई तीन विकेटले हरायो । बागमतीले पनि लगातार दुई खेलमा जित निकाल्दै सेमिफाइनलको आशा जीवितै राखेको छ । जितसँगै बागमती चौथो स्थानमा उक्लेको छ । बागमतीले चार खेलबाट ४ अंक जोडेको छ ।



चार खेलमा १७ विकेट

बागमतीका मुख्य बलरका रूपमा अगाडि बढिरहेका सूर्यले चार खेलमा विकेटविहीन हुनु परेन । उनले राष्ट्रिय खेलाडीले भरिएको पुलिसविरुद्ध पहिलो खेलमा ५० रन खर्चेर तीन विकेट लिए । यसवेला उनले ६ ओभर बलिङ गरेका थिए । नेपाली राष्ट्रिय टोलीका कप्तान रोहितकुमार पौडेलको नेतृत्वमा रहेको एपिएफविरुद्ध उनले केवल दुई ओभर मात्र बलिङ गरी तीन विकेट लिए । घरेलु क्रिकेटमै करिअरकै उत्कृष्ट प्रदर्शन खेल उनको मधेशविरुद्ध रह्यो । मूलपानी मैदानमा उनले मधेशसँगको प्रतिस्पर्धामा ६ विकेट लिए । खेलमा उनले सात ओभर बलिङ गरेका थिए ।

उनले आर्मीसँगको खेलसँगै समग्रमा चार खेलबाट १७ विकेट हात पारेका छन् । यसक्रममा उनले १२६ रन खर्चे । आर्मीविरुद्धको प्रतिस्पर्धामा उनले १४.४ ओभरमा पहिलो विकेट लिए । उनले भीम सार्कीलाई आउट पारे । सोही ओभरमा उनले नेपाली राष्ट्रिय टोलीका अलराउन्डर तथा विस्फोटक ब्याट्सम्यान कुशल मल्ललाई पहिलो बलमै बोल्ड गरे । सूर्यले १८.२ ओभरमा बसिर अहमेद, २०.५ ओभरमा सन्दीप रिजाललाई विकेटपछाडि क्याच आउट र सहदाव आलमलाई २४.१ ओभरमा बोल्ड गर्न सफल भए ।

आर्मी २७ ओभरमै अलआउट

पहिलो ब्याटिङ गरेको आर्मीले स्पिनर सूर्यको घातक बलिङको सामना गर्न सकेन । आर्मी २७.१ ओभरमा ९७ रनमै समेटियो । प्रत्युत्तरमा सहज लक्ष्य पछ्याएको बागमतीले २२.१ ओभरमा सात विकेटको क्षतिमा १०३ रन जोड्दै जित निकाल्यो । बागमतीको जितमा दुई ब्याट्सम्यानले समान २१ रनको योगदान दिए । अशोक पौडेल र प्रतिश जिसीले समान २१ रन जोडेका हुन् । अशोकले ३० बलमा दुई चौका र एक छक्का प्रहार गरे । प्रतिशले २४ बलमा समान एक चौका र छक्का प्रहार गरे । यसैगरी इशान पाण्डेले १२ र विकेटकिपर ब्याट्सम्यान रविन जोशीले १२ रन योगदान दिए । कप्तान रित गौतम ४ रनमा आउट भए ।

बागमतीले इनिङ्सको सुरुवाती छैटौँ बलमै विकेट गुमाएको थियो । आर्मीका लागि राष्ट्रिय टोलीका फास्टबलर सोमपाल कार्मीले सात ओभरमा २६ रन खर्चेर तीन विकेट लिए । साहव आलमले ४५ रन खर्चेदै दुई विकेट लिए । जितेन्द्र मुखियाले १६ रनमा दुई विकेट लिन सफल भए ।

कर्णाली ६० रनले विजयी

भैरहवा/ प्रतियोगिताअन्तर्गत बुधबार भैरहवामा भएको खेलमा कर्णालीले लुम्बिनीलाई ६० रनले हराएको छ । सिद्धार्थ रंगशालामा पहिलो ब्याटिङ गरेको कर्णालीले ४५ ओभरमा नौ विकेट गुमाएर १८४ रन बनाएको थियो । प्रत्युत्तरमा लुम्बिनी ४१.२ ओभरमा १२४ रनमा समेटियो । कर्णालीको ब्याटिङमा दिनेश अधिकारीले ५९ बलमा ६ चौका र दुई छक्काको सहयोगमा सर्वाधिक ५९ रन जोडे । दीपेन्द्र रावतले ६९ बलमा ४७ र हिमांशु शाहीले २५ रन बनाए । बलिङमा लुम्बिनीका निर्मल गुरुङले तीन र अभिषेक गौतमले तीन विकेट लिए । प्रत्युत्तरमा लुम्बिनीका लागि कृष्ण कार्कीले सर्वाधिक ४७ रन जोडे । ओपनर मर्निल गुरुङले २२ रन बनाए । मध्यक्रमका ब्याट्सम्यानले फितलो प्रदर्शन गर्दा लुम्बिनी इनिङ्सको एक समय ३१-५ को अवस्थामा रह्यो ।

आर्मीको फितलो ब्याटिङ

विनोद भण्डारीको कप्तानीमा क्रिजमा ओर्लेको आर्मीले बागमतीविरुद्ध फितलो ब्याटिङ गऱ्यो । ओपनर इमरान शेखले पाँच र सन्तोष कार्कीले ८ रनको योगदान दिए । इनिङ्सको ४.३ ओभरमा आर्मी २०-२ को अवस्थामा रह्यो । त्यसपछि सोमपालले तेस्रो क्रममा ब्याटिङ गर्ने अवसर पाए । तर, नौ बल सामना गरेका सोमपाल शून्यमा आउट भए ।

कप्तान विनोदले सर्वाधिक ४० रन जोडे । उनले चार चौका प्रहार गरेका थिए । विवेक यादवले १८ रनमा एक चौकाको सहयोगमा ११ रन बनाए । आर्मीका सात ब्याट्सम्यानले दोहोरो रन नै बनाएनन् ।

पाँच खेलाडी पिपल्स च्वाइसमा मनोनयन

नयाँ पत्रिका

एनएसजेएफ पल्सस स्पोर्टस् अवार्ड, २०७९ अन्तर्गत पिपल्स च्वाइस विधामा पाँच खेलाडी मनोनयनमा परेका छन् । फुटबलका डिफेन्डर अनन्त तामाङ र भलिबलकी स्पाइकर निरुता ठगुन्नासहित पाँच खेलाडी पिपल्स च्वाइस अवार्डको मनोनयनमा परेको बुधबार नेपाल खेलकुद पत्रकार मञ्चले जानकारी दिएको हो । मनोनयनमा करँतेका विप्लवलाल श्रेष्ठ, टेबलटेनिसकी सिक्का सुवाल श्रेष्ठ र शारीरिक सुगठनकी रजनी श्रेष्ठ परेका छन् ।

फुटबलका अनन्तले आफ्नो कप्तानीमा चर्च ब्वाइज युनाइटेडलाई ए डिभिजन लिगको डेब्यु सिजनमै च्याम्पियन बनाएका थिए । गत महिना दशरथ रंगशालामा भएको नेपाल सुपर लिगमा ललितपुर सिटी एफसीलाई उपाधि उनले दिलाएका थिए । यी दुवै लिगमा उनी सर्वोत्कृष्ट खेलाडी चुनिएका थिए ।

यसैगरी, करँतेका विप्लवलालले इन्डोनेसियाको जाकार्तामा सम्पन्न विश्व सितोरियो करँते च्याम्पियनसिपमा रजत पदक हात पारेका थिए । गत असोजमा चीनको हाङझाउमा भएको १९औँ एसियाली खेलकुदमा दुई बाउट जित्न सफल भएका थिए । भलिबलमा निरुता काभा महिला भलिबल च्यालेन्ज कपमा कांस्य विजेता भएकी थिइन् । उनी केशवलाल स्मृति महिला भलिबल प्रतियोगिताकी सर्वोत्कृष्ट खेलाडी बनेकी थिइन् । शारीरिक सुगठनकी रजनी नेपालमै सम्पन्न एसियन बडी बिल्डिङ च्याम्पियनसिपमा ५५ केजीमाथि तौल समूहकी स्वर्ण विजेता हुन् ।

शारीरिक सुगठन खेल पुरुष खेलाडीका लागि मात्र हो भन्ने मान्यतालाई चिर्दै रजनी नेपाललाई अन्तर्राष्ट्रिय मञ्चमा चिनाउन सफल भएकी छिन् । टेबलटेनिसकी सिक्का डबल्समा राष्ट्रिय च्याम्पियन र स्ट्याग ग्लोबल च्याम्पियन्स लिगकी विजेता हुन् ।



विजेताको टुंगो भोटिङबाट

यस विधाको विजेता इसेवा भोटिङ, मञ्चका सदस्यको मत, सामाजिक सञ्जालको मत र २७ खेलका प्रमुख प्रशिक्षकको मतका आधारमा हुनेछ । इसेवाको मतभार ५० प्रतिशत, सामाजिक सञ्जालको मतभार २५ प्रतिशत, नेपाल ओलम्पिक कमिटीमा आबद्ध २७ राष्ट्रिय खेल संघका मुख्य प्रशिक्षकको मतभार १२.५ प्रतिशत र मञ्चका सदस्यको मतभार १२.५ प्रतिशत हुने मञ्चका महासचिव प्रज्जव ओलीले जानकारी दिएका छन् ।

यसैबीच, इसेवाका चिफ बिजनेस अफिसर आशिष गौतम र मञ्चका अध्यक्ष दुर्गानाथ सुवेदीले सम्झौतापत्रमा हस्ताक्षर गरेका छन् । अवार्डका अन्य विधामा वर्ष उत्कृष्ट पुरुष खेलाडी, वर्ष उत्कृष्ट महिला खेलाडी, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उत्कृष्ट युवा खेलाडी र पारा एथलिट सम्मान, स्पेसल अवार्ड, लाइफटाइम एचिभमेन्ट अवार्ड र एसियन स्पोर्टस् जर्नालिस्ट अवार्ड रहेका छन् ।

मधेश प्रदेश सभा सचिवालय

जनकपुरधाम, धनुषा

सूचना

मधेश प्रदेश सभाको छैटौं वार्षिकोत्सव समारोह मिति २०८०/१०/२१ मा मनाउने भएकोले उक्त समारोहमा यस प्रदेशभित्र रहेका सामुदायिक/निजी माध्यमिक विद्यालय तह (कक्षा ९ देखि १२ सम्म) अध्ययनरत छात्र-छात्राहरुलाई "संघीयता सबलीकरणमा मधेश प्रदेशको भूमिका" शीर्षकमा ५०० (पाँच सय) शब्दमा नबढ्ने गरी मिति २०८०/१०/१५ गते भित्र आ-आफ्नो विद्यालयबाट विद्यार्थीको नाम, कक्षा, ठेगाना र सम्पर्क नम्बर सहितको विवरण खुलाई कभरिङ लेटरसहित सहभागी विद्यार्थीहरुले लेखेको निबन्ध संलग्न राखी यस सचिवालयको इमेल ठेगाना provinceassemblyp2@gmail.com मा पठाई दिनुहुन जानकारीको लागि अनुरोध छ ।

उक्त प्रतियोगितामा सहभागी हुनेहरु मध्ये प्रथम स्थान प्राप्त गर्नेलाई नगद रु. २१,०००।- (एक्काईस हजार मात्र), द्वितीय स्थान प्राप्त गर्नेलाई नगद रु. १५,०००।- (पन्ध्र हजार मात्र) र तृतीय स्थान प्राप्त गर्नेलाई नगद रु. ११,०००।- (एघार हजार मात्र) पुरस्कार सहित प्रमाणपत्र दिइनेछ । साथै प्रथम द्वितीय र तृतीय स्थान प्राप्त गर्ने सहभागीहरुलाई उक्त कार्यक्रममा निबन्ध वाचनसमेत गर्नुपर्ने व्यहोरा सूचित गरिन्छ ।

मधेश प्रदेश सभा सचिवालय

Government of Nepal (GoN)

Ministry of Forests and Environment

Building a Resilient Churia Region in Nepal (BRCRN)

Provincial project Management Unit (PPMU)

Bagmati Province, Sindhuli

(BRCRN, Sinhduli)

Notice for Standing List for Develop/revise/renew of Forest Management Operational Plan (FMOP) of Bagmati Province.

Date of Publication: 2080/10/4

The GoN has received a grant from Green Climate Fund (GCF) toward the cost of BRCRN. To accomplishing the Project, **Provincial Project Management Unit, Bagmati, Sindhuli (BRCRN, Sindhuli)** requires the service of the **Consulting firm** to Develop/revise/renew of 12 Forest Management Operational Plans (FMOPs) under the working area of BRCRN Sindhuli in Sidhuli District of Bagmati Province. To accomplish the project, **BRCRN, Sindhuli** invites the interested and eligible consulting firm to enlist in the standing list as per the provisions made in the Public Procurement Regulation, 2064., Rule 18. For TOR and detail information visit BRCRN Babarmahal website **www.brcrn.gov.np**.

All interested and eligible firms are requested to submit their applications along with the following documents by hand at office adress or by email at brcrnsindhuli@gmail.com to get enlisted in the standing list on or before 2080/10/19 during office hours. BRCRN, Sindhuli shall prepare the standing list based on their prior experience in the related field and will issue the request for proposal(RFP) document as per Public Procurement Regulation, 2008, Rule No 72.

The interested consulting firm may obtain further information from PPMU, Sindhuli Office (Contact no: 047-521316, 047-521318).

Requirements for enlistment

- Signed aapplication letter
- PAN/VAT Registration document
- Tax Clearance document for F/y 2079/80
- Curriculum Vitae of the Experts
- Summary of firm's specific experience within last 7 years in the provided format.

खेल संक्षेप

अन्तर्राष्ट्रिय स्क्राबल आजदेखि

काठमाडौं/ स्क्राबल क्लबको आयोजना तथा ब्राइट फ्युचर माविको सहआयोजनामा चौथो अन्तर्राष्ट्रिय स्क्राबल प्रतियोगिता बिहीबारदेखि सुरु हुने भएको छ । ब्राइट फ्युचरका निर्देशक मोहनकुमार कार्कीले प्रतियोगितामा नेपाल, भारत, श्रीलंका र अमेरिकाबाट ३८ खेलाडीको सहभागिता रहेको बताए । स्क्राबल क्लबका अध्यक्ष केशवप्रसाद पराजुलीका अनुसार अमेरिकाका खेलाडीले शिक्षकलगायतको सहभागिता रहने साइड इभेन्टमा प्रतिस्पर्धा गर्नेछन् । यू-१६ उमेर समूहको मुख्य प्रतिस्पर्धामा शीर्ष तीन स्थान रहने टोली पुरस्कृत हुनेछन् । पहिलोले १० हजार, दोस्रोले ६ हजार र तेस्रो हुने टोलीले ४ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

भारत र भुटानका क्लब सहभागी हुने

काठमाडौं/ राष्ट्रिय युवा संघ नेपालले ११ देखि १९ फागुनसम्म केपी ओली कप २०८० गर्ने भएको छ । खेलमा नेपालका 'ए' डिभिजन लिगका क्लब र विदेशी क्लब सहभागी हुने अध्यक्ष क्षितिज थेबेले बुधबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिएका छन् । प्रतियोगितामा भारत र भुटानका क्लब पनि सहभागी हुने अध्यक्ष थेबेले बताए । खेलकुद र मनोरञ्जनमार्फत युवाहरूमाझ प्रवाभकारी ढंगले कुरा राख्न सकिने भएकाले प्रतियोगिता आयोजना गर्न लागिएको उनको जनाए । एमाले पोलिटब्युरो सदस्य तथा युवा संघका इन्चार्ज महेश बस्नेतले युवा संघले गर्न लागेको यस्ता प्रतियोगिताले समाजमा सकारात्मक सन्देश दिन बताए ।

पुलिस सेमिफाइनलमा



रोहितराज पराजुली/ नयाँ पत्रिका

नेपाल एपिएफ क्लब, त्रिभुवन आर्मी, नेपाल पुलिस र न्यु डायमन्ड स्पोर्टस् क्लब चौथो टाइगर कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्लब च्याम्पियनसिप भलिबल प्रतियोगिताको महिलातर्फ सेमिफाइनलमा पुगेका छन् । पुरुषतर्फ एपिएफ र श्रीलंकाको आर्मी टोली पनि अन्तिम चारमा पुगेका छन् । बुधबार भएको खेलमा गण्डकी, हेल्प नेपाल स्पोर्टस् क्लब र भारत हरियाणाको टोली महिलातर्फको स्पर्धाबाट बाहिरिएका छन् । पुरुषतर्फ पुलिस क्लब पनि बाहिरियो । महिलामा गण्डकी र हरियाणा खेलमा पराजित भए । पुलिस अंकका आधारमा प्रतियोगिताबाट बाहिरिएको हो ।

महिलातर्फ समूह चरणको पहिलो खेलमा एपिएफले गण्डकीलाई ३-० को सोझो सेटमा पराजित गरेको थियो । न्यु डायमन्डले हरियाणालाई ३-० ले निराश बनायो । समूह 'ए'बाट एपिएफ पाँच र समूह 'बी'मा न्यु डायमन्ड ६ अंकका साथ समूह विजेता बनेका हुन् । समूह 'ए'मा पुलिस ४ र समूह 'बी'मा आर्मी २ अंकका साथ उपविजेता बनेका थिए ।

प्रतियोगिताको बिहीबार फाइनल प्रवेशका लागि एपिएफ र आर्मीबीच खेल हुनेछ । अर्को सेमिफाइनलमा न्यु डायमन्डले पुलिसविरुद्ध भिड्नेछ । पुरुषतर्फ पुलिसले श्रीलंकाको टोलीलाई ३-१ को सेटमा पराजित गऱ्यो ।

घरेलु टोली गण्डकी र हेल्प नेपालबीच निकै प्रतिस्पर्धात्मक खेल भयो । गण्डकीले हेल्प नेपाललाई ३-२ ले हरायो । पहिलो चार सेट २-२ को बराबरी भएको थियो । पुरुषतर्फको समूह 'ए'अन्तर्गत गण्डकी र आर्मीबीच खेल बाँकी छ । यस खेलपछि अन्तिम चारमा पुग्ने एक टोलीको छिनोफानो हुनेछ ।

अलराउन्डर हुसेनलाई दुई वर्ष प्रतिबन्ध

एजेन्सी

बंगलादेशका अलराउन्डर नासिर हुसेनलाई एन्टी करप्सन संहिता उल्लंघन गरेको आरोपमा दुई वर्ष प्रतिबन्ध लगाइएको छ । २०२३ सेप्टेम्बरमा आइसिसीले लगाएका तीन आरोप हुसेनले स्वीकार गरेपछि उनलाई ६ महिनाको निलम्बनसहित दुई वर्ष प्रतिबन्ध लगाइएको हो । हुसेनलाई २०२०/२१ अबुधाबी टी-१० लिगमा इमिरेट्स क्रिकेट बोर्डको भ्रष्टाचारविरोधी संहिता उल्लंघन गरेको भन्दै आइसिसीले सबै प्रकारका क्रिकेटबाट दुई वर्ष प्रतिबन्ध लगाएको जनाएको छ । आइसिसीको विज्ञप्तिअनुसार हुसेन ७ अप्रिल २०२५ मा अन्तर्राष्ट्रिय क्रिकेटमा फर्कनेछन् ।

सेप्टेम्बर २०२३ मा पुने डेभिल्स फ्रेन्चाइजको आरोपित आठ व्यक्तिमध्ये हुसेन एक हुन् । फ्रेन्चाइज लिगमा हुसेन उपहारको प्रलोभनमा परेको आइसिसीले ठहर गरेको छ । जसमा उनले आइफोन १२ पाएका थिए । हुसेनले बंगलादेशका लागि १९ टेस्ट, ६५ एकदिवसीय र ३१ अन्तर्राष्ट्रिय टी-२० खेलिसकेका छन् । हुसेनले बंगलादेशका लागि २०११ देखि २०१८ सम्म खेल्दा समग्रमा दुई हजार ६ सय ९५ रन र ३९ विकेट लिए ।

हुसेनले लिग चलिरहँदा अपरिचित व्यक्तिबाट उपहार लिएका थिए । अनुसन्धानका क्रममा उनले अनुसन्धान कमिटीलाई सहयोग गरेको आइसिसीले जनाएको छ । महँगा गिफ्ट लिए पनि हुसेनले आइसिसीको २.४.३ अनुसार यस सम्बन्धमा एन्टी करप्सन अफिसरलाई जानकारी दिएनन् ।

सन् २०२०/२१ मा अबुधाबीमा भएको टी-१० लिगमा अपरिचित व्यक्तिबाट महँगो गिफ्ट लिएको स्विकारेपछि बंगलादेशी अलराउन्डर हुसेन प्रतिबन्धित



टोखा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी, काठमाडौं ।

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मितिः २०८०/१०/०४ गते (Jan.18, 2024)

यस कार्यालयबाट विभिन्न मितिमा विभिन्न राष्ट्रिय दैनिक पत्रिका, यस कार्यालयको वेबसाइटः http://www.tokhamun.gov.np/ र सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय बोलपत्रको पोर्टलः https://bolpatra.gov.np/egp/ मा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार तपशिलको कार्यको लागि निम्न बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

ठेक्का नं	निर्माण कार्यको विवरण	बोलपत्रदाताको नाम	कबोल अंक (VAT /PS बाहेक रू.)
10/NCB/TM/ W/2080-081	Saibaba Chowk dekhi Bishnumati chapako (Sayako) Dobhan Sadak Upgrade, Ward-3	Khandadevi-Royal-Bishwojyoti J/V, Kathmandu	२,०८,७७,२००/०३
12/NCB/TM/ W/2080-081	Bhatkeko Pool Villi Panchetar Road Upgrade, Tokha 2 and 3	Binaya Nirman Sewa, Kathmandu	४०,०३,०४८/४०
13/NCB/TM/ W/2080-081	Ward vitraka Sadak Marmattatha Sadak Overlay ra Samudayak Bhawanhudai Omshanti Muni Sadka Kalopatray, Ward-11	Smriti & Company Pvt. Ltd., Dullu-8, Dailekh	१७,८०,४४६/००
15/NCB/TM/ W/2080-081	Road Upgrade and Entrance Gate Construction of Tokha Nagarpalika, Ward-07	Specs Nepal Pvt. Ltd., Tokha-8, Kathmandu	७१,४५,२७६/७५

प्रमुख प्रशासकीय अधिकृत

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com